# महिलामाथि हुने हिंसाको यथार्थता

# अन्वेषी

२०८१

# अन्वेषी

## महिला माथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन
## प्रतिवेदन २०८१

WOREC

ओरेक नेपाल
बालकुमारी, ललितपुर

अन्वेषी
२०८१

# अन्वेषी

**महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन**
**२०८१**

**© ओरेक नेपाल**

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरू महिला हिंसा विरुद्धको लागि गरिने कुनै पनि अभियानको प्रयोजनको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ।

संयोजन : सुलोचना खनाल
लेखन तथा विश्लेषण : अधिवक्ता विनिता पाण्डे/सुलोचना खनाल
तथ्याङ्क प्रशोधनः श्रीती साउद, अन्जना पौडेल
सम्पादनः कमला पोखरेल
लेआउट : पेन्टाग्राम प्रा. लि.
आर्थिक सहयोग : FONDATION CHANEL

**प्रकाशन**
ओरेक नेपाल
पो.ब.नं. १३२३३, काठमाण्डौ, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org
ISBN : 978-9937-9645-1-7

**साजसज्जा**
पेन्टाग्राम प्रा. लि.
+९७७ १ ५४४८१८०
business.pentagram@gmail.com

नेपाल सरकार
Government of Nepal

माननीय नवल किशोर साह सुडी
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Nawal Kishore Sah Sudi
Minister
Ministry of Women, Children and Senior Citizen
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

# शुभकामना

ओरेक नेपालले महिला हिंसा विरुद्ध वर्ष पुस्तकको रुपमा अन्वेषीको प्रकाशन गर्दै आएकोमा खुशी लागेको छ । महिलामाथि हुने हिंसाको अन्त्य विना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन । महिला विरुद्धको हिंसा मानव अधिकारको उल्लंघन हो । त्यसैले देशमा मानव अधिकारको सम्मान, दिगो विकासलाई साकार पार्न महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य हुन अत्यन्त आवश्यक छ ।
समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्य मान्यता र सोँच नै महिला माथि हुने हिंसाको प्रमुख कारक तत्त्व हो । जसको कारण वर्षेनी हजारौं महिलाहरू विभिन्न स्वरुप र आयाममा हिंसा खेप्न बाध्य बनाइएका छन् । महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन् । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । हिंसा प्रभावितलाई नै हिंसाको जिम्मेवार बनाउने पितृसत्तात्मक सामाजिक संरचना भएको हाम्रो समाजमा आफुमाथि भएको हिंसाको घटनालाई बाहिर ल्याउनु त्यति सहज छैन । यद्यपि आफुले भोगेको हिंसा अन्य महिलाहरुले भोग्नु नपरोस् भन्ने उद्देश्यले घटनाहरु जानकारी गराउने र न्यायका लागि पहल गर्नुहुने सम्पूर्ण महिलाहरु प्रति महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

महिलामाथि भएका विभिन्न स्वरुपका हिंसाको बहुपक्षीय अध्ययन तथा विश्लेषण तयार गरी सबै सरोकारवाला निकायहरुलाई थप जवाफदेही र उत्तरदायी बन्नका लागि प्रेरित गरेकोमा ओरेकलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा संस्थाका यस्ता कार्यले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्याय सुनिश्चितताका लागि योगदान गर्नेछ भन्ने आशा लिएको छु । महिला माथि हुने हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तरीयता कायम रहने अपेक्षा सहित पुस्तकमा उठाइएका विषयवस्तुको सम्बोधनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

मा.मन्त्री नवल किशोर साह सुडी
मन्त्री

मिति:२०८१/०८/०५

नवल किशोर साह सुडी
महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

मिति:

## शुभकामना सन्देश



ओरेक नेपालले महिला हिंसा बिरुद्धको अभिलेखीकरणलाई बर्ष पुस्तकको रूपमा ·अन्वेषी· नियमित रूपमा प्रकाशन गर्दै आएकोमा खुशी लागेको छ । लैङ्गिक हिंसा विश्वव्यापी र जटिल समस्याको रूपमा विद्यमान छ, यो समस्याबाट नेपाल पनि अछुतो छैन । लैङ्गिक हिंसाको अन्त्य बिना सामाजिक न्याय र दिगो विकासको स्थापना हुन सक्दैन । जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिला बिरुद्धको हिंसा महिलाको मानव अधिकारको उल्लङ्घन हो । त्यसैले महिलाको मानव अधिकारको रक्षा, सम्मान र दिगो विकासलाई मूर्त रूप दिनका लागि पनि महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य हुनु आवश्यक छ ।
लैङ्गिक हिंसाको प्रमुख कारक तत्व समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक सोच र कतिपय सामाजिक मूल्य मान्यता रहेको कुरा धेरै घटनाहरूबाट देखिएको छ । जसको कारण बर्षेनी हजारौं महिला, बालबालिका र फरक लिङ्गीहरू विभिन्न स्वरूप र आयाममा हिंसा खेप्न बाध्य छन् । तर पनि ती हिंसाका सबै घटनाहरू सार्वजनिक रूपमा बाहिर आउन सकेका छैनन् । त्यस्तो अवस्थामा ओरेकबाट हिंसा भोगेका तर न्यायमा पहुँच नपुगेका महिलाहरूको घटनालाई दस्तावेजीकरण गरी प्रकाशनमा ल्याउने जमर्को ·अन्वेषी· मार्फत गरिएको छ, जसबाट समाजमा विद्यमान महिला हिंसाका घटना र त्यसले पारेको असर सार्वजनिक गर्नमा विशेष भूमिका खेलेको छ । हिंसा प्रभावित महिला तथा किशोरीहरूले भोगेको हिंसा अन्य महिला तथा किशोरीहरूले भोग्नु नपरोस् भन्ने उद्देश्यले घटनाहरू सार्वजनिक गर्न ·अन्वेषी· को माध्यमबाट गरेको प्रयास सराहनीय छ ।

महिलामाथि भएका विभिन्न स्वरूपका हिंसालाई बहुपक्षीय ढङ्गबाट अध्ययन तथा विश्लेषण गरी तयार पारिएको यस ·अन्वेषी· ले सरोकारवाला निकायहरूलाई पैरवीको आधार निर्माण गर्न र सेवा प्रदायक निकायलाई जवाफदेही र उत्तरदायी बन्नका लागि प्रेरणा दिने छ भन्नेमा विश्वस्त छु र यसका लागि ओरेक नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु । लैङ्गिक हिंसा अन्त्यका लागि उपचारात्मक शैलीबाट मात्र नभई महिला उपर कुनै पनि किसिमका विभेद, दुर्व्यवहार र हिंसापूर्ण कार्य नै नगर्ने र नहुने वातावरणका लागि विभिन्न किसिमका प्रवर्द्धनात्मक कार्यहरू सहित आगामी दिनमा पनि संस्थाले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्यायको सुनिश्चितताका लागि निरन्तर भूमिका निर्वाह गरिरहनेछ भन्ने विश्वास लिएकी छु । लैङ्गिक हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तरीयता कायम रहने अपेक्षा सहित पुस्तकमा उठाइएका विषयवस्तुको सम्बोधनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कमला पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग

मिति: २०८१।०८।०५

# प्रकाशकीय

महिला हिंसाको यथार्थ चित्रण प्रस्तुत् गरी सरोकारवाला निकाय तथा अन्य सम्बन्धित पक्षहरुलाई आवश्यकता अनुसारको सम्बोधनका लागि जिम्मेवार बनाउन दबाब पुऱ्याउने उद्देश्यले संस्थाले सन् २००८ देखि महिला हिंसा विरुद्धको वर्ष पुस्तक 'अन्वेषी' निरन्तर रुपमा प्रकाशन गर्दै आइरहेको छ । महिला माथि हुने हिंसाको विभिन्न स्वरुपहरु, यसका बहुपक्षिय असरहरुको अध्ययन तथा विश्लेषणवाट हिंसाले महिलाको सिङ्गो जीवनमा मात्र नभई परिवार, समाज तथा राष्ट्रलाई पारेको असरलाई केलाउने प्रयास यस पुस्तकले गरेको छ । महिला हिंसाको अवस्थाको तथ्याङ्किय व्यवस्थापन गरी अवस्था पहिचान तथा सम्बोधनका लागि तथ्यगत पैरवी गर्न यो पुस्तक सहयोगी हुने विश्वास गरेका छौं ।

संरचनागत विभेदको प्रमुख जडको रुपमा रहेको महिला माथि हुने हिंसा सामाजिक अपराध हो । समाज विकासको मुख्य वाधक हो । मानव जीवन २१ औं सताब्दीको उत्कर्षमा रमाइरहँदा नेपाली महिला अहिले पनि दोस्रो दर्जाको अवस्थाबाट माथि आउन सकिरहेका छैनन् । देशको राज्य व्यवस्थाका स्वरुपहरु पटक पटक फेरिए पनि महिलालाई हेर्ने दृष्टिकोण फेरिन सकेको छैन । जसका कारण महिला हिंसाका घटनाहरु सहज रुपमा बाहिर आउन  र सम्बन्धित निकायसम्म पुग्न सकेको छैन । सदियौंदेखि रहेको पितृसत्तात्मक संरचना  र त्यसबाट निर्देशित सामाजिक व्यवस्था र स्थापित विभेदपूर्ण सामाजिक मूल्य मान्यताहरुको आधारमा महिलाहरु घरपरिवार, समाज र राज्यका सबै तहमा हिंसा खेप्न बाध्य छन् । महिलाले घरपरिवार तथा समाजमा गरेको कार्य तथा योगदानको मूल्याङ्कन  हुन सकेको छैन । महिला माथि हुने हिंसालाई सामान्यिकरण गरिने कारण महिलाले आफु माथि भएको हिंसा विरुद्धमा बोल्न ठूलै साहस जुटाउनु पर्ने अवस्था विद्यमान छ भने न्याय पाइन्छ भन्ने विश्वास न्यून छ ।

यस वर्ष संस्थामा १३९३ वटा महिला हिंसाका घटनाहरुको अभिलेखिकरण भएको छ। जसमा सबैभन्दा बढी  (६५ प्रतिशत) ९११ जना घरेलु हिंसाबाट प्रभावित रहेका छन् । यसले महिलाहरु सबै भन्दा बढी सुरक्षित ठानिएको घर र आफ्ना नजिकका सम्बन्धहरुबाट नै हिंसाको उच्च जोखिममा

रहेको यथार्थतालाई उजागर गरेको छ । यसैगरी महिलाहरुको घरेलु श्रम तथा सेवामूलक कामको मान्यता नभएका कारण ५२० जना महिला माथि हिंसा भएको तथ्याङ्क अभिलेखन भएको छ । यसले महिलालाई बनाएको आर्थिक परनिर्भरता र यसका कारण हिंसाको श्रृङ्खला सहन बाध्य बन्नु परेको अवस्थालाई उजागर गरेको छ । यसैगरी युवा उमेर समूहका महिलाहरु हिंसाबाट बढी प्रभावित रहेका देखिन्छन् । अभिलेखन भएका घटनाहरु मध्ये ७६ प्रतिशत प्रभावित विवाहित महिला रहेको अवस्था छ । यसले महिलाको शरीर माथि पुरुषको नियन्त्रणको अवस्थालाई स्पष्ट देखाएकोछ । महिलाको वैवाहिक जीवनलाई सम्मानजनक र हिंसा रहित बनाउन वैवाहिक सम्बन्ध र यससँग जोडिएका सामाजिक परम्परागत मूल्यमान्यता तथा व्यवहारहरुमा सोचगत रुपान्तरण हुन आवश्यक देखिन्छ ।

हरेक नागरिकले आत्मसम्मानका साथ हिंसा रहित जीवन बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो । सुरक्षित वातावरणमा हिंसामूक्त जीवन सुनिश्चित गर्नु राज्यको दायित्व हो । आफु माथिको अन्याय विरुद्ध आम नागरिकले आवाज उठाउन सक्ने बनाउनु र न्यायका लागि तत्काल सम्बोधन गर्ने प्रावधान ल्याउने दायित्व पनि राज्यको नै हो । हिंसा प्रभावितहरुको सहयोगका लागि व्यवस्था भएका संयन्त्रहरु प्रभावित केन्द्रित हुन आवश्यक छ । जसले गर्दा प्रभावितले आत्मसम्मानका साथ आफ्नो जीवन यापनलाई सहज रुपमा अगाडि बढाउन सक्छन् । परिवर्तनका सम्वाहकका रुपमा समाज रुपान्तरणको अगुवाई गर्न सक्छन् । हिंसा विरुद्धको शून्य सहनशिलता साथै ढिलो न्याय न्याय नै होईन भन्ने अवधारणालाई अक्षरसः अङ्गिकार गरी न्यायिक प्रकृयाका सम्पूर्ण चरणहरु उजुरी, अनुसन्धान, अदालती प्रकृया तथा फैसला कार्यान्वयनलाई समेत चुस्त, दुरुस्त तथा प्रभावितमैत्री बनाउन आवश्यक छ । यसै गरी स्वतन्त्र र सम्मानजनक रुपमा बाँच्न पाउने संबैधानिक हक तथा मौलिक हकको रुपमा रहेको समानता, न्याय तथा महिलाको हक, सामाजिक न्यायको हक लगायतका मौलिक हकको कार्यान्वयनको सुनिश्चितताका लागि सामाजिक रुपान्तरणको सशक्त अभियान सञ्चालन गर्न अपरिहार्य छ ।

सामाजिक तथा नीतिगत रुपमा रहेका विविध अप्ठ्याराहरुको सामना गर्दै महिला हिंसाको विरुद्धको अभियानलाई सशक्त बनाई कार्य गर्नु आफैंमा चुनौतीपूर्ण छ । यसैगरी हिंसाको घटनाको अभिलेखन अर्को जटिल कार्य हो । यसका वावजुद महिला हिंसाका विरुद्धको आन्दोलनमा अहोरात्र खटिनु हुने महिला मानव अधिकार रक्षक तथा संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरुको प्रयास तथा मेहनतले नै यो पुस्तक यो रुपमा आउन सफल भएको हो । यसका लागि तपाईहरुलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

साथै, महिला हिंसाका घटनाहरूलाई गोपनीयता र संवेदनशील तरिकाले दस्तावेजीकरण गर्न सघाउ पुऱ्याउनु हुने ओरेकका सम्पुर्ण शाखा कार्यालयका तथ्याङ्क व्यवस्थापन शाखामा रहेर कार्य गर्ने सहकर्मी मित्रहरुलाई हामी धन्यवाद दिन चाहन्छौ । साथै महिला हिंसाका घटनाहरू अभिलेखीकरण तथा प्रभावितका न्यायका लागि सक्रिय भुमिका निर्वाह गरिरहनु भएको सम्पुर्ण जिल्लाका संयोजकहरू, कार्यक्रम अधिकृतहरू, सामाजिक परिचालकहरू, मनोविमर्शकर्ताहरु प्रति संस्था आभार प्रकट गर्दछ । यस पुस्तकमा तथ्याङ्क प्रशोधनमा विशेष भुमिका निर्वाह गर्नुहुने ओरेक केन्द्रिय कार्यालयका श्रीती सावद र अन्जना पौडेललाई संस्था धन्यवाद ज्ञापन गर्दछ । यस पुस्तक तयारीका लागि संयोजनको भूमिका निर्वाह गर्नुहुने ओरेक निमित्त कार्यक्रम व्यवस्थापक सुलोचना खनाल र  कार्यकारी निर्देशक सुनिता मैनालीलाई विशेष धन्यवाद दिन चाहन्छु । यस्तै गरी यस पुस्तकको सम्पादन गर्नुहुने ओरेकका कार्यक्रम संयोजक कमला पोखरेल र पुस्तक लेखन तथा विश्लेषण गर्न सहयोग गर्नुहुने अधिवक्ता विनिता पाण्डेलाई धन्यवाद दिन चाहन्छु ।

माथि उल्लेख गरीएका व्यक्तिहरूबाहेक पनि अन्य थुप्रै व्यक्तिहरूको सहयोग र सहकार्यका कारण यो प्रतिवेदन तयार भएको हो । यसर्थ यस पुस्तक तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरूलाई ओरेक धन्यवाद दिदै हार्दिक आभार प्रकट गर्न चाहन्छ ।

अन्त्यमा, व्यवस्थित र तथ्यगत प्रमाणको आधारमा सम्बन्धित नीति निर्माण तह तथा निकाय लगायत समुदायलाई  अहिलेको अवस्था प्रति जिम्मेवार बनाई कार्य गर्न र हिंसा प्रभावितको सम्मानित तथा सहज जीवन यापनका लागि प्रभावितासँग सहकार्य गर्दै हिंसा अन्त्यको वातावरण निर्माण गर्न संस्थाले सुरु गरेको यस कार्यलाई विश्वास गरी आफ्ना जीवनकथा सुनाउनु हुने परिवर्तनका सम्वाहक सम्पूर्ण महिलाहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । हामी सम्पूर्णको साथ सहयोग विश्वास र ऐक्यबद्धताले महिलाको हिंसा रहित जीवन बाँच्न पाउने अधिकार सुनिश्चित हुनेछ ।

धन्यवाद !

सविता पोखरेल
अध्यक्ष, ओरेक

# विषयसूची


भाग १ १

परिच्छेद : १

(क) परिचय १

१.१ अन्वेषी १

१.२ महिला विरुद्धको हिंसा २

१.३ प्रभावितको न्यायमा पहुँच ४

१.४ घटना सङ्कलन अवधि र क्षेत्र ६

१.५ अध्ययनको सिमा ७

१.६ अध्ययन विधि ७

१.७ सूचना सङ्कलनमा एकरुपता ८

१.८ सूचना सङ्कलन ८

१.९ तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण ८

१.१० आचारसंहिताको पालना ८

परिच्छेद : २ १०

(क) कार्यगत परिभाषा १०

(ख) कार्यकारी सारांश : अध्ययनबाट प्राप्त नतिजाहरुको संक्षेपिकरण १४

भाग २

परिच्छेद ३ १५

**(क) अन्तरव्यक्तिगत हिंसा १५**

३.१.१ प्रभावितको उमेर १६

३.१.२ शिक्षा १७

३.१.३ वैवाहिक स्थिति १७

३.१.४ जात/जातियता १८

३.१.५ पेसा व्यवसाय १९

३.१.६ आरोपितसँगको सम्बन्ध २०

३.२ बलात्कार २५

३.२.१ प्रदेशगत विवरण २६

३.२.२ बलात्कारका प्रकार २६

३.२.३ प्रभावितको उमेर २७

३.२.४ शिक्षा २८

३.२.५ वैवाहिक स्थिति ३०
३.२.६ जात/जातियता ३०
३.२.७ पेसा व्यवसाय ३१
३.२.८ आरोपितसँगको सम्बन्ध ३३
३.२.९ प्रभावितलाई परेको असर ३४
३.३ यौन दुर्व्यवहार ४०
३.३.१ प्रदेशगत विवरण ४१
३.३.२ प्रभावितको उमेर ४२
३.३.३ शिक्षा ४३
३.३.४ वैवाहिक स्थिति ४४
३.३.५ जात/जातियता ४५
३.३.६ पेसा व्यवसाय ४६
३.३.७ आरोपितसँगको सम्बन्ध ४७
३.३.८ प्रभावितलाई परेको असर ४८

**(ख) घरेलु हिंसा** **५१**
३.४.१ प्रदेशगत विवरण ५१
३.४.२ घरेलु हिंसाका प्रकार ५४
३.४.३ प्रभावितको उमेर ५५
३.४.४ शिक्षा ५६
३.४.५ वैवाहिक स्थिति ५८
३.४.६ जात/जातियता ५९
३.४.७ पेसा व्यवसाय ६०
३.४.८ आरोपितसँगको सम्बन्ध ६१
३.४.९ प्रभावितलाई परेको असर ६२

**(ग) सामाजिक हिंसा** **६७**
**(अ) बालविवाह** **६७**
३.५.१ प्रदेशगत विवरण ६८
३.५.२ प्रभावितको उमेर ६९
३.५.३ शिक्षा ६९
३.५.४ जात/जातियता ७१

३.५.५ पेसा व्यवसाय ७२
३.५.६ प्रभावितलाई परेको असर ७३

**(आ) बहुविवाह** **७६**
३.६.१ प्रदेशगत विवरण ७७
३.६.२ प्रभावितको उमेर ७८
३.६.३ शिक्षा ७९
३.६.४ जात/जातियता ८०
३.६.५ पेसा व्यवसाय ८१
३.६.६ प्रभावितलाई परेको असर ८२

**(इ) दाइजोको कारणले हुने हिंसा** **८४**
३.७.१ प्रदेशगत विवरण ८५
३.७.२ प्रभावितको उमेर ८६
३.७.३ शिक्षा ८७
३.७.४ जात/जातियता ८९
३.७.५ पेसा व्यवसाय ९०
३.७.६ आरोपितसँगको सम्बन्ध ९१
३.७.७ प्रभावितलाई परेको असर ९२

**(ई) बोक्सीको आरोपमा हुने हिंसा** **९५**
३.८.१ प्रदेशगत विवरण ९६
३.८.२ प्रभावितको उमेर ९७
३.८.३ शिक्षा ९५
३.८.४ वैवाहिक स्थिति ९९
३.८.५ जात/जातियता १००
३.८.६ पेसा व्यवसाय १०१
३.८.७ आरोपितसँगको सम्बन्ध १०२
३.८.८ प्रभावितलाई परेको असर १०३

भाग ३
परिच्छेद ४ १०८
**(क) मानव बेचबिखन** **१०८**

४.१.१ प्रदेशगत विवरण १०९
४.१.२ प्रभावितको उमेर ११०
४.१.३ शिक्षा १११
४.१.४ वैवाहिक स्थिति ११२
४.१.५ जात/जातियता ११३
४.१.६ पेसा व्यवसाय ११४
४.१.७ आरोपितसँगको सम्बन्ध ११५
४.१.८ प्रभावितलाई परेको असर ११६

**(ख) महिला मानव अधिकार रक्षकहरुमाथि भएका हिंसा तथा जोखिम सम्बन्धी अवस्था अध्ययन सर्वेक्षण ११९**
४.२.१ हिंसाको प्रकार १२१
४.२.२ प्रदेशगत विवरण १२२
४.२.३ उमेरगत विवरण १२३
४.२.४ आफुमाथि भएको घटनाबारे जानकारी दिएको संयन्त्र १२४
४.२.५ प्रभावित र आरोपितको सम्बन्ध १२४
४.२.६ उजुरीको अवस्था १२५
४.२.७ अनलाईनमा भएका हिंसा १२६

**(ग) मनोरञ्जन क्षेत्रका श्रमिक माथि भएको हिंसा १३०**
४.३.१ प्रदेशगत विवरण १३०
४.३.२ हिंसा भएको संख्या र लैंगिक अवस्था २३१
४.३.३ हिंसाका प्रकार १३२
४.३.४ श्रमिकको कार्यस्थल १३३
४.३.५ उमेर २३४
४.३.६ पेसा व्यवसाय १३५
४.३.७ आरोपितसँगको सम्बन्ध १३६

**(घ) विपद्को समयमा घटेका महिला विरुद्धका हिंसा १३८**
४.४.१ हिंसाका प्रकार १३९
४.४.२ प्रभावितको उमेर १४०
४.४.३ शिक्षा १४०
४.४.४ वैवाहिक स्थिति १४१

४.४.५ जात/जातियता १४२
४.४.६ पेसा व्यवसाय १४३
४.४.७ आरोपितसँगको सम्बन्ध १४४
४.४.८ प्रभावितलाई परेको असर १४६
४.४ सञ्चार अनुगमन १४६
४.४.१ प्रदेशगत विवरण १४८
४.४.२ हत्याका प्रकार १४९

भाग ४
परिच्छेद ५ १५१
**(क) पीडकको पृष्ठभूमि** **१५१**
५.१.२ प्रदेशगत विवरण १५२
५.१.३ उमेर १५३
५.१.४ शिक्षा १५४
५.१.५ वैवाहिक स्थिति १५५
५.१.६ जात/जातियता १५६
५.१.७ पेसा व्यवसाय १५७

परिच्छेद ६ १६१
**हिंसा प्रभावितलाई उपलब्ध गराएको सेवाको विवरण**
६.१ सुरक्षा आवास र सेवा १६१
६.२ हटलाइन सेवामा आएका महिला हिंसाका घटना १६१

भाग ५
परिच्छेद ७ १६६
**निस्कर्ष तथा सुझावहरु** **१६६**

# परिच्छेद १

## परिचय

### १.१ अन्वेषी

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला मानव अधिकार तथा सामाजिक न्याय प्राप्तिका लागि तीन दशकदेखि निरन्तर क्रियाशील संस्था हो। यसले सन् २००८ देखि महिला माथि भएका हिंसाका घटनाहरूको तथ्याङ्क सङ्कलन गरी, खण्डिकृत विश्लेषण गर्दै वार्षिक रूपमा अन्वेषी प्रकाशन गर्दै आएको छ। अन्वेषी महिला माथि हुने हिंसाको यथार्थ झल्काउने तथ्यमा आधारित अनुसन्धानात्मक पुस्तक हो। ओरेकले अन्वेषी लेखन मार्फत तथ्याङ्क सङ्कलन र विश्लेषण गरी प्रमाणमा आधारित पैरवीका लागि आधार तयार गरेको छ। अन्वेषीमा आएका घटनाको अभिलेखीकरण तथा विश्लेषणबाट प्राप्त तथ्याङ्कले महिला माथि हुने हिंसाको वास्तविक अवस्था उजागर हुने हाम्रो विश्वास छ। साथै, यसले महिला विरुद्ध हुनै सबै प्रकारको हिंसा, भेदभाव, असमानता बारे गहिरो अध्ययन र विश्लेषण गर्न मद्दत पुऱ्याउँछ। तसर्थ, यस प्रतिवेदनको उद्देश्य तथ्याङ्क मार्फत् सरकारी निकाय र नीति निर्माताहरूलाई जिम्मेवार बनाउँदै महिला मानव अधिकार संरक्षण गर्न नयाँ सहयोगी तथा संरचनात्मक कार्यक्रम र कानूनी सुधारहरू, हिंसा प्रभावित महिलाहरुको आवश्यकता पहिचान गर्दै हिंसा रोकथाम, प्रतिकार्य, न्यूनिकरण गर्न सरोकार निकायहरुलाई दबाब दिनु रहेको छ।

अन्वेषी सुरुवात गर्दाको अवस्थामा महिला माथि हुने हिंसाका घटनाहरू व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने कुनै पनि सरकारी वा गैह्रसरकारी संयन्त्रहरू निर्माण भएको थिएन। त्यो परिस्थितिमा महिला माथि हुने हिंसाको घटनालाई अभिलेखीकरण तथा विश्लेषण गरी महिला

हिंसाको यथार्थ अवस्था प्रस्तुत गर्न अन्वेषी कोशेढुङ्गाको रूपमा रहेको थियो र हाल पनि छ। नेपालभरि सातै प्रदेशबाट हिंसाका घटनाहरू सङ्कलन गरी विश्लेषण गर्ने क्रममा समस्त घरपरिवार, समाज र राज्यलाई तथ्यका आधारमा महिला हिंसाको अवस्था छर्लङ्ग पार्दै संवोधनका लागि घचघच्याउने काम अन्वेषी प्रकाशनले सुरुवात कालदेखि गर्दै आएको छ। यसको निरन्तरता स्वरुप हाल अन्वेषी लेखनको यात्रा सत्रौं वर्ष पुगिसकेको छ। साथै, अन्वेषी प्रकाशनको साढे एक दशक भइसक्दा हाल भने नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग र विभिन्न गैह्रसरकारी संघसंस्थाले महिला माथि हुने हिंसाका घटनाहरू अभिलेख गरी बेला बखतमा तथ्याङ्क प्रकाशन गर्न थालेका छन् जुन कुरा स्वागतयोग्य रहेको छ। यस वर्ष ओरेकले पहिलेका वर्ष झैं अन्वेषीमा वार्षिक रुपमा सङ्कलन गरिएको महिला हिंसा सम्बन्धी तथ्याङ्कका साथै मानव बेचविखनको मुद्धामा विगत लामो समयदेखि काम गर्दै आएको सुनिता फाउण्डेसन र मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरुको कामको पहिचान र मान्यताका लागि निरन्तर संघर्षरत महिलाका निम्ति महिला मञ्च नेपालबाट प्राप्त तथ्याङ्कहरुका साथै ओरेकबाटै पनि २०८० र २०८१ सालमा महिलाका मुद्दा उजागर गर्न गरिएका सर्वेक्षणलाई समेत छुट्टै भागमा समावेश गरेको छ।

## १.२ महिला विरुद्धको हिंसा

**सबै नागरिक जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन्।**

**(मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ - धारा एक)**

महिला माथि हुने हिंसा सदियौँदेखि नेपाली समाजमा स्थापित र हस्तान्तरित हुँदै आएको जटिल समस्या हो। हिंसाका केही स्वरुप परिवर्तन भएपनि हालसम्म यसको व्यापकता रहेको छ। नेपालको सन्दर्भमा कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाबाट प्रभावित छन्।



महिला विरुद्ध हिंसा निर्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा 'महिला विरुद्ध हिंसा भनेको पुरुष र महिला बीचको ऐतिहासिक रूपमा असमान शक्ति सम्बन्धको अभिव्यक्ति हो, एक महत्वपूर्ण सामाजिक विकृति हो, जहाँ महिलालाई अधीनस्थ स्थितिमा र असहज परिस्थितिमा बाँच्न बाध्य पारिन्छ' भनी परिभाषित गरिएको छ। नेपाली समाजमा महिलाले आफ्नो जीवनचक्रमा कुनै न

कुनै प्रकारको हिंसा भोगेका छन् । जस्तैः घरझगडा, कुटपिट, गालीगलौज, बलात्कार, साइबर अपराध, बेचबिखन, मानसिक प्रताडना, गतिशिलता माथिको नियन्त्रण, श्रोत साधनबाट वञ्चित, चारित्रिक आरोप, छुवाछुत तथा भेदभाव, हत्या, नागरिकतामा समान अधिकार नहुनु आदि धेरै प्रकारका हिंसाले महिलाको जीवनलाई नराम्रोसँग प्रभावित पारेको छ ।

महिला हिंसाले कुनै पनि देशको सामाजिक, आर्थिक अवस्था र सांस्कृतिक प्रचलनलाई प्रतिविम्वित गर्दछ । नेपालमा सन् २०२४ मा मानव विकास सूचकाङ्कमा नेपाल ०.६०१ अंकसहित १४६ औं स्थानमा छ । केन्द्रीय तथ्याङ्क विभागको सन् २०२१ को तथ्याङ्क अनुसार नेपालमा महिला साक्षरता ५७.४ प्रतिशत छ । राष्ट्रिय मानव विकास प्रतिवेदन-२०२० अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत छ । तर, नेपालमा पितृसत्तात्मक सामाजिक संरचना, सोही अनुसारको सामाजिक व्यवस्था, विभेदपूर्ण मूल्यमान्यताले घर, परिवार, समुदाय, समाज र राज्य सबै तहमा महिला माथिको हिंसा संस्थागत भएको छ भने राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाले समाजमा हिंसा बढेको छ ।

एकातर्फ नेपालले २०३० सम्ममा दीगो विकास लक्ष्यको लक्ष्य पाँचको लैङ्गिक समानता हासिल गर्न सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता ११ प्रतिशतबाट ३३ पुर्याउने, लैङ्गिक असमानताको हालको सूचकाङ्क ०.४९ बाट घटाएर ०.०५ मा झार्ने र लैङ्गिक सशक्तिकरण मापनलाई ०.५७ बाट बढाएर ०.६९ पुऱ्याउने लक्ष्य तोकेको छ । यस्तैमा, वर्ल्ड इकोनोमिक फोरमको सन् २०१९ को प्रतिवेदनले लैङ्गिक समानता ल्याउन विश्वलाई १०८ वर्ष र नेपाल जस्ता एसिया प्रशान्त क्षेत्रका मुलुकलाई १७१ वर्ष लाग्ने अनुमान गरेको छ ।[1]

समाजमा महिला र पुरुष बिचको असमानता र भेदभाव रहेसम्म सह-अस्तित्व कायम हुन सक्दैन र सह-अस्तित्व नभएसम्म परिवार, समाज र राष्ट्रले समृद्धि हाँसिल गर्न सक्दैन । समाजमा महिलालाई सुरक्षित, सम्मानित, समानता, न्याय र अवसर प्रदान गर्न प्रत्येक व्यक्ति, परिवार, समुदाय र देशका तर्फबाट पहल गर्नुपर्छ । यसका लागि राज्यले महिलाको श्रम, शरीर, सम्पत्ति र सत्ता (चार 'स') माथिको अधिकार सुनिश्चित गर्न आवश्यक छ ।

*[1]नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन, २०७९ (https://necs.org.np/wp-content/uploads/2023/08/002.pdf?utm_source=chatgpt.com)*

## १.३ प्रभावितको न्यायमा पहुँच

न्यायमा पहुँच भन्नाले व्यक्ति तथा नागरिकहरूमा आफ्ना कानूनी समस्याहरूको समाधानको लागि न्यायिक निकायहरूको उपयोग गर्न सक्ने सक्षमता विद्यमान हुनुलाई बुझिन्छ । न्यायमा पहुँचको अवस्था सिर्जना हुनका लागि न्यायिक संस्थाहरूले प्रभावकारी रूपले न्यायिक समस्याहरूको सम्बोधन गर्न सक्नुपर्छ । न्यायमा पहुँच बिना कानूनद्वारा प्रदत्त हक अधिकारहरू उल्लघंन भएमा तिनको प्रचलन असम्भव हुने भएकाले न्यायमा पहुँचको अधिकारलाई अधिकारहरूको पनि अधिकार मान्न सकिन्छ । नागरिकले जुनसुकै जात, जाति, संस्कृति, धर्म, लिङ्ग, वर्ण, उत्पत्ति, भाषा र वैचारिक आस्था भए पनि बिना कुनै विभेद न्याय प्राप्तिको लागि सम्बन्धित न्यायिक निकाय समक्ष पुग्न सक्ने परिस्थितिको निर्माण गरिदिनु न्यायमा पहुँचका लागि पूर्व शर्त नै हो ।

**महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने समितिले महिलाको न्यायमा पहुँच सम्बन्धमा जारी गरेको सामान्य सिफारीस नं. ३३**

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को प्रभावकारी कार्यान्वयन गर्न महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समितिले विभिन्न सिफारिसहरु जारी गर्ने गरेको छ । उक्त समितिको ६१औं बैठकले जलाई २३, २०१५ मा जारी गरेको सफारीस नं. ३३ बढी महत्वपूर्ण छ । यसका लागि पक्ष राष्ट्रहरुले देहायका कार्यहरु गर्नुपर्ने भनी औंल्याएको छ :

**(क) न्यायिक परीक्षणको सुनिश्चितता (Justiciability):** महिलाको न्यायमा पहुँचका लागि महिलालाई सशक्तिकरण गराउनुको साथै महिलाको हक अधिकारलाई कार्यान्वयन योग्य बनाउनका लागि संविधान एवं कानूनमा उनीहरुको हकको सुनिश्चितता गर्नु पर्ने हुन्छ । कानूनद्वारा महिलाका हकहरु निर्धारण गर्नुका साथै ती हकहरुको हनन् हुँदा अवरोध विहिन रुपमा उपचारका लागि उनीहरुको  क्षमता विकासको साथै सक्षम न्याय प्रणाली सुनिश्चित हुनुपर्दछ ।

**(ख) सहज उपलब्धता (Availability)** : न्यायिक वा अर्द्धन्यायिक निकाय शहर, गाउँ एवं दुर्गम स्थानमा समेत स्थापना गर्नु पर्दछ जसले गर्दा आवश्यक परेका बखत यस्ता निकायहको सहज उपलब्धता हुन सकोस् ।

**(ग) न्याय प्रणालि सम्मको पहुँच (Accessibility)**: औपचारिक वा अनौपचारिक न्यायिक निकाय एवं दुवै प्रणालीमा विविध खालका भेदभावबाट प्रभावित समेत सबै महिलाका लागि सुरक्षित, कम खर्चिलो र भौतिक रुपले पहँचुयोग्य हुनुपर्दछ ।

**(घ) गुणस्तरीय न्याय प्रणाली (Good Quality Justice System)**: हरेक न्यायिक तहमा अन्तराष्ट्रिय मापदण्ड अनुसारको सक्षम, दक्ष, स्वछन्द र निक्ष्पक्ष न्यायिक निकायको व्यवस्था गर्नु पर्छ साथै उचित र प्रभावकारी न्यायिक उपचार यथासमयमा उपलध गराउनु पर्ने, न्याय प्रणाली उपयुक्त, गतिशील, सहभागितामूलक, सिर्जनात्मक व्यवहारिक उपायको प्रयोग गर्ने, लैङ्गिक संवेदनशीलता, न्यायको लागि महिलाको माग अभिवृद्धि गराउने प्रकृतिको समेत हुनुपर्छ ।

**(ङ) न्यायिक उपचारको व्यवस्था (Provisions of Legal Remedies)**: महिलाले कुनै अन्याय भएमा वा आफुलाई कुनै असर परेमा न्याय प्रणालीबाट उचित संरक्षण एवं प्रभावकारी न्यायिक उपचार प्राप्त गर्न सक्ने अवस्था हुनुपर्छ ।

**(च) उत्तरदायी न्याय प्रणाली (Accountability of Justice System)** : न्यायिक निकायबाट सम्पादित कार्यहरुको प्रभावकारी अनुगमन गरी उक्त कार्यहरु प्रति सम्बन्धित अधिकारीहरुलाई उत्तरदायी बनाउने पद्दतिको स्थापना गर्नु पर्ने हुन्छ ।

नेपालमा संविधानका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता गरिएका दुई दर्जनजति कानूनी संरचनाहरू उपलब्ध छन् । महिला हिंसा सम्बन्धी घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६, घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७, लैङ्गिक हिंसा उन्मूलन कोष (सञ्चालन) नियमावली, २०६६, राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, सन् २००७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ आदि प्रावधानहरू छन् । यी ऐनहरू मार्फत महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक-सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास तथा हानिकारक परम्परागत अभ्यासलाई आपराधिक कार्यका रूपमा व्याख्या गरी हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानूनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।

यद्यपि, नेपाली समाजमा अझै पनि महिला माथिको हिंसालाई अति नै सामान्यीकरण गर्नु, घटनालाई राजनीतिकरण गरेर पीडकलाई संरक्षण दिनु, सहयोगी संयन्त्रहरू पीडित तथा प्रभावितमैत्री नहुनु, पीडित/प्रभावित घटना विरुद्ध उजुरी दिन जाँदा हतोत्साहित हुनु पर्ने वातावरण रहेको छ। पर्याप्त अध्ययनको कमि, हिंसा प्रभावितहरुको सहभागिता र स्रोत साधनको अभावमा निर्माण गरिएका ८० प्रतिश भन्दा बढी नीतिगत व्यवस्थाहरुको प्रभावकारितामा प्रश्न उठेको छ।

यद्यपि, हिंसा सहन हुन्न भन्ने मनसायले प्रभावितहरु प्रहरी कार्यालय तथा अन्य संघसंस्थामा उजुरी गर्नु वा न्याय खोज्नु र अभिलेखमा आउनु सकारात्मक पक्ष हो । घटना बाहिर आउनु भनेको प्रभावितहरू न्यायिक प्रक्रियामा एक कदम अघि बढ्नु हो। ओरकको अनुभवमा महिलाका लागि सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिला सशक्तीकरणको अवस्था राम्रो भएका स्थानमा महिला माथि हुने हिंसाका घटनाहरू वर्षेनी बढी अभिलेखिकरण हुने गरेका छन्। तर अझै पनि भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको अभाव र यी संयन्त्रसम्मको पहुँच नभएका ठाउँहरूमा हिंसाका घटनाहरू कम मात्रामा अभिलेख हुने गरेका छन्। यस वर्षको अन्वेषीमा अभिलेख भएका हिंसाका तथ्याङ्कहरूलाइ विश्लेषण गर्दै ओरेकले महिलाका भोगाई, महिला हिंसाका मूल स्वरूप, प्रवृत्ति, महिलाहरुको आर्थिक, सामाजिक अवस्था, पीडकको आर्थिक, सामाजिक अवस्था र हिंसा पश्चात प्रभावितलाई परेका हानी, क्षति वा प्रभावहरूको अवस्थाबारे सूचना विश्लेषण गरेको छ । साथै, समस्यामा सुझाव सहित यस अन्वेषीले महिला हिंसा रोकथाम र समाधानका निम्ति चालिनु पर्ने कदमहरू पहिल्याउनका लागि सरोकारवालाहरुलाई मद्दत गर्नेछ भन्ने विश्वास लिइएको छ।

## १.४ घटना संकलन अवधि र क्षेत्र

यस पुस्तकमा समावेश गरिएका तथ्याङ्क श्रावण २०८० देखि असार २०८१ सम्मको समय अवधिमा सङ्कलन गरिएको हो। यस भित्र महिला माथि भएका १ हजार ३ सय ९३ वटा हिंसाका घटना समाविष्ट छन्। पुस्तकमा तथ्याङ्कहरूको विश्लेषण सहित प्रस्तुत गरिएको छ। ओरेकले सङ्कलन गरेका १ हजार ३ सय ९३ वटा घटना नेपालका १९ वटा जिल्ला जँहा ओरेकले प्रत्यक्ष रूपमा कार्य गरेको छ त्यहाँबाट सङ्कलन गरिएको छ। यस बाहेक पनि यस प्रतिवेदन भित्र विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित घटनाहरू समेतलाई समेटिएको छ। राष्ट्रिय स्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट प्राप्त जम्मा २७० वटा घटनालाई समेत सङ्कलन गरी यस पुस्तकमा छुट्टै परिच्छेदमा विश्लेषण गरिएको छ।

## १.५ अध्ययनको सिमा

यो सर्वेक्षण मूलतः ओरेक, महिला मानव अधिकार रक्षकहरु, महिला सामुदायिक संस्था, महिलाले नेतृत्व गरेका संस्था कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ। विभिन्न जिल्लाहरूमा समुदाय स्तरमा कार्यरत महिला मानव अधिकार रक्षकहरू तथा महिला सामुदायिक संस्थाको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको सुरक्षित आवास, कानूनी परामर्श तथा सहयोग, स्वास्थ्योपचार लगायतका सेवाहरू मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ। थप विस्तृत तथ्याङ्कको लागि राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ। पुस्तकमा नेपालका ७ वटै प्रदेशमा भएका महिला हिंसाका घटनाहरू समेट्ने प्रयत्न गरिएको भए पनि यसले समग्र नेपालका महिलाहरू माथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सकेको छैन। सिमित मानवीय र आर्थिक स्रोत साधनका कारण ओरेकले प्रत्यक्ष रूपमा अभियान सञ्चालन गरेका जिल्लाबाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ। यद्यपि यस प्रतिवेदनले मुलतः नेपालमा महिला माथि हुने हिंसाको अवस्था, स्तर, प्रभाव, स्वरूप, तथा प्रवृत्तिको एकसरो वास्तविक चित्रण भने गर्दछ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिला माथि हिंसा हुने तथ्य उजागर गरेको छ। साथै त्यस्ता हिंसा हुनुको कारक तत्वहरू समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैङ्गिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिक स्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक सहमत छ। सीमित स्रोत, साधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्न सकिनेसम्मको अवस्था सिर्जना गर्न संस्था असमर्थ छ। यद्यपि, आगामी सर्वेक्षणका क्रममा यी पक्षहरू समेतलाई समेटेर लानु आवश्यक रहेको कुरामा संस्था सहमत छ, जसले गर्दा महिलामाथि हुने हिंसाका घटनाहरूको अनेक आयामहरू समेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिइएको छ।

## १.६ अध्ययन विधि

यो मूलतः ओरेकको स्रोत-साधन र मानव स्रोतद्वारा सम्पन्न एक संख्यात्मक र गुणात्मक अध्ययन हो। सूचना सङ्कलनका लागि संस्थाको 'लैङ्गिक विभेदमा आधारित हिंसा घटना सङ्कलन फारम' को प्रयोग गरिएको छ।

## १.७ सूचना संकलनमा एकरुपता

घटना अभिलेखीकरणमा एकरूपताका लागि लैङ्गिक विभेदमा आधारित हिंसा घटना सङ्कलन फारमको प्रयोग गरी सूचनाहरू सङ्कलन गर्ने गरिएको छ। फारमबाट महिला हिंसा सम्बन्धी घटनाको जानकारी र हिंसाका असरहरूलाई संख्यात्मक र विवरणात्मक खाकाहरूमा सङ्कलन गरिएको हो। सबै महिलाहरूका लागि सोही फारमको प्रयोग गरिएको भए पनि सूचना सङ्कलनका बखत आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ। यद्यपि सङ्कलित सूचनाहरूको एकरूपता कायम राखिएको छ।

## १.८ सूचना संकलन

ओरेकले तयार पारेको लैङ्गिक विभेदमा आधारित हिंसा घटना सङ्कलन फारमको प्रयोगद्वारा सङ्कलित सूचनाहरू ओरेक र महिला मानव अधिकार रक्षक सञ्जालका तालिम प्राप्त मानवस्रोतबाट अभिलेखीकरण गरिएको छ। सङ्कलित सूचनाहरू पीडित/प्रभावित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडित/प्रभावितको परिवारका सदस्यहरूबाट लिइएको हो। ओरेकको विभिन्न शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्क सङ्कलन गरे पश्चात् काठमाण्डौं स्थित केन्द्रीय कार्यालयमा ती सबै स्थानका तथ्याङ्कहरूलाई एकीकृत गरी विश्लेषण गरिएको छ।

## १.९ तथ्यांक प्रशोधन प्रक्रिया र विश्लेषण

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम राख्दै प्रत्येक घटनाहरूका कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको ११.५ भर्सनमा तथ्याङ्कलाई सङ्गठित, एकीकृत र व्यवस्थित गरिन्छ। उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कको विश्लेषण गरी यो पुस्तक तयार पारिएको छ।

## १.१० आचारसंहिताको पालना


महिला हिंसाका घटना आफैंमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन्। यस्ता घटना सार्वजनिक र सङ्कलन कार्य दुबै नै प्रभावितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुने गर्छ। त्यही संवेदनशीलतालाई मध्यनजर गर्दै सूचना सङ्कलनका क्रममा निम्न नैतिक जिम्मेवारीको वहन गरिएको थियो :

- घटना दुर्घटना अभिलेख गर्नु पूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई सङ्कलन गरिँदै गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना सङ्कलनको उद्देश्य र उपादेयताबारे जानकारी प्रदान गरिएको थियो ।
- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रूपमा लिइएको थियो । नाबालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो ।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनै पनि हानी नोक्सानी गर्ने गरी सङ्कलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो । साथै प्राप्त सूचनालाई महिला हिंसाविरूद्धको पैरवीका लागि विश्लेषण गरी प्रयोग गरिने जानकारी दिइएको थियो ।
- सूचना सङ्कलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पर्ने खालका कुनै पनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन ।
- तालिम प्राप्त अभिलेखनकर्ताहरू मार्फत सूचना सङ्कलन तथा अभिलेखीकरण गरिएको थियो । साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नका लागि व्यक्तिगत लाभ हुने गरी कुनै पनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन । तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाका आधारमा अभिलेखनकर्ताको सिफारिस बमोजिम मनोसामाजिक परामर्श र सुरक्षित आवास सेवा भने प्रदान गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग सुरक्षाबासमा मनोसामाजिक परामर्श सेवा प्रदान गरे पश्चात् सूचना लिइएको थियो । सूचना लिने क्रममा प्रभावितको लिखित सुसूचित सहमतिलाई ध्यान दिइएको थियो ।
- घटना अभिलेखीकरणका सम्पूर्ण प्रक्रियामा गोपनीयताको पूर्णतया पालना गरिएको थियो ।

# परिच्छेद २

## क. कार्यगत परिभाषा

महिला माथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् र समयानुसार परिवर्तनशिल बन्दै गएको पाइन्छ । महिला विरुद्धको हिसां भन्नाले व्यक्ति, राज्य, परिवार, समाजद्वारा महिला माथि गरिने जुनसुकै प्रकारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनजन्य हिंसा, यातना, लाञ्छना वा भदेभावहरु हुन् । अत: महिलालाई निजी जीवनदेखि सामाजिक जीवनसम्म हिंसा भएको अवस्थामा हिंसाका स्वरूपलाई अन्वेषीमा विश्लेषण गरिएको छ ।




## १) हिंसाका प्रकार

**(क) अन्तरव्यक्तिगत हिंसा**

अन्तरव्यक्तिगत हिंसा भन्नाले व्यक्तिगत वा सामाजिक सम्बन्धका भित्र हुने हिंसात्मक घटना वा व्यवहारलाई जनाउँछ । जसमा शारीरिक, मानसिक, यौनिक, वा भावनात्मक उत्पीडन का साथै हत्या, बलात्कार र यौन हिंसा समेत यसमा समावेश हुन्छ । यो हिंसा लिंगका आधारमा शक्ति असन्तुलन र सामाजिक संरचनामा निहित विभेदका कारणले उत्पन्न हुन्छ । हाम्रो समाजमा विद्यमान असमान शक्ति सम्बन्धका कारणले धेरैजसो महिलाहरु यसबाट प्रभावित हुन्छन् ।

**(अ) हत्या :** हत्या महिला विरुद्ध हुने शारीरिक हिंसाको पराकाष्ठ हो । हत्या भित्र महिलालाई मनसायपूर्वक विभिन्न तवरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

**(आ) बलात्कार :** बलात्कार, सामूहिक बलात्कार, बलात्कारको प्रयास र वैवाहिक बलात्कारलाई बलात्कारको परिभाषा भित्र समावेश गरिएको छ। यसमा महिलालाई ललाइफकाइ, झुटा आश्वासन देखाई वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । साथै सहमति मै भए पनि १८ वर्ष मुनिका बालिकासँग भएको यौन सम्बन्धलाई पनि बलात्कारका रूपमा परिभाषित गरिएको छ ।

**(इ) यौन दुर्व्यवहार :** महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अङ्गहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारीरिक हाउभाउद्वारा जिस्क्याउने, सङ्केत गर्ने, अश्लील सन्देशहरू, तस्बिर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता क्रियाकलापलाई यस प्रतिवेदनमा यौन दुर्व्यवहारमा राखिएको छ ।

### (ख) घरेलु हिंसा

घरेलु सम्बन्धमा रहेका सदस्यबाट अन्य सदस्य माथि भएको हिंसालाई घरेलु हिंसा भित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएको कुटपिट, बहुविवाह, स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गाली-गलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक हिंसा, खान-लाउन नदिने, स्वास्थ्य सेवाबाट वञ्चित गर्ने वा स्वास्थ्य प्रति बेवास्ता गर्ने तथा यौन दुर्व्यवहारका घटनालाई समावेश गरिएको छ । साथै, घरको काममा सघाउन राखिएका कामदार माथि हुने शोषण र हिंसा पनि घरेलु हिंसा भित्र समेटिएको छ ।

### (ग) सामाजिक हिंसा

समाज वा समुदायबाट भएका हिंसाका घटनालाई सामाजिक हिंसा भित्र समावेश गरिएको छ । सामाजिक हिंसा भित्र विशेषगरी बोक्सीको आरोपमा महिला माथि भएका हिंसा, छुवाछुत, कम उमेरमा हुने विवाह, जबरजस्ती विवाह, महिला माथि समाजले लगाउने विभिन्न लाञ्छना लगायतका कुटपिटका घटनाहरूलाई समावेश गरिएको छ । सामाजिक हिंसामा कुटपिट, श्रोत

साधनमा रोक लगायत हानिकारक परम्परागत अभ्यास जस्तै : छुवाछुत, बहुविवाह, बालविवाह वा कम उमरेमा हुने विवाह, बोक्सीको आरोपको घटनाहरु समेटिएको छ ।

यी बाहेक अन्य हिंसाहरु पनि अन्वेषीमा अभिलेख भएका छन् :

### मानव बेचबिखन

मानव बेचबिखन/ओसारपसार दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रम लगायत) र दासतापूर्ण व्यवहार, यौनजन्य कामका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति र पदको दुरूपयोग गरी काममा लगाउनु, ओसार पसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नुलाई मानव बेचबिखन/ओसारपसारमा समावेश गरिएको छ । साथै आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामका निम्ति सहयोग प्राप्त गर्नु पनि बेचबिखन हो । बेचबिखन/ओसारपसार तथा बेचबिखन/ओसार पसारको प्रयास भएका घटनालाई यसमा समावेश गरिएको छ ।

### महिला मानव अधिकार रक्षक विरुद्धको हिंसा

महिला मानव अधिकार रक्षकलाई आफू महिला भएकै कारण र आफुले गर्ने कामको कारणले निज माथि हुने जुनसुकै प्रकारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनजन्य हिंसा, यातना, लाञ्छना वा भदेभावहरु महिला मानव अधिकार रक्षक विरुद्धको हिंसा हुन् ।

### मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक विरुद्ध हुने हिंसा

मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला श्रमिकहरुलाई निजहरुको कामको आधारमा निज माथि हुने जुनसुकै प्रकारको शारीरिक, मानसिक, आर्थिक, मनोवैज्ञानिक, यौनजन्य दुर्व्यवहार, यातना, लाञ्छना वा भदेभावहरु हुन् ।



## २) प्रभावित/पिडीत तथा पीडकको सामाजिक तथा आर्थिक स्थितिको वर्गीकरण

**(क) वैवाहिक अवस्था**

यस अन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, कानूनी एवं सामाजिक रीतिरिवाज अनुसार विवाह नगरेका तर विवाहित जोडी सरह सँगै बसेका र सम्बन्ध विच्छेदलाई समेटिएको छ ।

**(ख) जातियगत अवस्था :**

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छः

**पहाडे जनजाति :** गुरुङ, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, चेपाङ, राउटे, कुसुण्डा, दनुवार आदि ।

**तराई जनजाति :** थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कुसवधिया र कुचवधिया, मेचे आदि ।

**तराई दलित :** चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमीदार, डोम, हल्खोर, कलर, खातिक, कोइरी आदि ।

**पहाडे दलित :** दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

**तराई गैरदलित :** यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

**(ग) पेशा**[२]

- सरकारी सेवा
- गैरसरकारी सेवा
- कृषि तथा पशुपालन
- घरायसी काम
- निजी क्षेत्र
- दैनिक ज्यालादारी
- व्यापार व्यवसाय
- विद्यार्थी
- रोजगारको खोजीमा रहेका

[२] *केन्द्रिय तथ्यांक विभाग प्रतिवेदन २००१*

**(घ) उमेरगत वर्गीकरण**

- १८ वर्षभन्दा कम
- १८ देखि २५ वर्षसम्म
- २६ देखि ३५ वर्षसम्म
- ३६ देखि ४५ वर्षसम्म
- ४६ देखि ५५ वर्षसम्म
- ५६ वर्षभन्दा माथि

**(ङ) शिक्षा**

- आधारभूत शिक्षा अध्ययन
- माध्यमिक शिक्षा अध्ययन
- स्नातक तह
- स्नातक तह भन्दा माथि
- प्रौढ शिक्षा
- प्राविधिक शिक्षा

### ३) प्रभावितलाई परेका असरहरु

- शारीरीक क्षति
- मानसिक क्षति
- आर्थिक क्षति
- सामाजिक क्षति

## (ख) कार्यकारी सारांश : अध्ययनबाट प्राप्त नतिजाहरुको संक्षेपिकरण


# परिच्छेद ३

## (क) अन्तर व्यक्तिगत हिंसा

### ३.१ हत्या र महिला हिंसा

महिला माथि हुने हिंसा र हत्या केवल व्यक्तिगत समस्या होइन, यो एक संरचनात्मक र प्रणालीगत हिंसा हो । नेपाली समाजमा महिला हत्या, घरेलु हिंसा, बोक्सीको आरोपमा हत्या, दाइजोको कारण हुने हत्या, यौनजन्य हिंसा पछिको हत्या जस्ता घटना बढ्दो क्रममा छन् । पितृसत्तात्मक मूल्यमान्यताहरू, जो महिलालाई कमजोर मान्छन्, यी हिंसाको प्रमुख आधार हुन् । हाम्रो समाजमा अझै पनि पितृसत्तात्मक सोच हावी छ, जसमा पुरुषलाई महिला भन्दा उच्च स्थानमा राखिन्छ । यो सोचले महिलालाई कमजोर, अधिनस्थ र नियन्त्रण गर्नुपर्ने वस्तुका रूपमा हेरिन्छ । यस प्रकारको मानसिकताले हिंसालाई मलजल गर्दछ, जसका कारण महिलाहरूको सुरक्षा र अस्तित्वमा खतरा उत्पन्न हुन्छ । त्यस्तै, महिलाहरूलाई सम्पत्ति वा वस्तुका रूपमा हेर्ने प्रवृत्ति झन् खतरनाक छ । जब महिलाको मूल्याङ्कन उनीहरूको मानवता र आत्मसम्मानको आधारमा नभई तिनीहरूको भौतिक उपस्थिति र सामाजिक भूमिका अनुसार गरिन्छ, तब हिंसा र हत्या जस्ता घटनाहरू समाजमा बढ्दछ ।


ओरेकमामा अभिलेखिकरण भएका तथा सञ्चार माध्यममा आएका समाचारका आधारमा हेर्दा यस वर्ष ९२ जना महिलाको हत्या ११ जनाको हत्या प्रयास भएको पाइएको छ । यस मध्ये ५ जना महिलाको हत्या र ४ जना महिलाको हत्या प्रयास भएको घटना ओरकमा अभिलेखीकरण भएको छ । ओरेकमा संकलन भएका हत्याका घटनालाई प्रदेशगत आधारमा हेर्दा मधेशमा २ वटा, लुम्बिनी २ वटा र कर्णालीबाट १ वटा हत्याको घटना संकलन भएको छ । साथै ४ वटा हत्या प्रयासका घटना कोशी प्रदेशबाट संकलन गरिएको हो ।




**चार्ट ३.१** : हत्या र हत्याको प्रयास

### ३.१.१ प्रभावितको उमेर


हत्या गरिएका महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा २६ वर्षदेखि ३५ वर्ष उमेर समूहका महिलाको हत्या धेरै भएको छ। यो उमेरका ४४ प्रतिशत (१ जना) महिलाको हत्या र ३ जना महिलालाई हत्याको प्रयास भएको छ भने १८ देखि २५ वर्ष उमेर समूहका २२ प्रतिशत (२ जना) को हत्या भएको पाइएको छ। त्यस्तै, ३६ देखि ४५ वर्ष उमेर समूहको ११ प्रतिशत (१ जना) को हत्याको प्रयास गरिएको छ भने, ४५ वर्ष उमेरदेखि माथिको उमेरका ११ प्रतिशत (१ जना) महिलाको र १८ वर्ष मुनी भने ११ प्रतिशत (१ जना) बालिकाको हत्या भएको छ। येसले सबै उमेरसमूहका महिला तथा बालिकाहरु हत्याको बढी जोखिममा छन् भन्ने देखाउँछ।





**चार्ट नं. ३.१.१** : प्रभावितको उमेर

### ३.१.२ शिक्षा

सबैभन्दा बढी हत्याको जोखिममा साक्षर महिलाहरु हुन्छन् भन्ने कुराको पुष्टि यस तथ्याङ्कले गरेको छ। यस वर्षको ८९ प्रतिशत (८ जना) साक्षर महिलाहरुमध्ये ४ जनाको हत्या र सोही संख्यामा हत्या प्रयास भएको तथ्यांकले देखाउँछ। त्यसैगरी १ जना निरक्षर महिलाको हत्या भएको पाइएको छ।





**चार्ट नं. ३.१.२:** हत्या र महिलाको शैक्षिक अवस्था **चार्ट नं. ३.१.३:** हत्या र महिलाको साक्षरताको अवस्था

### ३.१.३ वैवाहिक स्थिति

यस वर्षको तथ्याङ्कका आधारमा विवाहित र अविवाहित महिलाहरूमा हत्या र हत्याको प्रयासको बीचको भिन्नता देखिन्छ। ८९ प्रतिशत (८ जना) विवाहित महिला मध्ये ४ जनाको हत्या र ४ जनाको हत्या प्रयास भएको पाइएको छ। यस अवस्थाले विवाहित महिलाहरूलाई श्रीमान र परिवारका सदस्यहरुको सम्पत्तिको रुपमा गरिने व्यवहार र संरचनागत असमानताको परिणाम झल्काउँछ। यही विद्यमान छ। त्यस्तै, ११ प्रतिशत (१ जना) अविवाहित महिलाको हत्याको प्रयास भएको पाइएको छ। अविवाहित महिलाहरूलाई लक्षित गर्ने हिंसात्मक घटनाहरू समाजमा गहिरो जरा गाडिएका पितृसत्तात्मक मूल्य मान्यताहरू र सोचमा आधारित हुन्छन्।





**चार्ट नं. ३.१.४:** प्रभावित र वैवाहिक अवस्था

### ३.१.४ जात/जातियता

तथ्याङ्कले विभिन्न जातीय र सामाजिक समूहहरूमा महिला माथि हुने हत्या र हत्याको प्रयासको भिन्नता दर्शाउँछ। विशेष रूपमो  बाह्मण /क्षेत्री तराई समुदायमा हत्या र हत्याको प्रयासको उच्च अनुपात ३३ प्रतिशत (३ जना) देखिएको छ। यो तथ्याङ्कले जातीय र सामाजिक संरचनामा रहेका गहिरो असमानताहरू र भेदभावको समस्यालाई उजागर गर्दछ।


जातीयताका आधारमा, तराई मधेशी अन्य जातिमा २२ प्रतिशत (२ जना), पहाडे दलित (२ जना), ११/ ११ प्रतिशत (१/१ जना) पहाडे आदिवासी जनजाति र पहाडे बाह्मण/क्षेत्री रहेको पाइएको छ।




**चार्ट नं. ३.१.५:** प्रभावित र जात/जातीय अवस्था

### ३.१.५ पेसा व्यवसाय


अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष ४४ प्रतिशत (४ जना) घरायसी काममा संलग्न महिलाहरुको हत्या भएको देखिन्छ । त्यस्तै, ३३ प्रतिशत (३ जना) कृषि पेसामा संलग्न रहेकोमा यी महिलाहरुले ग्रामीण क्षेत्रका महिलाहरू प्रतिनित्धित्व गर्छन् र निजहरुमाथि भएको हिंसात्मक घटनाले कृषि क्षेत्रमा काम गर्ने महिलाहरू प्रायः आर्थिक निर्भरता र पारिवारिक दबाबको शिकार हुने जोखिममा हुन्छन् भन्ने देखिन्छ । त्यस्तै, ११ प्रतिशत (१ जना) विद्यार्थी र १ जना दैनिक ज्याला मजदुरीमा संलग्न महिलाको हत्या भएको पाइएको छ र यो चासोको विषय हो ।




**चार्ट नं. ३.१.६:** प्रभावितको पेसागत अवस्था

### ३.१.६ आरोपितसँगको सम्बन्ध

महिलाको हत्यामा संलग्न आरोपितहरू वा अदालतले अपराधी प्रमाणित गरेकाहरू मध्ये विशेषगरी श्रीमान् र परिवारका सदस्यको संलग्नता नै धेरै रहेको पाइएको छ । जसमा ३३ प्रतिशत (३ जना) महिलालाई आफ्नै श्रीमान्ले हत्या गरेको पाइएको छ । त्यसैगरी परिवारका सदस्यबाट पनि २२ प्रतिशत (२ जना) को हत्या र एक जनाको हत्याको प्रयास गरेको तथ्याङ्क छ । २२ प्रतिशत (२ जना) को हत्याको प्रयास साथीबाट र ११/११ प्रतिशत एक जनाको हत्याको प्रयास समुदायको सदस्यबाट र  एक जनाको हत्या छिमेकीबाट भएको छ । तसर्थ, यो तथ्याङ्कले महिलामाथि हुने हिंसाको जटिल संरचनालाई उजागर गरेको छ । विशेष गरी परिवारका सदस्यहरू बीचको संलग्नता तथा पारिवारिक हिंसाले महिलाहरूको जीवनलाई गम्भीर खतरा र सङ्कटमा राख्दछ ।




**चार्ट नं.३.१.७ :** हत्या र पीडकसँगको सम्बन्ध

## निष्कर्ष

महिला हिंसा र हत्या विश्वभर कै गम्भीर चुनौती हो, र नेपाल पनि यस समस्याबाट अछुतो छैन । दक्षिण एसिया मै हेर्ने हो भने भारतमा गर्भपतन सम्बन्धी एउटा अनुसन्धानमा गर्भपतनबाट मारिएका ९९ प्रतिशत शिशु स्त्रीलिङ्गका भनी खुलेका थिए । महिलाको हत्या यस्तै विषयसँग जोडिएर आउँछ । अधिकांश महिलाको हत्या उनीहरूको नजिकका व्यक्तिबाट भएको देखिन्छ । जस्तो, पाकिस्तान तथा इस्लामिक देशमा अझै पनि महिलालाई त्यहाँको समाजले विवाह सम्बन्धि एउटा दायरा निर्धारण गरिदिएको छ । जो त्यो दायराभन्दा बाहिर जान खोज्छ, त्यसलाई मार्ने सम्मको अधिकार त्यहाँको कानून तथा सामाजिक संरचनाले दिएको छ । नेपालमा पनि महिलाको जीवनको अन्त्य गर्न सतीत्वको रक्षा गर्ने आडमा महिलाको जीवन अन्त्य गर्न बाध्य बनाउने सतीप्रथा हाल अन्त्य भएपनि विविध वहानामा घर परिवारका सदस्य र विशेषतः श्रीमान्ले महिलालाई हेर्ने दृष्टिकोणले अझै नेपाली समाजमा महिलाको जीउ ज्यानको सुरक्षा रहेको देखिदैन ।

हिंसा तथा हत्या, महिला अधिकार र समानताको गम्भीर उल्लङ्घन मात्र होइन, यो समाजमा रहेका लैङ्गिक असमानता, विभेद, र पितृसत्तात्मक संरचनाको परिणाम हो । विशेष गरी विवाहका क्रममा हुने हिंसा र हत्या, छिमेकी तथा समुदायका सदस्यहरूबाट हुने आक्रमणले समाजमा निहित लैङ्गिक

असमानता र सामाजिक भेदभावको गहिरो समस्या उजागर गरेको छ। यस वर्ष अभिलेख भएका घटनाहरुलाई २६ देखि ३५ वर्ष समूहका महिलाको सबैभन्दा बढी हत्या भएको देखिन्छ। यसैगरी ५३ प्रतिशत हत्याका घटना श्रीमान् तथा परिवारका सदस्यबाट भएका छन्। यी घटनाहरुलाई विश्लेषण गर्दा हत्या हुनु पूर्व केही घटनाहरु घरेलु हिंसामा उजुरी भएकोमा प्रहरीद्वारा मेलमिलाप भएका, पीडकले भविष्यमा यस्ता घटना नदोहोऱ्याउने प्रतिवद्धता गरेका र महिलाले पनि एक दिन श्रीमान् तथा परिवारका सदस्य सुध्रने आशा गर्दागर्दै हत्या भएको पाइएको छ। त्यसैले, घरेलु हिंसाका घटनामा गरिने मेलमिलापले गर्दा महिला माथिको हिंसाको जोखिम झन् उच्च भएको छ। महिलाहरु डर, त्रासमा आफ्नै पीडकसँग एउटै घर, कोठामा बस्न बाध्य भइरहेका छन्। ज्यानै लिने सम्मको हिंसाको अवस्थामा समेत मेलमिलाप गराउनु महिला माथि राज्यबाट भएको अर्को अपराध हो र यस्ता मेलमिलाप गर्ने प्रावधानलाई ऐनबाट जस्तैः घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६ बाट हटाउन आवश्यक छ। सोही अनुरुप महिला आयोग, नेपाल प्रहरी र स्थानिय निकायले महिला हिंसा र हत्यामा उजुरी आएकोमा अनुसन्धान र प्रभावितलाई सहयोग गर्नुपर्नेमा ध्यान दिन आवश्यक छ।

यसैगरी, हत्या गरिएका महिलाको उमेर, शैक्षिक अवस्था, पेसा, जातीयता, र पारिवारिक सम्बन्धले देखाएको छ कि हिंसा र हत्या महिला अधिकार तथा समानताको गम्भीर उल्लङ्घन मात्र होइन, पितृसत्तात्मक संरचना, जातीय विभेद, र सांस्कृतिक असमानताका परिणाम हुन्। विवाहित महिलाहरूमा हिंसा अधिक देखिनु तथा पेसागत रूपमा कृषि र घरेलु काममा संलग्न महिलाहरूलाई आक्रमणको उच्च जोखिम हुनु, समाजमा रहेका घरेलु कामको अवमूल्यन र पारिवारिक दबाबको समस्या रहेको दखिन्छ। त्यस्तै, १८ वर्ष उमेरका किशोरीलाई विशेषतः बलात्कार पश्चात हत्या गरिनुले महिलालाई हेर्ने दृष्टिकोण साँघुरो रहेको देखिन्छ। किशोरी माथि हुने बलात्कार र हत्याका घटनामा केवल अपराधीको भूमिका मात्र नभएर किशोरी र महिलालाई कमजोर, दोस्रो दर्जाको, र पुरुषको अधीनमा रहने स्वभाविक सम्झिने मानसिकता मूल जड हो। कानूनले हत्यालाई अपराधिकरण गरेर मात्र महिला हत्याको घटना रोक्न र प्रभावित तथा प्रभावितका परिवारलाई न्याय दिन सम्भव छैन। महिलाको अस्तित्व र जीवनको सुरक्षाको लागि हामीले पितृसत्तात्मक सोचलाई चुनौती दिनु आवश्यक छ। साथै, पारिवारमा महिलालाई हेर्ने दृष्टिकोण, महिला हिंसा रोकथामका लागि कानूनी कार्यान्वयन तथा महिलालाई विभेद गर्ने संस्थागत सामाजिक संरचना परिमार्जन गर्न आवश्यक देखिन्छ।

## घटना अध्ययन १

### हत्या

२८ वर्षीय कान्ति (परिवर्तित नाम) का २ सन्तान छन् । श्रीमान्बाट दैनिक घरेलु हिंसा सहन नसकेर ३ बर्ष अगाडि श्रीमान्सँग पारपाचुके गरी अलग्गै बस्दै आएकी थिइन् । हत्या हुनु भन्दा ४ दिन अगाडि कान्तिका श्रीमान् उनी बस्ने घरमा आएर "अव म त्यस्तो व्यवहार दोहोर्‍याउँदिन मसँगै बसौं" भनेर अनुरोध गरेर सँगै लिएर गए । कश्रीमान्ले राम्रै व्यवहार गर्लान् भन्ने विश्वासका साथ ४ दिनदेखि उनी श्रीमान् सँगै बस्न थालिन् । २०८१ असोज २२ गतेका दिन बेलुका ७:०० बजेतिर उनीहरुबीच सामान्य भनाभन भयो ।  सामान्य विवादमा उनका श्रीमान्ले उनी माथि धारिलो खुकुरी प्रहार गरी कान्तिको घाँटी छिनाइदिए । २ सन्तान मध्ये एक ६ वर्षिय छोरोको अगाडि उनको श्रीमान्ले छोरालाई देखाएर घाँटी रेटेको थियो भन्ने छिमेकीहरुको  भनाइ रहेको छ । श्रीमतिको टाउको छिनालेर हातमा झुण्ड्याउँदै नजिकैको जलजलेको बजार घुम्दै गरेको अवस्थामा प्रहरीले उनका श्रीमान् (जंगबहादुर नाम गरेका) लाई पक्राउ गरेको थियो । हाल श्रीमति हत्या प्रकरणमा पक्राउ परेको जंगवहादुर जिल्ला अदालतमा छन् । उसलाई लागेको मुद्धाको टुंगो नलागेसम्म जिल्ला अदालतमा नै पुर्पक्षका लागि थुनामा पठाउने आदेश अनुसार हाल पीडक थुनामा रहेको अवस्था छ ।

## घटना अध्ययन २

### हत्या प्रयास

३६ बर्षीय सुवर्णा (परिवर्तित नाम) को विवाह १८ बर्षमा भएको हो । अहिले उनको ३ वटा छोराहरु छन । पहिले श्रीमान् श्रीमतीको सम्बन्ध पनि राम्रो थियो । श्रीमान् वैदेशिक रोजगारीमा गएर १० बर्ष बसेर आएका हुन् । यसै क्रममा उनी अर्को महिलासँग सम्बन्धमा रहेका थिए । उनका श्रीमान् पहिले भारतमा बस्दै आएको कुरा उनले १ वर्ष पछि मात्र थाहा पाइन् । उनका श्रीमान्ले आफुले भारतमा निकै दुःख पाएको भनेर खवर गरे पछि उनले भारतबाट श्रीमानलाई लिएर आइन् । त्यहाँबाट आए पछि उनीहरु विच सामान्य विवाद भइरहन्थ्यो । यसै शिलशिलामा एक दिन सुवर्णा बाख्रा चराउन र घाँसदाउरा गर्न जङ्गल गएको समयमा गाउँका वडाध्यक्षले उनलाई जबरजस्ती बलात्कार गरे । आफु माथि भएको घटनाको बारेमा श्रीमान्लाई भन्दा उल्टै श्रीमान्ले उनलाई रगताम्य हुनेगरी कुटपीट गरेपछि उनी त्यहीँ ढलिन् । उनको छोराले आमालाई किन यस्तो गरेको भन्दा छोरालाई समेत बावुले खुकुरी प्रहार गरे ।जसले गर्दा छोरालाई गहिरो चोट लागेको थियो । होसमा आएपछि छोरालाई उठाएर अस्पताल लगेर निकै दुःख गरेर  छोराको उपचार गरिन् । श्रीमानले एक दिन विहानै गालीगलौज गर्दै एक्कासी उनको सबै कपडा जलाइदिएर कान्छो छोरालाई कुटपीट गरे । त्यसपछि उनलाई बन्चरो उठाएर “म तँलाई मारिदिन्छु” भनेपछि उनी डराएर भागिन् । उनले महिला सेलमा खबर गरिन् र त्यहाँबाट सहयोगको लागि संस्थामा आइन् । घटनाको सम्बन्धमा प्रहरीमा प्रहरीमा उजुरी दिइन् । त्यसपश्चात् प्रहरीमा छलफल भई मेलमिलाप गरी घरमा पुनःस्र्थापना गरिएको छ ।


### ३.२ बलात्कार

पितृसत्तात्मक सामाजिक संरचनाले महिलाको शरीरलाई नियन्त्रण गर्ने एउटा महत्वपूर्ण हतियारको रुपमा बलात्कारलाई लिएको पाइन्छ । जसका कारण हरेक उमेर समूहका महिला तथा किशोरीहरु दिन प्रतिदिन बलात्कारबाट प्रभावित हुन बाध्य छन् । महिलाको शरीर महिलाको आफ्नो नियन्त्रणमा नहुनु, यौनिकता माथिको नियन्त्रण, परिवारको इज्जत जोगाउने जिम्मा महिलालाई दिइनु, महिलाको पहिचानलाई उनको यौनिकतासँग जोडेर हेर्ने सोचका कारण समाजमा विद्यमान बढ्दो "बलात्कार" का घटनाका लागि जिम्मेवार देखिन्छन् । नेपाल प्रहरीले सार्वजनिक गरेको २०८०/०८१ को तथ्याङ्क अनुसार यस वर्ष २५ सय ७ वटा बलात्कारका घटनाको उजुरी भएको देखिन्छ जसलाई हेर्दा दैनिक औसत ७ जना महिला तथा बालिका माथि बलात्कारका घटना हुने गरेको पुष्टि हुन्छ । न्यायिक प्रकृयामा आएका घटनाहरु पनि पीडकबाट दबाब, प्रभावितलाई नै दोषि देख्ने प्रवृत्ति र सेवा प्रदायकहरु संवेदनशील नहुँदा बिचमै होस्टाइल हुने वा हिंसा प्रभावितले न्याय नै नपाएका कारण धेरै घटनाहरु बाहिर आउन सकेका छैनन् ।

महिला तथा किशोरी माथि हुने बलात्कार मानव अधिकार हननको जघन्य र निकृष्ट अपराधको स्वरुप हो । नेपालको कानूनले बलात्कारलाई मुख्यत: महिला विरुद्ध हुने गम्भीर अपराध मानेको छ र पीडकलाई कडा सजायको व्यवस्था गरेको छ । मुलुकी अपराध संहिता २०७४ ले बलात्कारका पीडितलाई उमेरगत वर्गीकरण गरी समय सीमासम्म कैद सजायको व्यवस्था गरेको छ, जसमा १० वर्ष मुनिका बालिका तथा विशेष परिस्थितिमा हुने बलात्कारका लागि आजीवन कैदसम्मको सजायको व्यवस्था छ । साथै, कानूनले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न र सुरक्षित पुनर्स्थापना गर्ने प्रावधान पनि गरेकरे छ । यद्यपि, कानूनी कार्यान्वयनमा चुनौतीहरू रहेको देखिन्छ, जसमा पीडितलाई हेर्ने समाजको नजर, प्रमाण सङ्कलनमा कठिनाई, र कानूनी प्रक्रियामा हुने ढिलासुस्ती प्रमुख हुन् । कानूनले बलात्कार पीडितलाई सुरक्षा र न्यायको मार्ग देखाए पनि, प्रभावितको न्यायमा  पहुँच नहुनु, उल्टै निजलाई हिंसाको कारण भनी दोष लगाउने, पीडक तथा निजका परिवारले न्यायलाई नै आफ्नो आर्थिक, राजनीतिक प्रभावले कमजोर बनाउनु जस्ता अवस्थाले पीडितहरू न्यायबाट वञ्चित हुने गरेको देखिन्छ ।

### ३.२.१ प्रदेशगत विवरण

बलात्कारको प्रदेशगत स्थिति हेर्दा यस वर्ष अभिलेख भएका कुल घटना १८५ मध्ये ४६ प्रतिशत (८५ जना) कोशी प्रदेशबाट रहेको, २२ प्रतिशत (४० जना) मधेश प्रदेशबाट, पाँच प्रतिशत (१० जना) बागमती प्रदेशबाट, एक प्रतिशत अर्थात एक जना गण्डकी प्रदेशबाट, पाँच प्रतिशत (नौं जना) लुम्बिनी प्रदेशबाट, १६ प्रतिशत (३० जना) कर्णाली प्रदेशबाट र पाँच प्रतिशत (१० जना) सुदूरपश्चिम प्रदेशबाट रहेको तथ्याङ्क सङ्कलन भएको छ ।





**चाँट नं : ३.२.१ :** प्रभावितको प्रदेशगत विवरण

### ३.२.२ बलात्कारका प्रकार

बलात्कारका स्वरुपलाई हेर्दा अभिलेख भएका कुल घटना १८५ मध्ये ७२ प्रतिशत अर्थात (१३४ जना) लाई बलात्कार भएको पाइएको छ भने सामुहिक बलात्कार ६ प्रतिशत (११ जना) र वैवाहिक बलात्कार ९ प्रतिशत अर्थात (१६ जना) महिला माथि भएको पाइएको छ । त्यस्तै, बलात्कारको प्रयास १३ प्रतिशत (२४ जना) महिलालाई भएको छ ।

तथ्याबाट स्पष्ट हुन्छ कि बलात्कारको समस्या गम्भीर र जटिल छ। व्यक्तिगत बलात्कारको संख्या धेरै देखा परे पनि सामूहिक र वैवाहिक बलात्कारका घटना तथा बलात्कारको प्रयास पनि समाजमा विद्यमान छन्। यी घटनाहरूले बलात्कारका विविध स्वरूपहरूको पहिचान र काननी कार्यान्वयनको आवश्यकता देखाउँछ। विशेष गरी यस तथ्यांकले समाजमा वैवाहिक सम्बन्धमा महिलामाथि बलात्कार सम्भव छैन भन्ने भनाइलाई चुनौती दिएको छ र वैवाहिक बलात्कारजस्ता संवेदनशील मुद्दाहरूमा  कानुनी व्यवस्थामा थप कडाइ गर्नपर्ने आवश्यकता छ।





**चार्ट नं : ३.२.२ :** बलात्कारको प्रकार

## ३.२.३ प्रभावितको उमेर

महिला तथा बालिका माथि सबै उमेर समूहमा पनि बलात्कार भएको तथ्याङ्कबाट देखिन्छ। यस वर्ष उमेर समूह अनुसार कुल बलात्कारका घटना मध्ये ३९ प्रतिशत (७३ जना) १८ वर्ष मुनिका बालिका तथा किशोरीहरु बलात्कृत भएका छन्। त्यसैगरी १८ देखि २५ वर्ष उमेर समूहका २४ प्रतिशत (४५ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका ३ प्रतिशत (५ जना), ४६ देखि माथि उमेर समूहका ३ प्रतिशत (६ जना) महिला बलात्कार जस्तो जघन्य अपराधको सिकार भएका छन्। यसैगरी, उमेर समूह नखुलाएका २० प्रतिशत (३७ जना) बालिका तथा महिला माथि बलात्कार

भएको देखिएकोले अभिलेख र दस्तावेजिकरण साथै प्रतिवेदन तयारी प्रक्रियामा  उमेर खुलाउन सक्ने वातावरण निर्माण गर्न आवश्यक छ भन्ने कुरा देखाउँछ। महिला तथा बालबालिकाको बढ्दो उमेरसँगै बलात्कारको अभिलेखन घट्दै गएको देखिन्छ। यसले विशेषगरी बालिका र किशोरीहरूप्रति लक्षित सुरक्षा र रोकथामका रणनीति आवश्यक रहेको संकेत गर्दछ।




**चार्ट नं. ३.२.३ :** प्रभावितको उमेरगत विवरण


### ३.२.४ शिक्षा

यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा कुल १८५ बलात्कार महिला मध्ये १७ प्रतिशत निरक्षर (३१ जना) र ८३ प्रतिशत (१५४ जना) साक्षर महिला माथि बलात्कार भएको पाइएको छ। यसैगरी, महिलाको शैक्षिक अवस्था हेर्दा ४५ प्रतिशत (७० जना) आधारभूत तह अध्ययन गरेका, ४३ प्रतिशत (६६ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा १२ प्रतिशत (१८ जना) स्नातक तह अध्ययन गरेका महिला माथि बलात्कार भएको पाइएको छ।



निरक्षर महिलाको तुलनामा साक्षर र शिक्षित महिलाहरू न्याय खोज्न र उजुरी गर्न बढी अग्रसर हुने प्रवृत्ति देखिनु सकारात्मक भए पनि यो तथ्यले मात्र जोखिमको वास्तविक अवस्था र कारणलाई पूर्ण रूपमा प्रस्ट्याउँदैन। यसले समाजमा सबै स्तरका महिला जोखिममा रहेको देखाउँछ र निरक्षर

महिलाहरूले रिपोर्ट नगर्ने सम्भावना उच्च रहेको संकेत गर्छ। तसर्थ, बलात्कार रोकथामका उपायहरूमा सबै वर्ग र शिक्षा स्तरका महिलाहरूको पहुँच सुनिश्चित गर्दै उनीहरूलाई न्याय दिलाउन थप प्रयास आवश्यक देखिन्छ।





**चार्ट नं.३.२.४ :** बलात्कार प्रभावित महिलाको साक्षरताको अवस्था




**चार्ट नं. ३.२.५ :** बलात्कार प्रभावित महिलाको शैक्षिक अवस्था

## ३.२.५ वैवाहिक स्थिति

बलात्कार र वैवाहिक अवस्था हेर्ने हो भने ६२ प्रतिशत (११५ वटा) अविवाहित महिलाहरु माथि बलात्कार भएको पाइएको छ। त्यस्तैगरी, बलात्कारमा पर्ने ३४ प्रतिशत (६२ जना) विवाहित, २ प्रतिशत (३ वटा) एकल, एक प्रतिशत (३ वटा) कानूनी र परम्परा अनुसार विवाह नगरेको तर सँगै बसेको र एक प्रतिशत वा एक जनाले पारपाचुके अर्थात सम्बन्ध विच्छेद गरिसकेका महिला रहेका छन्।





**चार्ट नं. ३.२.६ :** प्रभावित महिलाको बैवाहिक अवस्था

## ३.२.६ जात/जातीयता

बलात्कारका घटनाहरू जातीय तथा समुदायगत रूपमा विविध छन् र कुनै विशिष्ट जाति वा समुदाय मात्रै यसको जोखिममा छैन। बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २२ प्रतिशत (४१ जना) पहाडे ब्राह्मण/क्षेत्री रहेका छन्। त्यसपछि क्रमशः १६ प्रतिशत (२९ जना) तराई आदिवासी जनजाती, १५ प्रतिशत (२७ जना) तराई/मधेसी अन्य, १० प्रतिशत (१९ जना) पहाडे दलित जात जातिका रहेका छन्। यसै गरी, तराई दलित र पहाडे आदिवासी जनजाति ८/८ प्रतिशत रहेका छन् भने दुई प्रतिशत (४ जना) तराई ब्राह्मण/क्षेत्री, मुश्लिम ५ प्रतिशत (९ जना) र नखुलाएका १५ प्रतिशत अर्थात २७ जना रहेको तथ्याङ्कले देखाएको छ।

तसर्थ, जातीय, सांस्कृतिक र सामाजिक विविधताका आधारमा सबै समुदायका महिलाहरू हिंसाको जोखिममा छन् । तर, विभिन्न समुदायका महिलाहरूले भोग्नुपरेको हिंसामा सामाजिक हैसियत, पहुँच र रिपोर्टिङमा असमानता हुनसक्छ । विशेषगरी पहिचान नखुलाएका १५ प्रतिशत घटनाहरूले रिपोर्टिङ प्रक्रियामा स्पष्टता र समावेशी अभिलेखको खाँचो देखाउँछ । तसर्थ, सबै जातीय र सामाजिक समूहलाई न्याय दिलाउन लक्षित प्रयास र रोकथामका उपायहरू थप प्रभावकारी बनाउन आवश्यक छ ।





**चार्ट नं. ३.२.७:** प्रभावितको जातिगत अवस्था

## ३.२.७ पेसा व्यवसाय

बलात्कारबाट प्रभावित भएका जम्मा १८५ महिलामध्ये कम उमेरका बालिका र पढ्दै गरेका उमेर समूहका महिला तथा बालिकाको संख्या धेरै रहेको पाइएको छ । जुन कुरा ३९ प्रतिशत (७३ जना) बालिका विद्यार्थी धेरै बलात्कृत भएको तथ्याङ्कले पुष्टि गर्दछ । त्यसैगरी, २५ प्रतिशत (४६ जना) घरायसी काममा सम्लग्न, ११ प्रतिशत (२० जना) कृषि तथा पशुपालन पेसा, ८ प्रतिशत (१४ जना) दैनिक ज्याला मजदुरी गर्ने, एक प्रतिशत (२ जना) निजी क्षेत्र, २ प्रतिशत (४ जना) सामान्य व्यापार व्यवसायमा सम्लग्न र एक प्रतिशत (१ जना) सरकारी सेवामा र दुई प्रतिशत अर्थात ४ जना गैह्रसरकारी क्षेत्रमा रहेका महिला माथि बलात्कार भएको  छ । त्यस्तै ११ प्रतिशत (२१ जना) अन्य पेशा नखुलेका विभिन्न क्षेत्रमा कार्यरत महिला बलात्कृत भएका छन् ।

अत : बलात्कारका घटनाहरू समाजका सबै तह र पेसामा रहेका महिलाहरूमा हुने गरेका छन्, तर बालिका र घरायसी काममा सम्लग्न महिलाहरू सबैभन्दा बढी जोखिममा छन्। विभिन्न पेशामा सम्लग्न महिलाहरूले समान रूपले हिंसा भोग्नुपरेको भए पनि, पेसा र सामाजिक अवस्थाले रिपोर्टिङ प्रक्रियामा प्रभाव पार्न सक्छ। यसैले, सबै पेसामा रहेका महिलाहरूको सुरक्षा सुनिश्चित गर्न र बालिका तथा विद्यार्थीहरू माथिको हिंसा रोक्न विशेष नीति तथा कार्यक्रमहरू आवश्यक देखिन्छ।





**चार्ट नं ३.२.८.:** पेसागत आधारमा महिलामाथि भएको बलात्कारको अवस्था।

## ३.२.८ आरोपितसँगको सम्बन्ध

महिलाहरू अन्जानबाट भन्दा चिने जानका र आफ्नै वरीपरिका व्यक्तिहरूबाट नै बढी बलात्कृत भएका छन् । जम्मा १८५ वटा बलात्कारका घटना मध्ये सबैभन्दा बढी २२ प्रतिशत (४० जना) महिला श्रीमानबाट, यसैगरी १९ प्रतिशत (३५ जना) छिमेकीबाट, १४ प्रतिशत (२६ जना) परिवारका सदस्य जस्तै आफ्नै बाबु, काका, मामा, ससुरा, देवरबाट महिला तथा बालिकाहरू बलात्कृत भएको तथ्याङ्कले देखाउँछ । नौ प्रतिशत (१७ जना) प्रभावित आफूले आत्मीय ठानेका साथी अर्थात प्रेमीबाट, ४ प्रतिशत (८ जना) साथीबाट, पाँच प्रतिशत (१० जना) सेवा प्रदायक संस्थाका अधिकारीबाट, ७ प्रतिशत (१३ जना) समुदायका सदस्यबाट, ३ प्रतिशत (६ जना) कानूनी एवं सामाजिक परम्परा अनुरूप विवाह नगरेका तर विवाहित सरह सँगै बसेकाबाट, एक प्रतिशत (१ जना) शिक्षकबाट, १६ प्रतिशत (२९ जना) अपरिचित व्यक्तिबाट,  बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ ।

अत : बलात्कारका अधिकांश घटनाहरू नजिकको सम्बन्ध र विश्वास माथि आधारित सम्बन्धहरू भित्र हुने गरेको देखाउँछ । यसले गर्दा पीडित/प्रभावितका लागि न्याय खोज्न थप चुनौतीपूर्ण रहेको छ । त्यसैले, बलात्कार रोकथामका रणनीतिहरू तयार गर्दा विश्वासको दुरुपयोग रोक्न विशेष ध्यान दिनु आवश्यक छ । साथै, घरपरिवार र समुदाय भित्रका यस्ता घटनाहरूलाई उजागर गर्न र पीडितलाई सुरक्षित रूपमा न्याय दिलाउन प्रभावकारी कानूनी र सामाजिक हस्तक्षेप अपरिहार्य छ ।





**चार्ट नं. ३.२.९ :** प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध

### ३.२.९ प्रभावितलाई परेको असर

बलात्कारका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक र आर्थिक असर परेको पाइएको छ। जसमा कुल १८५ जना महिला माथि बलात्कार भएकोमा ७५ प्रतिशत (१३९ जना) मा सामाजिक असर परेको पाइएको छ। त्यसैगरी, ३८ प्रतिशत (७० जनामा) मानसिक असर, ३५ प्रतिशत (६४ जना) मा शारीरिक असर, ३२ प्रतिशत (५९ जना) मा आर्थिक असर परेको पाइएको छ। तथ्याङ्कलाई राम्ररी नियाल्ने हो भने एक जना महिलालाई एउटै हिंसाले धेरै प्रकारको असर परेको पनि पाइएको छ।

समग्रमा, बलात्कारको पीडित महिलाहरूको जीवनका विभिन्न आयाममा गम्भीर असर परेको छ, र यसले समाजमा यौन हिंसा विरुद्धको संघर्षलाई अझ प्रभावकारी बनाउनका लागि आवश्यक कदम चाल्नुपर्ने संकेत गर्दछ। यस्ता घटनाहरूको पुनरावृत्ति रोक्नका लागि मानसिक, शारीरिक, सामाजिक र आर्थिक पुनर्स्थापनामा ध्यान दिन आवश्यक छ।




**चार्ट नं. : ३.२.१०** प्रभावितलाई परेको असर

## निष्कर्ष

नेपालमा बलात्कारका घटनाहरू गम्भीर र जटिल समस्याका रूपमा विद्यमान छन् । यो बढ्दो प्रवृत्ति संख्यात्मक मात्र नभएर उमेर र क्षेत्रगत रूपमा पनि विस्तारित भएर नेपाली समाजमा बलात्कार संस्कृति कै रूपमा संस्थागत हुन खोज्दै छ । व्यक्तिगत, सामूहिक, र वैवाहिक बलात्कारका साथै बलात्कारको प्रयासले समाजमा बलात्कारका अनेक स्वरूपहरू विद्यमान रहेको संकेत गर्छ । विवाहित महिलालाई उनीहरुकै श्रीमान्ले बलात्कार गरेको देखिनु र यस वर्ष सबैभन्दा बढी बलात्कारका पीडक श्रीमान् भनी अभिलेख हुनुले हाम्रो समाजमा विवाहित महिलालाई श्रीमान्ले बलात्कार गर्नै सक्दैन भन्ने भ्रमलाई चुनौति दिएको छ । विवाह गर्नु भनेको पुरुषलाई उसको यौन इच्छा जे सुकै गरी श्रीमतीले पूरा गरिदिनु पर्ने भन्ने होइन । विवाहित अवस्थामा पनि श्रीमतीको सहमति चाहिन्छ भन्ने विषयमा श्रीमान्हरुले वास्ता नगरेको र श्रीमतीलाई यौन चाहना मेटाउन वस्तुको रुपमा हेर्ने गरेको देखिन्छ । यो सोच श्रीमान्हरुको मात्र सोच होइन, नेपाली सामाजिक संरचनाले हुर्काइ बढाइ गरेको पितृसत्तात्मक सोच हो र यसको परिणाम नकरात्मक नै हुन्छ ।

बालिका र किशोरीहरू माथि अधिक बलात्कारका घटना भएको तथ्य (३९ प्रतिशत) ले किशोरीहरु नेपाली समाजमा कति असुरक्षित रहेछन् भनेर देखाएको छ । उनीहरुलाई चिनेजानेका र घर भित्रैका परिवारका सदस्यले बलात्कार गरेको देखिनुले पीडित महिलाहरूका लागि न्याय प्राप्ति कठिन बनाएको छ । किशोरीहरु आफ्नो परिवार, नातागोता र समाजको डरले उजुरी दिन हिच्किचाउँछन् । उनीहरू घटना बाहिर ल्याउँदा दोहोरो पीडामा पर्छन्, एक बलात्कारको अर्को सामाजिक लाञ्छनाको । त्यसैले बलात्कार लगायत महिलाको यौनिकता र सामाजिक इज्जतसँग जोडिएका लैङ्गिक अपराधहरू समयमै सतहमा आउँदैनन्, आए पनि समयमा उचित तरिकाले सम्बोधन हुँदैनन् र महिलाको पहिचानलाई चुनौती दिने बलात्कार र यौनजन्य अपराध संस्कृतिका रूपमा समाजमा मौलाउन थाल्छ । अहिले सतहमा आएका प्रतिनिधिमूलक घटनाहरूले यही सङ्केत गर्छन् ।

त्यस्तै, यस तथ्याङ्कले नेपाली समाजमा महिलाहरुमा जातीय र पेशागत विभाजन देखिए तापनि सबै समुदायका महिलाहरूमा बलात्कारको जोखिममा छन् भन्ने देखिन्छ । अशिक्षित भन्दा शिक्षित महिलाहरूले घटना अभिलेखिकरण गराएकाले शिक्षित महिलाहरु आफू विरुद्ध भएका हिंसाका

बारेमा आवाज उठाउन अग्रसर हुन्छन् भन्ने देखाएको छ। त्यसैले, विद्यालय तह देखि नै छात्र र छात्रालाई यौन शिक्षा पढाउन आवश्यक हुन्छ। साथै, विद्यालयमा छात्राहरूलाई प्रतिरोध गर्न सक्ने क्षमता विष्यक तालिम तथा शिक्षा दिने व्यवस्था अर्को प्रभावकारी उपाय हुन सक्छ।

बलात्कारीहरू अपराधी हुन् र तिनलाई कानुन बमोजिम कारवाही हुनुपर्छ। तर अपवाद बाहेक अपराधीलाई कानूनको कठघरामा ल्याउनु देशको अपराध नियन्त्रणको वागडोर सम्हालेको नेपाल प्रहरीलाई ढुङ्गाको चिउरा चपाउनु सरह भएको छ। सरकारी तथ्याङ्क अनुसार नै अदालत पुगेका बलात्कारका घटनाका २५% मुद्दा मात्रै सफल भएका छन्। अर्थात् ७५ प्रतिशत मुद्दाका अभियुक्तले सफाइ पाउँछन्। शक्तिको दुरुपयोग, राजनीतिक संरक्षण, आर्थिक प्रलोभन, नातावाद, कृपावाद जस्ता प्रवृत्तिले पीडकलाई समाजमा उन्मुक्ति दिएको छ। बलात्कारका घटना युवा पुस्तामा विशेष रूपमा देखिनु र बालकहरू समेत यस अपराधमा संलग्न भएको यस वर्षको अन्वेषीको तथ्याङ्कमा पाइएको छ। यसरी उत्पादनशील, उच्च शिक्षा हासिल गर्ने, आफ्नो र देशको सुन्दर भविष्यको जग बसाउन मेहनत गर्नु पर्ने उमेरका युवा यस्तो जघन्य अपराधमा किन संलग्न भइरहेका छन् भन्ने विषयमा सरकारले अझ थप अनुसन्धान गरी समाधानको बाटो तर्फ जानु पर्ने देखिन्छ। साथै युवा पुस्तामा यौनिक हिंसाको प्रवृत्ति र सामाजिक-आर्थिक र सांस्कृतिक कारकहरूलाई पुनः मूल्याङ्कन गर्नुपर्ने आवश्यकतालाई जनाउँछ।

बलात्कृत किशोरीलाई यौनिकताका आधारमा सामाजिक-सांस्कृतिक रूपमा बहिष्कार गरिन्छ। बलात्कार पश्चात पीडित महिलाहरुले आफ्नो व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा विविध खालका गहिरो र दीर्घकालीन नकरात्मक असर भोग्नु परेको छ। बलात्कार पीडितले शारीरिक रूपमा घाउ चोटपटक मात्र सहेका हुँदैनन्। उनीहरुलाई मानसिक र भावनात्मक रूपमा गहिरो असर परेको हुन्छ । PTSD (Post–Traumatic Stress Disorder), डिप्रेशन, चिन्ता, आत्मग्लानि, डर, र अनिद्रा जस्ता समस्याहरु उत्पन्न हुन्छन् र कतिपयले आत्महत्यको प्रयास पनि पटक पटक गरेका छन्। त्यस्तै, बलात्कार पीडितले उनीहरुको स्वास्थ्योपचारको दीर्घकालीन उपचार, कानूनी लडाईं लगायतका प्रक्रियाहरुमा आर्थिक चुनौतीको सामना गर्नुपर्छ। घटना पश्चात आफ्नो सुरक्षा तथा समाजले प्रभावित भनी नकरात्मक दृष्टिकोणले हेर्ने गर्दा प्रभावितहरुले काममा फर्किन नसक्ने, समाजबाट बहिष्कृत भएर आर्थिक रुपमा परनिर्भर बन्नुपर्ने अवस्था छ भने पीडकहरु

खुलेआम हिँडिरहेका छन् । यो अवस्था बलात्कार प्रभावितलाई नै यस्तो जघन्य अपराधको सम्पूर्ण भागिदार बनाउने, बलात्कारको अपराधीलाई नै बालिका तथा किशोरी जिम्मा लगाउने जस्ता महिलाको आत्मसम्मान विरोधी कार्यहरु, विभेदकारी सामाजिक संरचना र सोचका कारणले गर्दा सिर्जित भएको अवस्था हो । त्यसैले बलात्कृत महिला र किशोरीले घटना पश्चात भोग्ने शारीरिक, मानसिक, सामाजिक तथा घरेलु हिंसा र विभेदको विश्लेषण गर्न राज्य अझै चुकेको देखिन्छ ।

अतः कडा कानूनको व्यवस्था र प्रभावकारी कार्यान्वयन, निष्पक्ष छानविन तथा प्रभावित तथा पीडितलाई न्याय, सहज चुस्त दुरुस्त र संरक्षित महिलामैत्री उजुरी प्रक्रिया बनाउन आवश्यक छ । साथै, प्रभावित/पीडित प्रभावितलाई सुरक्षित र न्याय महसुस गराउन उनीहरुलाई स्वास्थ्य परिक्षण, कानूनी परामर्श तथा सहायता, र आर्थिक निर्भर जस्ता दीर्घकालीन कार्यक्रमहरूमा समावेश गराउन आवश्यक देखिन्छ । अन्ततः प्रभावित/पीडित र पीडितका परिवारलाई मनोसामाजिक परामर्श दिनु जरुरी हुन्छ जस्तै, परिवारले प्रभावित तथा पीडितलाई कसरी सम्हाल्ने र आफू कसरी सम्हालिने भनेर बुझ्न सकेमा उनीहरुलाई परिवार र समाजमा पुनर्स्थापनामा गर्न सकिन्छ । अन्ततः नेपाली समाजमा अहिले महिला हिंसा नगर्ने, भएको हिंसालाई प्रतिकार गर्ने र तुरुन्त कानूनी उपचार भई प्रभावित तथा पीडितले न्याय र पीडकले सजाय पाउने व्यावहारिक अभ्यासको खाँचो छ । महिलाको आफ्नो शरीरमाथिको आफ्नो अधिकार र नियन्त्रणको सुनिश्चितताको विकल्प छैन ।

## घटना नं: ३

### बलात्कार

बर्षीय रमिला (परिवर्तित नाम) ६ कक्षामा अध्ययनरत छिन्। फुपुको घरमा बसेर पढिरहेकी उनी  गत जेठ महिनामा केही दिन विद्यालय छुट्टि भएपछि आमासँग आफ्नो घरमा आइन्। साँझमा खाना खाइसकेपछि छिमेकीको घरमा टिभी हेर्न गइन्। टिभि हेरेर फर्कने क्रममा ३० बर्षीय छिमेकीले नजिकैको बाँसको झ्याङ्गमा लगेर मुख थुनेर जबरस्ती बलात्कार गरे। रातको १२:०० बजे बल्ल उनी जसोतसो भाग्न सफल भइन्। आफू माथि भएको घटनाको बारेमा कसैलाई भने मार्ने धम्की दिएकोले उनले आमाले घटनाको बारेमा थाहा पाउँछिन् कि भनेर त्यो दिन घर नगई साथिकोमा गएर सुतिन्। भोलिपल्ट घरमा आमाले रातभरी कहाँ गएर आएकी भन्दा पनि केही भनिनन्। तर आरोपित व्यक्तिले नै यस घटनाको बारेमा आफ्ना साथीहरुसंग भने पछि घटना बाहिर आयो। घटना बाहिरिए लगत्तै प्रभावितका आफन्त र घरपरिवार मिलेर घटनामा आरोपित व्यक्तिले रमिलाको जिम्मा लिनुपर्ने भनेर आरोपितको घरमा गए। उसका श्रीमती र छोराछोरी पनि भएकोले यस घटनालाई कानूनी प्रक्रियामा लैजानु पर्छ भनी प्रहरीमा खबर गरे।

## घटना अध्ययन ४

### बैवाहिक बलात्कार

रजनी (परिवर्तित नाम) को ८ वर्ष अघि मागी विवाह भएको थियो। उनको श्रीमान् कम्प्युटर ईन्जिनियर र दुवईमा  बसेर काम गर्थे। रजनी पनि पढाइमा निकै जान्ने थिइन्। यद्यपि घरको आर्थिक अवस्थाको कारणले निकै संघर्ष गरेर स्टाफनर्स पढेकी थिइन्। आफ्नो खुट्टामा उभिनु पर्छ  भन्ने सोच उनमा थियो। नेपालमा हुँदा उनीहरुको सम्बन्ध राम्रो थियो। जब श्रीमान् बैदेशिक रोजगारीमा

गए श्रीमानले शँकाको दृटिले हेर्ने थाले । परिवारले हरेक कुरामा चित्त नबुझ्र्ाउने नराम्रो भन्ने, नराम्रो व्यवहार गर्न थाले। श्रीमान् श्रीमती दुबै जना बैदेशिक रोजगारीमा जाने भन्ने सोच बनाएर घर सल्लाह गर्दा श्रीमतीलाई बाहिर लैजाँदा **उ परपुरुषसँग लाग्छे, राम्रो सम्बन्ध हुँदैन, सम्बन्ध विर्गिन्छ** भनेर घर परिवारले भने पछि बैदेशिक रोजगारीमा गएका श्रीमान् नेपाल फर्केर आए र आफ्नो परिवारले गर्दै आएको तरकारी व्यापार गर्न थाले । उनी नर्सिङ्ग सकेर अस्पतालमा काम गरिरहेकी थिइन् । यसरी उनी काम गर्न जाँदा उनका श्रीमान्ले दिनहुँ "**त बाहिर गएर काम नगर, यहि घरमा बस, तलाई घरको काम गर्नलाई विवाह गरेको हो, बाहिर गएर दुनियासँग सुत्छेस, डक्टरसँग सुत्छेस** भनेर गालिगलौज गर्दथ्यो । उनको श्रीमान्ले रातको समयमा उनको मन्जुरी विना जबरजस्ति यौन सम्पर्क गर्ने गर्दथ्यो । उनले आफुलाई ईच्छा नभएको बेला पनि जबरजस्ति गर्ने यौन सम्पर्कले आफुलाई शारीरिक र मानसिक रुपमा पीडा हुने बताइन् । उनी गर्भवति भएको बेला पनि श्रीमान्ले कुटपिट गरेको र पेटमा लात्तिले समेत हानेका कारण उनी घर छोडेर भाडामा बस्न थालिन् । केहि दिनपछि श्रीमान्ले अब केही नगर्ने सर्तमा घर लिएर गयो । तर पुनः यस्तै घटना दोहोरिएपछि उनी न्यायका लागि नजिकैको वडा र पालिकामा छलफलका लागि गइन् । न्यायीक समितिले छलफलमा बोलाएर यस्तो जधन्य अपराधमा पनिमेलमिलाप गरेर पठाउँथे । अहिले छोरा पनि ६ वर्षको भई सकेको छ, धेरै मानसिक तनाब भएको कारण उनी ५/६ वर्ष यतादेखि मानसिक रोगको शिकार भएर मनोचिकित्सको सल्लाहमा औषधि सेवन गर्दै आएकी छन् । केहि महिना अगाडि उनी माथि फेरी गालिगलौज गर्दै घरबाट जवरजस्ती निकाला गरियो । हाल उनी आफ्नो छोरालाई लिएर फेरी कोठा भाडामा बस्दै आएकी छन् । उनको उजुरीमा पुनः न्यायिक समितिमा छलफल चलिरहेको छ तर उनी भन्छिन् "**म अव मेलमिलाप नगर्ने, उसँगबाट सम्बन्ध विच्छेद गर्ने निर्णय मेरो हो ।**"

## घटना अध्ययन ५

### हाडनाता करणी

५ कक्षामा अध्ययनरत १३ वर्षीय पुनम (परिवर्तित नाम) आफ्नो दाजु र बहिनी सहित मामाघरको हजुरबुवा, हजुरआमासंग बस्छिन् । एक वर्ष पहिले देखि १८ बर्षीय उनका दाजुले हजुरबुवा र हजुरआमा घरमा नभएको बेला जबरजस्ती बलात्कार गर्ने गरेको यस बारेमा कसैलाई भने मार्ने धम्की दिएकोले उनले कसैलाई पनि भन्न सकेकी थिइनन् । पटक पटकको बलात्कारबाट उनको गर्भ बसेको कुरा महिनावारी रोकिएपछि मात्र थाहा भयो । कसैलाई भने दाजुले मार्छ भन्ने डरले कसैलाई भन्न सकेकी थिइनन् । उनको पेट पनि बढ्दै गएको र महिनावारी नभएको भन्ने थाहा पाएपछि हजुरबुवा र हजुरआमाले स्वास्थ्य संस्थामा चेक जाँच गराउन लगेपछि १४ हप्ताको गर्भ रहेको थाहा भयो । त्यसपछि मात्र पुनमले सबै कुरा भनेपछि वडाध्यक्ष र परिवारको सहयोगमा दाजु विरुद्ध उजुरी दिए । अहिले गर्भपतन गरेर उनलाई कसैले पनि स्विकार नगर्ने र घर लान नमानेपछि सुरक्षावासमा बसिरहेकी छन् ।


## ३.३ यौन दुर्व्यवहार

यौन दुर्व्यवहार भन्नाले कुनै व्यक्तिको इच्छा र सहमती विपरीत गरिएको यौनजन्य क्रियाकलाप वा दुर्व्यवहारजन्य आचरणलाई जनाउँछ । यसमा शारीरिक सम्पर्कदेखि मानसिक दबाबसम्मका क्रियाकलापहरू समावेश हुन्छन्, जसले पीडितको आत्मसम्मान, मानसिक अवस्था, शारीरिक तथा यौनिक स्वास्थ्य माथि गम्भीर असर पुर्‍याउँछ । यौन दुर्व्यवहारलाई हाम्रो जस्तो नेपाली समाजमा रहेको लैङ्गिक विभेद, पितृसत्तात्मक सोच, असमान शक्ति सम्बन्ध, र कमजोर कानूनी कार्यान्वयनले बढावा दिएको पाइएको छ । त्यस्तै, हाम्रो समाजमा यस्ता घटनाहरूले सतहमा आउन कठिनाइ भोग्छन्, किनभने पीडितलाई नै दोषारोपण गर्ने, चुप बस्न बाध्य पार्ने, र न्यायको पहुँचबाट टाढा राख्ने प्रवृत्ति प्रचलित छ । परिवार, कार्यक्षेत्र, शैक्षिक संस्था वा सार्वजनिक स्थानमा हुने यौन दुर्व्यवहारका घटनाले नारी स्वतन्त्रता र मर्यादामा गम्भीर आँच पुर्‍याउने गरेका छन् । त्यसैले, यौन हिंसाका घटना न्यूनीकरणका लागि कानूनी पहुँच सुनिश्चित गर्नलाई प्राथमिकता दिन

आवश्यक छ । साथै, पीडितलाई सहज रूपमा सहयोग प्राप्त हुने वातावरण सिर्जना गर्न र घटना प्रतिवेदनलाई प्रोत्साहित गर्न सबै क्षेत्रले समन्वयात्मक प्रयास गर्नुपर्ने देखिन्छ ।

नेपालमा मुलुकी अपराध संहिता २०७४ ले दफा २२४ मा यौनजन्य दुर्व्यवहार गर्न नहुने भनी कानूनी व्यवस्था गरेको छ । सो अनुसार कसैले आफ्नो पति या पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मन्जुरी बिना करणीको आशयले समातेमा, छोएमा वा निजको संवेदनशील अंग छोएमा वा छुने प्रयास गरेमा निजको भित्री पोसाक लगाउन वा खोल्न कुनै अवरोध गरेमा, निजसँग अश्लील शब्द मौखिक लिखित या सांकेतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लील चित्र, तस्बिर देखाएमा यौनको आशयले जिस्काएमा वा कुनै किसिमबाट हैरानी दिएमा वा निजसँग अस्वाभाविक अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निज व्यक्तिले यौन दुर्व्यवहार गरेको मानिनेछ भनी यौन दुर्व्यवहारको परिभाषा गरेको पाइन्छ । त्यस्तै, घरबाहिर काम गर्ने महिलाको सुरक्षाको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ समेत निर्माण भैसकेको छ ।

## ३.३.१ प्रदेशगत विवरण





**चाट नं. ३.३.१ :** यौन दुर्व्यवहार र प्रदेशगत विवरण

यौन दुर्व्यवहारको समस्या नेपालका सबै प्रदेशमा विद्यमान रहेको प्रस्ट हुन्छ। कोशी प्रदेशमा जम्मा २६ प्रतिशत (६ जना), मधेश प्रदेशमा २२ प्रतिशत (५ जना), बागमती प्रदेशमा ९ प्रतिशत (२ जना), लुम्बिनी प्रदेशमा चार प्रतिशत (एक जना), गण्डकी र कर्णाली प्रदेशमा १७ प्रतिशत (४/४ जना) र सुदूरपश्चिम प्रदेशमा ४ प्रतिशत (एक जना) महिला माथि यौन दुर्व्यवहारका घटना भएको पाइएको छ।

### ३.३.२ प्रभावितको उमेर

महिला तथा बालिका माथि सबै उमेर समूहमा पनि यौन दुर्व्यवहार भएको तथ्याङ्कबाट देखिन्छ। यस वर्ष उमेर समूह अनुसार कुल यौन दुर्व्यवहारका घटना मध्ये १७ प्रतिशत (४ जना) १८ वर्ष मुनिका बालिका तथा किशोरीहरु माथि यौन दुर्व्यवहार भएका छन्। त्यसैगरी, १८ देखि २५ वर्ष उमेर समूहका ३५ प्रतिशत (८ जना), २६ देखि ३५ उमेर समूहका पनि ३५ प्रतिशत अर्थात ८ जना नै रहेका छन् भने ३६ देखि ४५ वर्ष उमेर समूहका ४ प्रतिशत (१ जना), ४६ देखि ५५ उमेर समूहका ९ प्रतिशत (२ जना) रहेका छन्।





**चार्ट नं. ३.३.२ :** प्रभावितको उमेर

यौन दुर्व्यवहार केवल उमेरसँग सम्बन्धित समस्या नभई समाजको संरचनात्मक समस्या हो । सबै उमेर समूहका महिलाहरूले यस्तो हिंसाको सामना गरिरहनु भनेको महिलामाथि हुने यौन दुर्व्यवहार रोक्न कानून कार्यान्वयन र जनचेतना अभिवृद्धिमा थप प्रयासको खाँचो रहेको छ । विशेष गरी, बालिका र युवतीहरू जोखिममा रहनु र वृद्ध महिलाहरूमा समेत यौन हिंसा दर्ता हुनु गम्भीर चिन्ताको विषय हो ।

### ३.३.३ शिक्षा

यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा कुल २३ यौन दुर्व्यवहारका घटना मध्ये ८७ प्रतिशत साक्षर (२० जना) र १३ प्रतिशत (३ जना) निरक्षर महिला माथि यौन दुर्व्यवहार भएको पाइएको छ । यसैगरी, महिलाको शैक्षिक अवस्था हेर्दा ४३ प्रतिशत (१० जना) आधारभूत तह अध्ययन गरेका, ३० प्रतिशत (७ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा ९ प्रतिशत (२ जना) जना स्नातक तह र ४ प्रतिशत (एक ना) प्रौढ शिक्षा अध्ययन गरेका महिला माथि यौन दुर्व्यवहार भएको पाइएको छ । तर अभिलेख गरिएको तथ्याङ्कमा न्याय खोज्न वा उजुरी गर्न निरक्षर महिला भन्दा साक्षर र शिक्षित महिला बढी अग्रसर र सचेत भएका कारणले पनि साक्षरताको धेरै र निरक्षर महिलाको संख्या थोरै भएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।




**चाटर् नं. ३.३.३ :** प्रभावितको साक्षरताको अवस्था

### ३.३.४ वैवाहिक स्थिति


यौन दुर्व्यवहारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ७४ प्रतिशत (१७ जना) विवाहित महिला रहेका छन् भने २६ प्रतिशत (६ जना) अविवाहित रहेका छन् । यौन दुर्व्यवहार विवाहित र अविवाहित दुवै प्रकारका महिलाहरूमा भएको पाइएको छ । विवाहित महिलाहरूमा यस्तो हिंसा प्रायः पति वा परिवारका सदस्यहरूबाट हुने सम्भावना उच्च रहन्छ, जसले वैवाहिक सम्बन्धमा लैङ्गिक असमानता र पुरुष वर्चस्वलाई उजागर गर्दछ । यो आँकडाले विवाहको स्थिति कुनै सुरक्षा कवच नभएको र सबै उमेर र वैवाहिक अवस्थाका महिलाहरू हिंसाको शिकार बन्न सक्ने कुरालाई पुष्टि गर्दछ ।




**चार्ट नं. ३.३.४ :** प्रभावितको वैवाहिक स्थिती

### ३.३.५ जात/जातीयता


महिला हिसांलाई कुनै पनि जात जातीयताले रोक्दैन भन्ने कुरा अगाडिका विवरणले देखाइसकेको छ। यौन दुर्व्यवहार प्रभावित महिलाहरूको जातिगत तथ्याङ्कलाई हेर्ने हो भने सबैभन्दा बढी २६ प्रतिशत (६ जना) ब्राम्ह्ण/क्षेत्री पहाडे जातिका रहेका छन्। त्यस्तै, पहाडे दलितको संख्या पनि ब्राम्ह्ण/क्षेत्री पहाडे बराबर नै रहेको छ जुन २६ प्रतिशत अर्थात ६ जना, २२ प्रतिशत (५ जना) पहाडे आदिवासी जनजाति, १३ प्रतिशत (३ जना) तराई दलित, ९ प्रतिशत (२ जना) मधेशी र ४ प्रतिशत एक जना रहेको छ। यो तथ्याङ्कले देखाउँछ कि यौन दुर्व्यवहार कुनै एक जाति वा समुदायमा मात्र सीमित छैन, सबै जाति तथा समूहका महिलाहरू समान रूपमा हिंसाको सिकार भइरहेका छन्। जातीय र सामाजिक स्तरमा भिन्नता हुँदाहुँदै पनि यौन हिंसामा समानता देखिनुले जातीय पहिचान भन्दा गहिरो सामाजिक संरचनागत परिवर्तनको आवश्यकता देखाउँछ।




**चार्ट नं. ३.३.५** : प्रभावितको जात/जातियता

### ३.३.६ पेसा व्यवसाय


यौन दुर्व्यवहार प्रभावित भएका जम्मा २३ जना मध्ये ३९ प्रतिशत (९ जना) घरायसी काममा संलग्न महिला रहेका छन् । घरेलु कामदार महिलाहरू सामाजिक र कानूनी सुरक्षा प्रणालीबाट प्रायः टाढा हुने भएकाले उनीहरू यौन हिंसाको उच्च जोखिममा रहेको देखिन्छ । स्कुल पढ्दै गरेका बालिका तथा महिला बालिकाको संख्या पनि धेरै नै रहेको पाइएको छ । जुन कुरा २६ प्रतिशत (६ जना) बालिका विद्यार्थीमा यौन दुर्व्यवहार भएको तथ्याङ्कले पुष्टि गर्दछ । शैक्षिक संस्थाहरूमा समेत सुरक्षा चुनौती रहेको संकेत यी तथ्याङ्कले गर्छ । बालिका विद्यार्थीहरू यौन दुव्यवहारको जोखिममा परिरहेको तथ्यले विद्यालय र शैक्षिक स्थानमा सुरक्षाका लागि प्रभावकारी उपायहरू आवश्यक रहेको देखाउँछ । त्यसैगरी, १३ प्रतिशत (३ जना) दैनिक ज्याला मजदुरी गर्ने, ९ प्रतिशत (२ जना) कृषि पेसा, ९ प्रतिशत (२ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, चार प्रतिशत (१ जना) गैरसरकारी क्षेत्रमा रहेका महिला माथि यौन दुर्व्यवहार भएको  छ । यी तथ्यहरूले औपचारिक सुरक्षा व्यवस्थाको कमी भएका क्षेत्र र रोजगारीका असंगठित क्षेत्रहरूमा महिला हिंसाको जोखिम उच्च हुने देखाउँछ ।




**चार्ट नं. ३.२.६ :** प्रभावितको पेशा

### ३.३.७ आरोपितसँगाको सम्बन्ध


महिलाहरू अञ्जानबाट भन्दा चिने जानका र आफ्नै वरीपरिका व्यक्तिहरूबाट नै यौन दुर्व्यवहारमा परेका छन् । जम्मा २३ वटा दुर्व्यवहारका घटना मध्ये सबैभन्दा बढी ४२ प्रतिशत (१० जना) छिमेकीबाट दुर्व्यवहार भएको पाइएको छ । यसैगरी, १७ प्रतिशत आफूले आत्मिय ठानेको व्यक्ति अर्थात प्रेमीबाट भएको पाइएको छ भने १३ प्रतिशत (३ जना) अपरिचित व्यक्तिबाट, ९/९ प्रतिशत (२/२) समुदायका सदस्य र अविवाहित तर सँगै बसेको व्यक्तिबाट र ४/४ प्रतिशत (१ /१ जना) आफ्नै शिक्षक र श्रमान्बाट दुर्व्यवहार भएको तथ्याङ्क प्राप्त भएको छ । यसले सामाजिक सम्बन्धमा विश्वास र सीमाको उल्लङ्घनलाई उजागर गर्छ ।




**चार्ट नं. ३.३.७ :** प्रभावित र आरोपितको सम्बन्ध

### ३.३.८ प्रभावितलाई परेको असर

यौन दुर्व्यवहारले महिलाहरूको जीवनमा बहु-आयामिक असर पार्ने देखाउँछ। महिला माथि हुने यौन दुर्व्यवहारका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका असर परेको पाइएको छ। जसमा कुल २३ जना महिला माथि यौन दुर्व्यवहार भएकोमा ८३ प्रतिशतमा (१९ जना) मानसिक असर, ७८ प्रतिशतमा (१८ जना) सामाजिक असर, ७४ प्रतिशतमा (१७ जना) आर्थिक असर, ७० प्रतिशतमा (१६ जना) शारीरिक असर परेको पाइएको छ।




**चार्ट नं. ३.३.८** : प्रभावितलाई परेको असर

यौन दुर्व्यवहारको असर केवल मानसिक वा शारीरिक मात्र नभई सामाजिक र आर्थिक क्षेत्रमा समेत गहिरो छ। पीडित महिलाहरूले समाजमा कलङ्कको डर, आर्थिक अवसर गुमाउनु, र मानसिक तनावको सामना गर्नु परेको अवस्था छ। यस्ता घटनाहरू न्यूनीकरणका लागि मनोसामाजिक परामर्श, पुनःस्थापना, र सामाजिक समर्थन आवश्यक छ। आर्थिक निर्भरता हटाउन र पीडितलाई सशक्त बनाउन रोजगार र सीपमूलक तालिमहरू प्रर्वधन गर्नुपर्ने आवश्यकता देखिन्छ।

## निष्कर्ष

यौन दुर्व्यवहारको समस्या नेपालका सबै प्रदेशमा व्याप्त छ। महिला तथा किशोरीहरु माथि उनीहरुको इच्छा विपरित यौनिक गतिविधिहरु जस्तै आफूलाई असहज लाग्ने छुवाइ, हेराइ, हाउभाउ, जिस्काउने, आँखा भिम्काउने, अश्लिल शब्द प्रयोग गर्ने, जथाभावी छुने, यौनजन्य सामाग्री देखाउने जस्ता गतिविधिहरु हुने गरेका छन्। वस्तुतः यौनजन्य दुर्व्यवहार महिला विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण व्यवहार हो र यौनजन्य दुर्व्यवहार शारीरिक, मौखिक, लिखित र आचरणद्वारा हुने गर्दछ भने यसको कारण हेर्दा महिला विरुद्ध हुने यौनजन्य दुर्व्यवहार महिलाको व्यक्तिगत स्वतन्त्रता तथा मौलिक हक एवं मानव अधिकार विरुद्ध हुने यौन प्रकृतिको कार्य हो।

यस वर्ष सङ्कलित तथ्याङ्कले सबै उमेर समूहका, शैक्षिक अवस्था, वैवाहिक स्थिति, जात, व्यवसाय गर्ने महिलाहरु यसको जोखिममा रहेको देखिन्छ। मुख्यतः यौन दुर्व्यवहारको घटनाहरू सम्पूर्ण उमेर समूह र जाति/जातीयताका महिलाहरूमा देखा परे पनि किशोरी र युवा महिलाहरू उच्च जोखिममा छन् भने विवाहित महिलाहरू पनि आफ्नै परिवार भित्रबाट दुर्व्यवहारको सामना गर्न बाध्य छन् भन्ने देखिन्छ। विवाहित महिला विवाह पश्चात परिवार र समाजमा सुरक्षित अझै हुन नसकेको अवस्था यस तथ्याङ्कले देखाएको छ। त्यस्तै, घरेलु काममा संलग्न महिला र बालिका विद्यार्थीहरू पनि यौन हिंसाको उच्च जोखिममा देखिएका छन्, जसले रोजगारीका असंगठित क्षेत्र र शैक्षिक संस्थाहरूमा सुरक्षा अभावलाई औंल्याउँछ। मुख्यत : घर परिवार, कार्यालय तथा समाजमा चिनेका व्यक्तिहरूबाट नै महिलाहरू बढी यौन दुर्व्यवहारमा पर्ने गरेका तथ्यले सामाजिक सम्बन्धमा सीमाको उल्लङ्घन र विश्वासघातलाई उजागर गरेको छ जुन पितृसत्ताको

उपज हो । त्यस्तै, महिला विरुद्धका हिंसाका घटनामा भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन नहुनु, समुदायमा कानूनको अनविज्ञता वा कम जानकारी, न्याय प्रणाली लैङ्गिक उत्तरदायी र संवेदनशील हुन नसक्नु, कानून कार्यन्वयन गर्ने निकायहरुको लैङ्गिकता प्रतिको सम्बेदनशीलतामा कमी, सार्वजनिक स्थानमा हुने महिला विरुद्धका हिंसाका घटनालाई सामान्यीकरण गरिने परिपाटि, हिंसाका सम्बन्धमा महिलाले भोगेका भोगाईहरुलाई न्याय सम्पादन गर्ने क्रममा मान्यता नदिइने जस्ता कुराहरुले गर्दा यौन दुर्व्यवहार प्रभावितहरुको न्यायीक प्रकृयामा अझै सहज पहुँच छैन ।

यौन दुर्व्यवहार पश्चात प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, र आर्थिक गरी बहुआयामिक असर पार्ने देखिन्छ । पीडित महिलाहरू मानसिक तनाव, आर्थिक अवसर गुमाउनु, र समाजमा कलङ्कको सामना गर्न बाध्य हुने अवस्थामा छन् । त्यसैले, यसका लागि सर्वप्रथम नेपालको कानूनलाई नै सुधार गर्नुपर्ने आवश्यकता छ । जस्तै, यौन दुर्व्यवहारको परिभाषालाई नै हेर्ने हो भने नेपाली कानूनले श्रीमान्ले श्रीमतीलाई यौन दुर्व्यवहार गर्न सक्दैन भन्ने छ । यसको प्रभाव घटना अभिलेखिकरणको समयमा पनि देखिन्छ । विवाहित महिलाले श्रीमान्ले आफू उपर यौन हिंसा गरेको उजुरीहरु वैवाहिक बलात्कार मात्र रहेको छ । अर्कोतिर कानूनले १८ वर्ष भन्दा माथिका महिलालाई यौन दुर्व्यवहार भएमा त्यसलाई व्यक्तिवादी फौजदारी अपराध मानेको अवस्था छ भने कार्यालयमा यौन दुव्यवहार हुँदा जिल्ला प्रशासनलाई समेत मुद्दा हेर्ने अधिकार दिएको छ । यस्ता कानूनी प्रावधानले महिला माथि हुने गरेका दुर्व्यवहारलाई साधारण बनाएको अवस्था छ भने कानूनमा नै परिमार्जन गर्नु पर्ने अवस्था देखिन्छ । त्यस्तै, यौन दुर्व्यवहार अनलाइन माफत् समेत हुने गरेकोमा सो सम्बन्धि नयाँ कानून निर्माण गर्नुपर्ने आवश्यकता छ । यसका साथै, प्रभावितहरुलाई निजहरुको आवश्यकता र चाहना अनुसार घर, परिवार र समाजमा पुनःस्थापना गराउने, मनोपरामर्श सहयोग गर्ने, र रोजगारसँग सम्बन्धित सीप विकास तथा नयाँ रोजगारी दिने व्यवस्था गर्न आवश्यक छ ।

### (ख) घरेलु हिंसा

व्यक्तिले सबैभन्दा आनन्द र सुरक्षित महसुस गर्ने स्थान घर हो । व्यक्तिले साथ, समर्थन, माया, भरोसा पाउने परिवारबाट हो । यद्यपि महिलाको हकमा परिवारले नै विभेद  गर्ने र हक प्राप्तिमा बाधक बन्ने  प्रमुख स्थल भएको देखिन्छ । यस कारणले गर्दा कतिपय महिलाहरु आफ्नै घरमा असुरक्षित र परिवारका सदस्यबाटै जीवनहरणमा परेका देखिन्छन् ।  घरेलु हिंसा हरेक देश, समाज, जाति, वर्ग र धर्ममा व्याप्त छ । यो परम्परागत रूपमा चलिआएको महिला विरुद्ध हुने हिंसाको सबैभन्दा पुरानो रूप हो । नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रुपमा लिई यो सामाजिक र बाहिरी हस्तक्षेप भन्दा टाढाको विषय हो भन्ने परम्परागत सोचाई विद्यमान छ ।

नेपालमा अहिले घरेलु हिंसालाई कानूनतः अपराध मानिएको छ । नेपाली कानून अनुसार घर परिवारका कुनै सदस्यबाट हुने हिंसा भएकाले यसलाई पारिवारिक हिंसा पनि भनिन्छ । घरेलु हिंसामा नाता सम्बन्ध अनुसार श्रीमान्, श्रीमती, सासु बुहारी, आमा-बाबु दाजु भाइ, दिदी-बहिनी, नन्द-आमाजु, काका-काकी, भतिजा-भतिजी जोसुकैको बीचमा हिंसा भएको हुन सक्दछ । नेपाली घर परिवार र समाजमा पुरातन सोच र परम्परागत मान्यताहरूको प्रभाव, कानून कार्यान्वयनमा उदासिनता, सहयोग र समर्थनको अभाव, आर्थिक निर्भरता, शिक्षा र चेतनाको कमी, र सांस्कृतिक रीतिरिवाजहरूको प्रभावका कारण नेपालमा घरेलु हिंसा अझै पनि विद्यमान छ ।


### ३.४.१ प्रदेशगत विवरण

यस वर्षको तथ्याङ्क अनुसार महिला माथि हुने हिंसाहरू मध्ये घरेलु हिंसा अत्यधिक मात्रामा अर्थात ९११ जनाले घटना दर्ता गराएको देखिन्छ । सात वटै प्रदेशमा महिला माथि भएका घरेलु हिंसाका घटनाहरूको विस्तृत विवरणले यो समस्या कुनै विशेष क्षेत्रसम्म सीमित नरहेको देखाउँछ, बरु यसले महिला माथि हुने हिंसाहरू सम्पूर्ण देश भरि नै फैलिएको देखिन्छ ।

## घटना अध्ययन ६
### यौन दुर्व्यवहार

निरा (नाम परिवर्तन) आफ्नो परिवारसँग बस्दै आएकी १४ वर्षिय किशोरी हुन्। उनी कक्षा सातमा अध्यनरत छिन्।  उनको दैनिकी सामान्य रुपमा चलिरहेको थियो तर एकदिन अचानक निरालाई उनको परिवारले विष खाएर भुईमा लडिरहेको भेट्यो । त्यसपछि उनलाई अस्पताल लगियो । जब उनी होसमा आइन् तब मात्र उनी त्यो हालतमा पुग्नुको कारण थाहा भयो । गत दुई महिनादेखि उनलाई उनकै समुदायको एक जना १६ वर्षिय किशोर जो नातामा आफ्नै पर्दथ्यो र एउटै समुदायमा बस्दथ्यो। निराको बावुले समुदायमा किराना पसल खोलेको हुँनाले उनी विद्यालयबाट आएर र फुर्सदको समयमा पसलमा बस्ने गर्दथिन् । तर त्यो किशोरले उनीलाई नराम्रो दृष्ट्रिकोणले हेर्ने गरेको र कोही नभएको समयमा उनी माथि दुर्व्यवहार गर्ने, अश्लिल शब्द प्रयोग गरेर जिस्क्याउने गर्दथ्यो । उनको शरीरको निजी अङ्गहरुमा नराम्रो छुवाई पनि गर्ने र त्यसको प्रतिकार गर्दा उल्टै त्यो किशोरले धम्क्याउने गरेकाले उनले परिवारमा त्यो कुरा बताउन पनि सकेकिथिइनन्। एक दिन अत्ति नै भए पछि उनले आफ्नो बुवालाई त्यो किशोर पसलमा आएको मन नपर्ने र आफु पसलमा नबस्ने बताए पछि छोरीलाई सोध्दा उस्ले अस्लिल व्यवहार गर्ने गरेको थाहा पाए पछि पीडकलाई निराको बुवाले सम्झाउँछन् । पीडकले अबबाट यस्तो नगर्ने कुरा प्रभावितको बुवालाई बताएको थियो । तर त्यसपछि पनि प्रभावितलाई यसरी पटक पटक यातना दिइरहे । एकदिन निरालाई एक्लै भएको मौका पारी पीडकले उनलाई पहिलाको जसरी नै उनको शरीरमा जताततै छुने र उनलाई मानसिक यातना दिए पछि निराले आफ्नो इज्जत गएको मानेर विष सेवन गरिन्। उनको बुवा घर आउँदा उनलाई त्यस्तो हालतमा देखे र तुरुन्त अस्पताल लगे । अस्पतालमा होस आएपछि

आफन्त दाजुलाई यो कुरा सबै बताए पछि उक्त दाजुले संस्थामा खवर गरी संस्थाको सहयोगमा नजिकको प्रहरी चौकिमा यौन शोषण विरुद्धमा उजुर गरी प्रहरीले प्रभावित र पीडक दुवै पक्षलाई राखी, पीडकलाई अबबाट यस्तो नगर्न भनी सम्झाए र यदि यसो गरेको पाइएमा पीडकलाई कानुन बमोजिम सजाय हुने चेतावनी दिई पीडकको आफन्तलाई राखी कागज गर एर घर फर्काए । अहिले उनी सहज र नियमित मनोपरामर्श सेवा लिएर आफ्नो पढाइलाई निरन्तरता दिइरहेकी छन् ।




**चार्ट नं. ३.४.१ :** प्रभावितको प्रदेशगत विवरण


यस वर्ष संकलित तथ्याङ्क अनुसार अघिल्लो वर्ष जस्तै, कोशी प्रदेशबाट सबैभन्दा धेरै हिंसाका घटना अभिलेखीकरण भएका छन् । कोशी प्रदेशमा जम्मा ४९ प्रतिशत (४५० जना), कर्णाली प्रदेशमा २० प्रतिशत (१७८ जना), लुम्बिनी प्रदेशमा १३ प्रतिशत (११५ जना), मधेश प्रदेशमा १०

प्रतिशत (८७ जना), बागमती प्रदेशमा ५ प्रतिशत (४२ जना), सुदुरपश्चिम प्रदेशमा ३ प्रतिशत (२८ जना) र गण्डकी प्रदेशबाट जम्मा १ प्रतिशत (१० जना) महिला माथि घरेलु हिंसा भएको पाइएको छ। यस बाहेक पनि अन्य ठाँऊ अन्य देश) बाट जम्मा १ जना महिला माथि भएको घरेलु हिंसा अभिलेख गरिएको छ।

अतः घरेलु हिंसाको संख्याले समाजमा यसको बढ्दो अवस्था र यसले पारेको गम्भीरतालाई दर्शाउँछ। यसका साथै, विदेशमा भएका हिंसाका घटनाहरूको अभिलेखले हाम्रो समाजमा हुने हिंसाको जटिलता र व्यापकतालाई दर्शाउँछ।

### ३.४.२ घरेलु हिंसाका प्रकार

घरेलु हिंसालाई ओरेकले अभिलेखीकरणका आधारमा शारीरिक हिंसा, मानसिक हिंसा, स्रोत साधानबाट वञ्चितीकरण, यौन हिंसा, चारित्रिक आरोप लगायतलाई विश्लेषण गर्ने गरेको छ। अभिलेख गरिएका घरेलु हिंसाका तथ्याङ्कमा यस वर्ष महिलाहरूमाथि शारीरिक, मानसिक र आर्थिक हिंसा भएको पाइएको छ।




**चार्ट नं ३.४.२ :** महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरू

अभिलेख भएका कुल ९११ घटनाहरु मध्ये २३ प्रतिशत (२१० जना) लाई शारीरिक हिंसा भएको पाइएको छ भने ४३ प्रतिशत (३८९ जना) लाई मानसिक हिंसा भएको जस्मा गालीगलौज तथा चारित्रिक आरोप र पर्दछन् भने आर्थिक हिंसा भने ३४ प्रतिशत अर्थात ३१२ जना महिलालाई भएको पाइएको छ। नोट : वैवाहिक बलात्कार तथा घरभित्रै हुने बलात्कारलाई अपराध मानि बलात्कारको स्वरुप ओरेकले घटना दर्ता गरेकाले घरेलु हिंसा भित्र यो बाहेक अन्य यौन हिंसा अभिलेख हुन सकेको छैन। यस अवस्थामा घर भित्र हुने अन्य यौनजन्य हिंसाको वास्तविक आकारलाई थाहा पाउन चुनौती पेश गर्दछ।

त्यसैले माथिको तथ्यांकबाट यो पुष्टि भएको छ कि घरेलु हिंसाका प्रभावित महिलाहरुले एक भन्दा बढी हिंसाको सामना गरिरहेका छन्, जुन अत्यन्तै चिन्ताजनक विषय हो।


### ३.४.३ प्रभावितको उमेर

घरेलु हिंसामा प्रभावित महिलाहरूको उमेरको विश्लेषणले विभिन्न महत्वपूर्ण सवालहरू उजागर गरेको छ। घरेलु हिंसा प्रभावितको उमेरलाई दुई भागमा विभाजन गरी तथ्यांकको विश्लेषण गरेको छ। पहिलो, घरेलु हिंसाबाट प्रभावित महिलाको उमेर र दोस्रो प्रभावितको पहिलो पल्ट विवाह गर्दाको उमेर।

यस वर्ष घरेलु हिंसा प्रभावितहरू मध्ये सबै भन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। यस उमेर समूहका महिला ३६ प्रतिशत (३२६ जना) रहेका छन्। यसैगरी क्रमशः १८ देखी २५ वर्ष उमेर समूहका २९ प्रतिशत (२६२ जना), ३६ देखी ४५ वर्ष उमेर समूहका १९ प्रतिशत (१७१ जना), ४६ देखी ५५ वर्ष उमेर समूहका ७ प्रतिशत (६२ जना), १८ वर्ष भन्दा कम उमेर समूहका ६ प्रतिशत (५८ जना), ५६ भन्दा माथि उमेर समूहका ३ प्रतिशत (२७ जना) र १ प्रतिशत (५ जना) नखुलाएका र महिला माथि घरेलु हिंसा भएको पाइएको छ।

त्यसैगरी, घरेलु हिंसाका घटनामा विवाह गर्दाको उमेर पनि एक महत्त्वपूर्ण अवस्था हो। घरेलु हिंसा प्रभावितहरूको विवाह गर्दाको उमेर हेर्दा सबैभन्दा धेरै ७३ प्रतिशत (६६८ जनाको) विवाह २० वर्ष भन्दा पहिले भएको पाइएको छ। जम्मा १६ प्रतिशत (१४९ जना) को मात्र विवाह गर्दाको


उमेर २० वर्ष भन्दा माथि रहेको पाइएको छ। यसले कम उमेरमा विवाह गर्ने महिलाहरूको परिपक्वता र सशक्तिकरणमा कमी आउनु र त्यसका कारण घरेलु हिंसामा पर्नु पर्ने सम्भावनालाई पुष्टि गर्दछ।





**चार्ट नं. ३.४.३ :** घरेलु हिंसा र प्रभावित महिलाहरुको उमेर

### ३.४.४ शिक्षा

महिला माथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा निरक्षर तथा साक्षर जस्तै आधारभूत शिक्षा, माध्यमिक शिक्षा, स्नातक तह, स्नातकोत्तर तह, प्रौढ शिक्षा र प्राविधिक शिक्षा हासिल गरेका महिलामा कुनै न कुनै रूपमा हिंसा भएको पाइएको छ। कुल ९११ जना महिला मध्ये ८१ प्रतिशत (७३४ जना) साक्षर र १९ प्रतिशत (१७७ जना) निरक्षर महिला माथि घरेलु हिंसा भएको तथ्याङ्कले देखाएको छ। कुल ७३४ साक्षर महिलाहरुमा ५३ प्रतिशत (३८८ जना) आधारभूत शिक्षा, ३३ प्रतिशत (२४१ जना) माध्यमिक शिक्षा, ६ प्रतिशत (४७ जना) स्नातक वा सो भन्दा माथि, ६ प्रतिशत (४७ जना) प्रौढ शिक्षा र १ प्रतिशत (११ जना) प्राविधिक शिक्षा हासिल गरेका महिलाहरु घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। जसले यो देखाउँछ कि शिक्षित नहुनु पनि हिंसाको जोखिमलाई बढाउने अवस्था हो।




**चाँट नं. ३.४.४ :** घरेलु हिंसा र प्रभावितको शैक्षिक अवस्था





**चार्ट नं ३.४.५ :** घरेलु हिंसा र प्रभावित महिलाको साक्षरताको अवस्था

### ३.४.५ वैवाहिक स्थिति

घरेलु हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित महिला ८७ प्रतिशत (७९२ जना) सबैभन्दा बढी हिंसाको जोखिममा रहेको देखिन्छ। यस पश्चात विवाहित तर श्रीमान्सँग नबसेका वा छुट्टै बसेका १ प्रतिशत (८ जना), अविवाहित तर सँगै बसेको एक प्रतिशत अर्थात १० जना, एकल तथा विधवा महिला २ प्रतिशत (१७ जना) र पारपाचुके गरेका ३ जना रहेका छन् । घरेलु हिंसा प्रभावितका अविवाहित महिलाहरुको संख्या ९ प्रतिशत (८१ जना) रहेको छ ।


यस तथ्याङ्कले यो देखाएको छ कि वैवाहिक सम्बन्ध अन्त्य भए पश्चात पनि महिलाहरुले पूर्व पतिबाट हिंसा व्यहोर्नु परेको छ तर घरेलु हिंसा सम्बन्धी कानूनले यस्ता हिंसालाई घरेलु सम्बन्धमा समेटेको छैन । अतः महिलाहरूको सुरक्षा र अधिकार सुनिश्चित गर्नका लागि यस्ता खालका सबै प्रकारका हिंसालाई समेट्ने कानूनी संरचना आवश्यक छ ।




**चार्ट नं. ३.४.६:** घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था

### ३.४.६ जात/जातियता

यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिला भित्र पनि सबैभन्दा बढी १९ प्रतिशत (१७० जना) पहाडे ब्राह्मण/क्षेत्री, र पहाडे दलित १८ प्रतिशत (१६८ जना) रहेको पाइएको छ । त्यसैगरी, १६ प्रतिशत (१४७ जना) तराई आदिवासी जनजाति, १५ प्रतिशत (१३४ जना) तराई मधेशी अन्य जाति, १४ प्रतिशत (१३० जना) पहाडे आदिवासी जनजाति रहेका छन् । तराई दलित १० प्रतिशत (९१ जना), मुश्लिम जातिका ४ प्रतिशत (३७ जना) महिला र ३ प्रतिशत (२४ जना) तराई ब्राह्मण/क्षेत्री रहेका छन् । १ प्रतिशत (१० जना) जातियता नखुलाएका महिला रहेका छन् । तर, महत्वपूर्ण विषय यो हो कि घरेलु हिंसा सबै जातीय समूहमा भए पनि र यसका प्रभावहरू जातीय आधारमा भिन्नता देखिन सक्छन् । तसर्थ, घरेलु हिंसाका मुद्दाहरूलाई समाधान गर्न जातीयता र सांस्कृतिक विशेषताहरूको ध्यानमा राखेर कार्यक्रम तथा रणनीतिहरू विकास गर्नु आवश्यक छ ।





**चार्ट नं. ३.४.७ :** घरेलु हिंसा प्रभावित महिलाहरूको जात/जातिगत अवस्था

### ३.४.७ पेसा व्यवसाय

प्राप्त तथ्याङ्कका आधारमा ४२ प्रतिशत (३८० जना) घरायसी काम, २३ प्रतिशत (२०९ जना) कृषि तथा पशुपालन, १६ प्रतिशत (१४४ जना) दैनिक ज्याला मजदुरीमा संलग्न, ७ प्रतिशत (६० जना) विद्यार्थी, ४ प्रतिशत (३५ जना) सामान्य व्यापार, व्यवसाय गर्ने, २ प्रतिशत (१६ जना) घरेलु कामदार, २ प्रतिशत (१५ जना) निजि क्षेत्र, २ प्रतिशत (१४ जना) गैरसरकारी सेवामा संलग्न र २ प्रतिशत (२० जना) पेसा नखुलाएका महिला रहेका छन् भने १ प्रतिशत (१० जना) जागिर खोज्दै गरेका र १ प्रतिशत (८ जना) सरकारी सेवामा संलग्न महिलाहरु माथि हिंसा भएको पाइएको छ ।


यस तथ्याङ्कले घरेलु हिंसाका घटनाहरूले विविध पेशागत पृष्ठभूमिका महिलाहरूलाई प्रताडित पारेको देखिन्छ । विशेष गरी, घरायसी काममा संलग्न महिलाहरूमा बढी प्रभावित भएकोले पेशागत संरचना र आर्थिक परिप्रेक्ष्यलाई ध्यानमा राखेर घरेलु हिंसाको रोकथाम, प्रतिकार्य र सम्बोधनका लागि लक्षित प्रयासहरूको आवश्यकता औंल्याउँछ किनकि महिलाको पुरुष प्रतिको आर्थिक निर्भरता उनीहरूलाई हिंसा पश्चात घर बाहिर विकल्प खोज्नलाई सीमित बनाउँछ ।




**चार्ट नं. ३.४.८ :** घरेलु हिंसा प्रभावित महिलाहरूको पेसा र हिंसाको अवस्था

### ३.४.८ आरोपितसँगको सम्बन्ध


घरेलु हिंसाबाट प्रभावित महिलाहरूको तथ्याङ्कमा स्पष्ट रूपमा देखिन्छ कि अधिकांश घटनाहरू नजिकका व्यक्तिहरूसँग सम्बन्धित छन् । घरेलु हिंसाबाट प्रभावित महिला (९११ जना) मध्ये ८२ प्रतिशत (७५१ जना) महिला आफ्नै श्रीमान्‌बाट, १६ प्रतिशत (१५० जना) आफ्नै घरपरिवारका सदस्यहरूबाट र एक प्रतिशत (१० जना) कानूनी रुपमा अविवाहित तर विवाहित जोडी सरह सँगै बसेको साथीले/व्यक्तिबाट हिंसामा परेको तथ्याङ्कले देखाएको छ । यी तथ्याङ्कहरूले घरेलु हिंसाको समस्या घरको आँगनमा नै गहिरो रुपमा जरा गाडेको कुरा देखाउँछन् । नजिकका व्यक्तिहरूबाट हुने हिंसा विशेष गरी गम्भीर छ, किनभने यसले महिलाहरूको मानसिक र भावनात्मक स्वास्थ्यमा दीर्घकालीन असर पार्न सक्छ । यस समस्यालाई समाधान गर्नका लागि, परिवार र समाजमा सुदृढ पारिवारिक सम्बन्ध र संवादलाई प्रोत्साहित गर्न आवश्यक छ । थप रूपमा, घरेलु हिंसा विरुद्धको चेतना र शिक्षा प्रवर्धन गरेर यस समस्यालाई रोक्नका लागि दीर्घकालीन र प्रभावकारी उपायहरू अपनाउन अत्यन्त महत्वपूर्ण छ ।




**चार्ट नं. ३.४.९ :** घरेलु हिंसा प्रभावित महिला र आरोपितसँगको सम्बन्ध

### ३.४.९ प्रभावितलाई परेको असर

घरेलु हिंसा प्रभावितलाई बहु-प्रकारका हिंसा हुने गरेकाले विविध प्रकारका असरहरु एकसाथ व्यहोरेको देखिन्छ। घरेलु हिंसा पश्चात सबैभन्दा बढी ७७ प्रतिशत (७०३) जना महिलाहरुले आफूलाई सामाजिक क्षति भएको उल्लेख गरेका छन् भने ५१ प्रतिशत (४६८ जना)ले आर्थिक क्षति, ३८ प्रतिशत (३४७ जना) ले शारीरिक क्षति, ४३ प्रतिशत (३९६ जना)ले मानसिक क्षति भोग्नु परेको बताएका छन् ।




**चार्ट नं. ३.४.१० :** घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर

यसले घरेलु हिंसाका विविध प्रकारका असरहरूको गहिराईलाई सङ्केत गर्छ, जसले महिलाहरूको जीवनको प्रत्येक पाटोमा असर पार्दछ ।

समग्रमा, घरेलु हिंसाले केवल शारीरिक चोट मात्रै होइन, मानसिक र आर्थिक क्षति पनि पुऱ्याउँछ । यस समस्याको समाधानका लागि, प्रभावकारी कानूनी र सामाजिक उपायहरू अपनाउन अत्यावश्यक छ, जसले महिलाहरूलाई सुरक्षित वातावरण प्रदान गर्न र उनीहरूको पुनःस्थापना प्रक्रिया सुदृढ गर्न मद्दत पुर्याउनेछ ।

## निष्कर्ष

नेपालमा घरेलु हिंसाको अवस्था गम्भीर छ र यो समस्या देशभरि नै व्यापक रूपमा फैलिएको छ । प्रदेश अनुसारको विवरणले स्पष्ट पार्छ कि यो हिंसा कुनै एक भूगोल वा समुदायमा मात्र सीमित छैन, बरु सम्पूर्ण समाजमा विद्यमान छ । नेपालमा सबै खालको वर्ग, जातजाति, संस्कृतिको महिलाहरु घरेलु हिंसाबाट प्रताडित छन् भन्ने प्रष्ट हुन्छ । नेपाली समाजमा सबै जातजातिमा पितृसतात्मक मूल्य मान्यता व्याप्त रहेका छन् जसले गर्दा महिला विरुद्ध हुने घरेलु हिंसालाई सामान्य अवस्थाको रुपमा लिएको देखिन्छ भने कतिपय अवस्थामा हिंसाको कारण महिला स्वयंलाई नै दोष लगाउने देखिन्छ र महिलाहरु आफू विरुद्ध भएको हिंसाको बारेमा कसैलाई भन्दैनन् । यद्यपि नेपाली समाजमा भएका सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा बृद्धि भएको चेतना स्तर, साक्षरतामा भएको वृद्धि, कानूनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिला प्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घर भित्र गरिने व्यवहार र कानूनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकासमा आएको देखिन्छ ।

घरेलु हिंसा प्रभावितहरुको खण्डिकृत विश्लेषण गर्दा स्रोत साधनबाट वञ्चितीकरण र उमेर तथा शिक्षाको अवस्थाले पनि घरेलु हिंसाको जोखिमसँग गहिरो सम्बन्ध राख्दछन् । कम उमेरमा विवाह भएका महिलाहरू तथा आर्थिक रूपमा निर्भर महिलाहरू बढी जोखिममा रहेको पाइन्छ । त्यस्तै, घरेलु हिंसा धेरै विवाहित महिलालाई भएको अवस्थाले बैवाहिक सम्बन्ध भित्रको असमानतालाई उजागर गर्दछ । विवाह एक असमान सामाजिक संरचना रहेको प्रष्ट पार्दछ । विवाह पश्चात महिलालाई निजको अभिभावकत्व मानिएको श्रीमान्बाट नै धेरै हिंसा भएको स्थितिले छोरीहरुलाई विवाह गर्न हतार गर्ने भन्दा शिक्षा दिई आत्मनिर्भर बनाउन पर्ने अवस्था देखिन्छ । साथै, विवाहेत्तर सम्बन्ध र सँगै बस्ने जोडीहरूमा समेत महिलाहरू पुरुषबाट शोषणमा पर्ने घटनाहरूले कानूनी र सामाजिक संरचनामा सुधारको खाँचो औंल्याउँछ ।

घरेलु हिंसामा शारीरिक, मानसिक र आर्थिक हिंसाका प्रकारहरू सबैभन्दा बढी रहेको देखिन्छ, जसले महिलाहरूको जीवनमा बहुआयामिक असर पुऱ्याएको देखिन्छ । घरेलु हिंसा पश्चात प्रभावितलाई सबै भन्दा बढी मानसिक र आर्थिक क्षति देखिदा महिलाको न्याय प्राप्तिका लागि कानूनी तवरबाट मात्रै यो समस्या समाधान गर्न सकिँदैन भन्ने तथ्याङ्कले देखाएको छ । त्यसैले,

प्रभावितको न्यायमा पहुँचको लागि प्रभावित केन्द्रित अनुसन्धानको लागि पीडितलाई उजुरीमा सहज पहुँच, निजको सुरक्षा, उद्दार, मनोसामाजिक परामर्श, कानूनी परामर्श तथा सहायता, पुनर्स्थापना लगायतका पक्षलाई ध्यान दिन आवश्यक छ। मुख्यत घरेलु हिंसालाई घर भित्रको समस्या, वा 'लोग्ने स्वास्नीको झगडा परालको आगो' भने जसरी जबर्जस्ती मेलमिलापबाट टुङ्ग्याइनु हुँदैन । पीडितलाई सेवा प्रवाहको केन्द्रमा राखी घरेलु हिंसा उजुरीको उचित एवं समयमा नै व्यवस्थापनमा गर्न आवश्यक छ । कानूनमा भएका सुधारसँगै कानून कार्यान्वयन गर्ने निकायका अधिकारीका व्यवहारमा समेत सुधारको खाँचो रहेको छ ।

अन्ततः घरेलु हिंसा घरैबाट उत्पन्न भएकाले यसको न्यूनीकरण गर्न घरपरिवारबाटै महिला र पुरुषको सहकार्य अपरिहार्य छ। महिला विरुद्ध हुने हिंसालाई गम्भीर अपराधका रूपमा लिइए पनि, पुरुष र महिला बीचको असमान शक्ति सन्तुलन, र कानून कार्यान्वयनमा रहेका चुनौतीले गर्दा यसमा कमी आउन नसकेको देखिन्छ । यस समस्या समाधानका लागि, सरोकारवालाहरूको संयुक्त प्रयास र कानूनको प्रभावकारी कार्यान्वयन तथा महिलालाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन गर्न अनिवार्य आवश्यकता छ ।

## घटना अध्ययन ७
### घरेलु हिंसा (चारित्रिक आरोप)

४० बर्षीय सवनम (परिर्तित नाम) को विवाह १४ वर्षमा भयो । विवाह पश्चात् सन्तान जन्मिसकेपछि श्रीमान वैदेशिक रोजगारीका लागि गए । श्रीमान् वैदेशिक रोजगारमा गएपछि उनको बानी व्यवहार विस्तारै परिवर्तन हुँदै गयो ।  घरमा दैनिक रुपमा दुःख गरेर सन्तानको पालन पोषण गर्ने र परिवारको हेरचाह गर्ने जिम्मा उनको काँधमा थियो । यति हुँदा हुँदै पनि उनका श्रीमानले दैनिक रुपमा उनलाई फोन गरेर गालिगलौज गर्ने र मानसिक  तनाव दिने गर्थे । उनी बाहिर हिँड्न, कोहिसाग बोल्न पनि हुँदैनथ्यो । जोसँग बोल्यो, उसैसँग चारित्रिक आरोप लगाउँथे । उनी सबै बुबा आमाका कुरा सुनेर यसरी उनलाई श्रीमान्ले तनाब दिएको ५ बर्ष भइसक्यो । फोन गरे पिच्छे "**खुट्टा भए जुत्ता जति पनि पाइन्छ, अव म तसँग बस्दिन, डिभोर्स दे**" भनेर धम्क्याउने र उनको बुवा आमालाई समेत फोन गरेर "**म तपाइँको छोरी राख्दिन, उ परपुरुषसँग लागेकी छ, उसलाई डिभोर्सको मुद्धा हाल्न लगाउनु**" भनेर र पटक पटक धम्याउन थालेका छन् । अहिले न उनले सन्तान पढाउनका लागि पैसा नै पठाउँछन्, न राम्रो सँग नै बोल्छन् । अहिले  उनी आफ्नो सन्तान पढाउन कै लागि भनेर घर छोडेर बाहिर बसी चप्पल कारखानामा काम गर्न थालेकी छन् । घर छोडेर बाहिर बस्न थालेपछि उनलाई राति निन्द्रा नलाग्ने ,टाउको दुख्ने, खाना खान मन नलाग्ने, डर लाग्ने, मनमा नकारात्मक कुराहरु खेल्ने, एक्लोपन महसुस हुने, आत्मा हत्या गर्ने सोच आउने, बिना गल्ति किन आरोप लगाएको हो भनी मनमा कुरा खेल्ने,  र त्यहि कुराहरुले मन भारी भइरहने भएकोले संस्थाबाट मनोविमर्श सेवा लिइरहेकी र कानूनी परामर्श गरिएको छ ।

## घटना अध्ययन ८

सिता (परिवर्तित नाम) ४० वर्षकी भइन् । ८ जनाको परिवारमा हुर्केकी सितालाई परिवारले सानै उमेरमा विवाह गरिदियो । विवाह हुँदा उनि कक्षा ७ मा आध्ययनरत थिइन् । विवाह भएको २२ वर्ष सम्ममा ३ छोरीहरुको को जन्म भयो । विवाह भएको केहि समय देखि नै श्रीमानले अनेक किसिमका दिन्थे । यसै क्रममा उनको श्रीमानले २ वटा विवाह गरे, जसमा एउटा श्रीमतीको मृत्यु भयो र अर्को श्रीमती आफ्नो माइतमा बस्दै आएकी थिइन । सिता सधैँजसो आफनो घरको काममा व्यस्त हुन्थिन् । साँझको समयमा दिनहुँ श्रीमान मादक पदार्थ सेवन गरेर न्यु खोज्ने, झै झगडा गर्ने, कुटपिट गर्ने गर्थे । कसैसंग बोल्न पनि नदिने, बोलेमा शंका गर्ने र सन्तानलाई पनि अर्काको भनि चारित्रिक आरोप लगाउँथे । जसले गर्दा उनलाई रातभरि निन्द्रा नलाग्ने, छिटो विर्सिने, डरमात्र लाग्ने र केहि गर्न पनि जागर नचल्ने जस्ता समस्याहरु देखिन थाल्यो । यस्तो पटक पटक भैरह्यो तर श्रीमानको व्यबहारमा कुनै परिवर्तन आएन । उनले पटक पटक आफ्नो विवाह दर्ता र नागरिकता बनाउन आग्रह गर्दा पनि उनले वेवास्ता गर्दथे । आफुमाथि दैनिक यातना बढ्न थालेपछि सिता छिमेकीको सहयोगमा ओसीएमसी गइन् । अहिले ओसीएमसीबाट मनोविमश तथा स्वास्थ्य उपचार सहयोग गरिन् । ओसिएमसी बाट ओरेकमा रेफर भइ अहिले नागरिकता र विवाह दर्ता बनाउनमा सहजीकरण भैरहेको छ ।


## (ग) सामाजिक हिंसा

**(अ) बालविवाह**

उमेर पुगेका महिला र पुरूषको विवाहलाई घरपरिवार र समाजमा एक शुभकार्यको रुपमा लिने गरिन्छ । विवाहका लागि महिला र पुरूष दुवै शारीरिक तथा मानसिक रुपमा पूर्णरुपले परिपक्क भएको हुनुपर्दछ । तर बाल्यावस्थामा शारीरिक, मानसिक, शैक्षिक विकासको समय हुने नभएकाले निश्चित उमेर नपुगेसम्म विवाह गर्न नपाइने गरी कानूनी व्यवस्था गरिएको हुन्छ । नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हक सुरक्षित गरेको छ । जसमा बालविवाह गर्न/गराउन पूर्ण बन्देज छ । मुलुकी अपराध संहिता, २०७४ ले बालविवाह गर्ने/गराउनेलाई कैद तथा सजाय नै तोकेको छ । अपराध संहिताको दफा १७३ मा विवाहका लागि २० वर्षको उमेर तोकिएको छ । २० वर्षभन्दा कम उमेरमा हुने विवाह स्वतः वदर हुने तथा यस्तो कसुरमा ३ वर्ष कैद र ३० हजारसम्म जरिवाना तोकिएको छ । यसरी राज्यको कानूनले विवाहका लागि तोकेको हद भन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह भनिन्छ । बालविवाह परम्परागत हानिकारक अभ्यासको एक स्वरुप हो ।

यद्यपि नेपाल लगायत दक्षिण एशियाका थुप्रै देशहरुमा यो सामाजिक हानिकारक परम्पराका रुपमा जकडिएर रहेको पाइन्छ । नेपालमा राष्ट्रिय जनगणना २०७८ अनुसार, ३५ प्रतिशत भन्दा बढी बालविवाह हुने गरेको सरकारी तथ्याङ्क सार्वजनिक भएको छ । बालविवाह हुनुका कारणहरु समयक्रम अनुसार र समुदाय पिच्छे फरक-फरक भएको देखिन्छ । अहिले नेपाली सामाजमा बालविवाहको फरक-फरक कारणहरु छन् । जस्तै, सामाजिक परम्परा, भागि विवाह, वासस्थान, भौगोलिक क्षेत्र, गरिबी, दाइजो प्रथा, धार्मिक सामाजिक दबाब र शिक्षाको अभावका, घरपरिवारको आम्दानीको स्तर, जातजातिको आधारमा हुने विभेद । तथापि, यसले बालबालिकामा पार्ने नकारात्मक असरहरु भने प्रायजसो उस्तै नै रहेको पाइन्छ ।

## ३.५.१ प्रदेशगत विवरण





**चार्ट नं ३.५.१:** प्रदेश अनुसार अभिलेख भएका बालविवाह

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा बढी कोशी प्रदेशमा ३५ प्रतिशत (८ जना), मधेश प्रदेशमा १३ प्रतिशत (३ जना), लुम्बिनी प्रदेशमा ४ प्रतिशत अर्थात १ जना, कर्णाली प्रदेशमा ३९ प्रतिशत (९ जना) र सुदुरपश्चिम प्रदेशमा ९ प्रतिशत (२ जना) बालिका तथा किशोरीहरुको बालविवाहको घटना दर्ता भएको छ। यो वर्ष गण्डकी र बागमती प्रदेशमा बालविवाहको घटना दर्ता नभएकोले यी क्षेत्रमा बालविवाह न्यून रहेको हो वा प्रतिवेदन प्रणालीमा पहुँच अभाव रहेको हो भन्न गाह्रो छ। गण्डकीमा ओरकको कार्यक्षेत्र नभएको र बागमती प्रदेशको तुलनात्मक विकासले सम्भवतः बालविवाह घटनालाई कम गरेको हुनसक्छ। अतः प्रदेशगत विवरण अनुसार कोशी र कर्णाली प्रदेशमा बालविवाह उच्च रहेकोले त्यहाँ बालिका तथा किशोरीहरूको सुरक्षाका लागि विशेष ध्यान दिनु आवश्यक छ। त्यस्तै, जनचेतना अभिवृद्धि कार्यक्रम, हानिकारक परम्परागत अभ्यास विरुद्ध वकालत गर्ने, बाल अधिकारको कार्यक्रमहरू सञ्चालन गरी बालविवाह न्यूनीकरणमा योगदान पुऱ्याउन सकिन्छ। साथै, प्रतिवेदन प्रणालीलाई सबल बनाउँदै सबै प्रदेशमा समान रूपमा बालविवाहको अवस्था बुझ्न र त्यसमा सुधार ल्याउन आवश्यक देखिन्छ।

### ३.५.२ प्रभावितको उमेर


बालविवाहबाट प्रभावित महिलाहरुमा सबैभन्दा बढी १८ देखि २५ वर्ष समूहका महिला रहेका छन् । तथ्याङ्कका अनुसार हेर्ने हो भने २६ प्रतिशत (६ जना) १८ वर्ष भन्दा कम उमेर समूहका रहेका छन् । ४८ प्रतिशत अर्थात ११ जना १८ देखि २५ उमेर समूहका रहेका छन् । २२ प्रतिशत (५ जना) २६ देखि ३५ उमेर समूहका र ४ प्रतिशत अर्थात १ जना ३६ भन्दा माथि उमेर समूहका रहेका छन्





**चार्ट नं ३.५.२ :** बालविवाह र उमेरगत अवस्था

### ३.५.३ शिक्षा

बालविवाह प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल २३ जना प्रभावित मध्ये ८३ प्रतिशत (११ जना) साक्षर र १७ प्रतिशत (४ जना) निरक्षर महिला बालविवाहमा परेको पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४७ प्रतिशत (९ जना), माध्यमिक शिक्षा पुरा गरेका ३७ प्रतिशत (७ जना) र स्नातक र सो भन्दा माथिका १६ प्रतिशत तिन जना बालविवाहमा परेको पाइएको छ । यसले के देखाउँछ भने बुझ्ने वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन् । शिक्षाको तह बढ्दै जाँदा भने हिंसाको दर पनि घटेको कुरा तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं: ३.५.३ :** बालविवाह र शैक्षिक अवस्था




**चार्ट नं. ३.५.४:** बालविवाह र साक्षरताको अवस्था

### ३.५.४ जात/जातीयता

बालविवाह प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ३५ प्रतिशत (८ जना) बाह्मण/क्षेत्री पहाडे रहेका छन् । यो संख्या सामाजिक रूपमा उच्च जातमा पर्ने भए पनि, आर्थिक चुनौती, अशिक्षा वा परम्परागत संस्कारका कारण बालविवाहको जोखिममा पर्ने संकेत हो । यसपछि २६ प्रतिशत (६ जना) पहाडे दलित समुदाय रहेकाछन् । यो समूह सामाजिक र आर्थिक रूपमा पनि कमजोर हुने भएकाले बालविवाहका घटनामा संलग्न हुने सम्भावना बढी देखिन्छ । त्यस्तै, १३ प्रतिशत (३ जना) पहाडे आदिवासी जनजाति र १३ प्रतिशत (३ जना) तराई/ मधेशी अन्य जातिका रहेका छन् । तर, ९ प्रतिशत (२ जना) तराई आदिवासी जनजाति र १ जना तराई दलित जातिका रहेका छन् । अन्य तथ्याङ्कबाट मधेश प्रदेशमा किशोरीहरुको बालविवाहको घटना बढी आइरहेको अवस्थामा ओरेकमा सङ्कलन भएको तथ्याङ्कले देखाउँछ कि सो ठाउँहरुमा र त्यहाँका व्यक्ति तथा समाजमा बालविवाह भइराहने भएपनि अझै पनि त्यसलाई सामाजिक समस्या र कानूनी अपराधका रुपमा लिइने गरेको छैन । सबै जनाले चुप लागेर सहजै स्वीकारेको अवस्था छ ।




**चार्ट नं. ३.५.५:** बालविवाह र जातिगत अवस्था

### ३.५.५ पेसा व्यवसाय


बालविवाह प्रभावित महिलाको तथ्याङ्कलाई पेशागत रुपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ । बालविवाह प्रभावित ३९ प्रतिशत (९ जना) महिला घरायसी काममा संलग्न छन् । त्यसैगरी, २६/२६ प्रतिशत (६/६ जना) कृषि तथा पशुपालन र विद्यार्थी रहेका छन् भने ४/४ प्रतिशत सामान्य व्यवसाय र जागिर खोज्दै गरेका महिला रहेको पाइएको छ । यस तथ्याङ्कले बालविवाह प्रभावित महिलाहरू पेसागत रूपमा मुख्यतया घरायसी काम, कृषि तथा पशुपालन, र अध्ययनमा संलग्न पढ्दै गरेको विद्यार्थी भएको देखाउँछ । घरेलु काममा संलग्न र आर्थिक दृष्टिले निर्भर महिलाहरूमा बालविवाह र हिंसाको जोखिम उच्च देखिन्छ । साथै, बालिका तथा किशोरी विधार्थीहरूको विविध कारणले विद्यालय शिक्षा बीचैमा छोड्ने कारणले पनि निजहरुको विवाह कम उमेरमा नै भएको देखिन्छ भने केही बाल श्रम गरी आय आर्जन गर्न थालेका बालिका तथा किशोरीहरुले बालविवाह गरेको देखिन्छ ।




**चार्ट नं. ३.५.६** प्रभावित बालिकाहरूको पेसागत अवस्था

### ३.५.६ प्रभावितलाई परेको असर

बाल विवाहका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका क्षति परेको पाइएको छ। जसमा कुल २३ जना महिलाको बालविवाह गरिएको थियो र २३ जनामा अर्थात सबै जनालाई नै मानसिक असर परेको, १२ जनालाई समाजिक असर, ३ जनालाई आर्थिक असर र २ जना लाई शारीरीक असर थप रुपम भएको पाइएको छ। बालविवाहले प्रभावित महिलाहरूमा मानसिक, सामाजिक, आर्थिक र शारीरिक सबै प्रकारका नकारात्मक असरहरू पारिरहेको तथ्याङ्कले देखाउँछ। मानसिक असर सबैभन्दा बढी देखिनुले बालविवाहले उनीहरूको भावनात्मक सन्तुलनमा गम्भीर चुनौती उत्पन्न गरेको पुष्टि गर्दछ। सामाजिक, आर्थिक, र शारीरिक असरले उनीहरूको जीवनको प्रत्येक पक्षलाई प्रभावित बनाउँछ, जसले दीर्घकालीन रूपमा उनीहरूको व्यक्तिगत र सामुदायिक विकासमा अवरोध पुर्याउन सक्छ। यस समस्यालाई समाधान गर्न शिक्षामा लगानी, समुदायमा चेतना अभिवृद्धि, र बालविवाह विरुद्ध कानूनी कार्यान्वयनमा प्रभावकारीता र सुधार आवश्यक छ, जसले बालिकाहरूलाई सुरक्षित, सम्मानजनक, र स्वतन्त्र जीवन बिताउन सहयोग पुऱ्याउन सक्छ।




**चार्ट नं ३.५.७:** प्रभावितलाई परेको असर

## निष्कर्ष

तथ्याङ्कको आधारमा बालविवाह अझै पनि विभिन्न समुदायहरूमा बालविवाह गहिरो रूपमा व्याप्त रहेको पुष्टि हुन्छ। कोशी र कर्णाली प्रदेशमा बालविवाहको दर उच्च रहेकोले, यी क्षेत्रमा विशेष गरी बालिका र किशोरीहरूको सुरक्षाका लागि ध्यान दिन आवश्यक छ। कम उमेरमा विवाह गर्ने किशोरीहरुमा शिक्षाको स्तर, आर्थिक अवस्था, जातिगत अवस्था र परम्परागत मान्यताका कारण बालविवाहको जोखिम फरक फरक समुदायमा छ। हाल बालबालिकाहरुले पनि आफैँ छानेर कम उमेरमा भागि विवाह गरेको र यो प्रवृत्ति बढ्दै गैरहेको देखिन्छ। बालविवाह पश्चात भने धेरै जसो किशोरीहरुलाई विद्यालय जान बन्द गरेको, किशोरीहरुले कलिलो उमेरमै गर्भाधारण गरेको, आर्थिक अवस्था कमजोर हुँदा पढाइ छोडी आर्यआर्जन गर्नका लागि कम तलबमा काम गरिरहेको देखिन्छ। अझ अन्तर्जातीय बालविवाह गरेको जोडी भएमा पुरुषलाई परिवार तथा समाजका सदस्यले बालविवाह सम्बन्धी फौजदारी मुद्दा लगायत अन्य जटिल कठोर सजाय भएको मुद्दा जस्तै, जबर्जस्तीकरणी, अपहरण तथा शरीर बन्धक, मानव बेचविखन आदि मुद्दा दर्ता गर्ने गरेको देखिएको छ। अर्को तिर किशोरीहरुलाई परिवारमा अवहेलना गर्ने, सुरक्षा आवासमा राख्ने, निजको गर्भमा बच्चा भए जर्बजस्ती गर्भपतन गर्ने प्रचलन बढिरहेको छ। यसरी बालविवाहको बदलिदो स्वरुपमा कानूनको अक्षरस पालना गर्दा यसले किशोर किशोरीलाई थप हानी पुऱ्याएको छ र उनीहरुको समग्र स्वास्थ्य, शिक्षा, सुरक्षामा नकरात्मक असर पारेको छ।

अन्वेषीमा विश्लेषण गरिएको अन्य हिंसाहरुको तथ्याङ्कमा पनि बालविवाह पश्चात किशोरी तथा महिलाहरुमा घरेलु हिंसा, बहुविवाह र दाइजो निहुँमा हुने हिंसाको जोखिम बढी भएको देखिएको छ  र यसै कारणले वयस्क महिला विवाह भएको लामो समय पश्चात् आफूलाई हुने गरेको महिला हिंसा तथा घरेलु हिंसा बालविवाह कै उपज हो भनी अभिलेखिकरण गरिएको छ। यसले यो देखाउँछ कि परम्पराको रुपमा भएको बालविवाहको बारेमा समाजले केही प्रतिकार गरेको देखिदैन। तर केही समय पश्चात् नै यसले महिलालाई नकरात्मक असर पार्छ भने यसको बारेमा बुझ्न र बोल्नलाई मात्र पनि निजहरुलाई वर्षौं लामो समय लाग्छ। अतः यस्ता अभिलेखिकरणले बालविवाहको असर दीर्घकालीन हुन्छ भनेर पुष्टि गर्दछ। तर, कानूनी रुपमा बालविवाह प्रभावित नै भनेर वयस्क भएका महिलालाई कानूनी रुपमा न्याय दिलाउन असम्भव छ।

यसर्थ, कानूनी साक्षरताको अभिवृद्धि साथै कानूनको प्रभावकारी कार्यान्वयन सम्बन्धि विश्लेषण गर्न जरुरी छ । त्यस्तै, विवाहित किशोर तथा किशोरीलाई उनीहरुको शैक्षिक अवसरमा पहुँच वृद्धि, आर्थिक सशक्तीकरणलाई, यौन तथा प्रजनन् स्वास्थ्यमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा प्राथमिकता दिनुपर्ने देखिन्छ । ओरेकले साथै अन्य संस्थाहरुले पनि प्रभावकारी रिपोर्टिङ प्रणाली स्थापना गरी बालविवाहको वास्तविक अवस्था बुझ्न र त्यसका विरुद्ध कार्यक्रम कार्यान्वयन गर्न महत्वपूर्ण देखिन्छ । अत : बालविवाह न्यूनीकरणका लागि विद्यालय शिक्षामा लगानी, कानूनी कार्यान्वयन, र किशोर किशोरीहरुमा यौन तथा प्रजनन शिक्षा सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गर्नु आवश्यक छ ।

## घटना अध्ययन ९

### बाल प्रेम विवाह

१७ वर्षीया सरला (परिवर्तित नाम) को बुवा वैदेशिक रोजगारीको लागि विदेशमा छन् भने आमा दैनिक ज्याला मजदुरी गरेर परिवारको गुजारा चलाउँछिन् । उनले आफ्नै गाउँ नजिकैको सञ्जिव (परिवर्तित नाम)सँग वाल प्रेम विवाह गरिन् । दुवैको सहमतिमा भएको बाल प्रेम विवाह पछि उनीहरू घरबाट भागेर भारत गएर लुकेर बस्न थाले । केटाको परिवारले खोजतलास गर्ने क्रममा उनीहरूलाई पत्ता लगाएर घर फर्काए । केटाको परिवारले दुवैलाई स्वीकार गर्ने र घरमा बस्न दिने भन्दै पटक पटक फोन गरी आश्वासन दिएका थिए ।  त्यसको विश्वासमा परी उनीहरु भारतबाट नेपाल फर्किए ।


नेपाल फर्किएको केही दिनपछि नै सञ्जिवको परिवारले आफ्नो छोरालाई घरबाट भगाए र सरलालाई सञ्जिवको घरबाट  निकाला गरे । उनीहरूले सरलाको परिवार माथि आफ्नो छोरालाई अपहरण गरेको आरोप लगाई मुद्दा चलायो । पछि सञ्जिवको बुवाले छोरालाई सुधार गृहमा राखेको थाहा भयो । यस घटनाको बारेमा सरलाको परिवारले सञ्जिवको बारेमा प्रहरीलाई खबर गरेपछि सरलाको परिवार माथि लागेको अपहरणको मुद्दा खारेज भयो । हाल सञ्जिवले अर्को विवाह गरेर बसेका छन् ।

### (आ) बहुविवाह

विवाह सामाजिक सम्बन्ध हुँदाहुँदै पनि तोकेका सिमाहरु ख्याल नगर्दा यो अपराध बन्न पुग्छ र सम्बन्ध कस्नेहरु कानूनको कठघरामा पुग्ने गर्छन् । नेपाली समाजमा पुरुषले बहुपत्नी राख्ने चलन प्राचीन कालदेखि चलेको पाइन्छ । नेपाली समाजमा पितृ उद्धारका लागि छोरा आवश्यक हुने अन्धविश्वासका कारण छोराको लागि पुरुषले अर्को विवाह गर्ने प्रचलन रहेको बुझिन्छ । त्यस्तै, श्रीमतीबाट सन्तान नभएमा, यौन सम्बन्धी रोग लागेमा, कुनै सरुवा रोग लागि निको नहुने भएमा, शरीर चल्न नसक्ने भएमा लोग्नेले अर्को विवाह गरेका कतिपय समाजमा अझै पनि सो बहुविवाहलाई घर तथा परिवारले स्वीकार्ने अवस्था छ । यद्यपि, मुलुकी अपराध संहितामा श्रीमती अंश लिई भिन्न भई बसेको बाहेक उनी जीवित छँदै अर्को विवाह गर्न नपाउने, विवाहित पुरुष हो भन्ने जानीजानी महिलाले पनि त्यस्तो पुरुषसँग विवाह गर्न नहुने, यसरी विवाह गर्ने पुरुष वा महिलालाई एकदेखि पाँच वर्षसम्म कैद र १० देखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने र त्यस्तो विवाह स्वतः बदर हुने कानूनी व्यवस्था गरेको छ । नयाँ कानून निमार्ण पश्चात पछिल्लो समय बहुविवाहको संख्या घटेको समाजशास्त्रीहरू बताउँछन् । तर अझै पनि १५ देखि ४९ वर्षका विवाहित महिला मध्ये करिब ४ प्रतिशतले आफ्ना श्रीमान्की दोस्रो श्रीमती रहेको बताएको स्वास्थ्य तथा जनसाङ्ख्यि सर्वेक्षणमा उल्लेख छ । त्यस्तै, कानूनले अपराधको मान्यता दिएपश्चात अहिले बहुविवाह सम्बन्धी न्यायको लागि पहिलो श्रीमतीले उजुरी गर्ने प्रचलन बढेको छ ।

बहुविवाहले सुख र शान्तिपूर्वक पारिवारिक जीवन बिताउन, व्यक्तित्व विकास गर्न, सभ्य र आदर्श परिवार निमार्ण गर्न बाधा उत्पन्न गर्छ । विवाहको नाउँमा पुरुषले एकभन्दा बढी पत्नी राख्नु लैङ्गिक न्याय विपरीत हो । यसले महिला माथि असमानता र अन्यायपूर्ण अवस्था सिर्जना गर्दै घरेलु हिंसा बढाउँछ भने सो परिवारमा हुर्किरहेका अबोध बालबालिका पारिवारिक यातना, विभेद र असमानताको शिकार हुन पुगेका छन् ।

## ३.६.१ प्रदेशगत विवरण





**चार्ट नं ३.६.१ :** प्रदेश अनुसार बहुविवाहको स्थिती

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा बढी कर्णाली प्रदेशमा बहुविवाह भएको पाइएको छ । क्रमबद्ध रुपमा हेर्ने हो भने कर्णालीमा ४४ प्रतिशत अर्थात १७ जना माथि बहुविवाहको हिंसा भएको छ । त्यसपछि, २१ प्रतिशत (८ जना) मधेश प्रदेश, १५ प्रतिशत (६ जना) लुम्बिनी प्रदेशबाट, १३ प्रतिशत (५ जना) कोशी प्रदेशबाट, पाँच प्रतिशत (२ जना) बागमती प्रदेशबाट र ३ प्रतिशत (एक जना) महिला सुदुरपश्चिम प्रदेशबाट बहुविवाहबाट प्रभावित भएको पाइएको छ । यस तथ्याङ्कले कर्णाली प्रदेशमा बहुविवाहको उच्च दरले सामाजिक-सांस्कृतिक संरचनामा गहिरो रुपमा रहेको लैङ्गिक विभेद र परम्परागत प्रथाको प्रभावलाई देखाउँछ । मधेश र लुम्बिनी प्रदेशहरूमा पनि बहुविवाहबाट प्रभावित महिलाहरूको संख्या उल्लेख्य छ, जसले ती क्षेत्रहरूमा पनि यो प्रथाको प्रभावलाई देखाउँछ । विशेषगरी, ग्रामीण तथा पारम्परिक मान्यता भएका समाजमा बहुविवाहको चलन कायमै रहनुले महिलाहरूलाई पारिवारिक हिंसा हुने गरेको र उनीहरूको अधिकारलाई सीमित गरेको पाइएको छ । अन्य प्रदेशहरूमा यस प्रकारको घटना अपेक्षाकृत कम भए तापनि, यो समस्या ती क्षेत्रहरूमा पनि उन्मूलन भइसकेको छैन र सामाजिक व्यवस्थासँगै विविध कारणबस बहुविवाहका घटनाहरु घटिरहेका छन् ।

## ३.६.२ प्रभावितको उमेर


प्राय : सबै उमेर समूहका महिलाहरूले बहुविवाहको घटना दर्ता गराएको देखिन्छ । बहुविवाहको हिंसाबाट प्रभावित महिलाहरुमा सबैभन्दा बढी २६ देखी ३५ वर्ष उमेर समूहका ३३ प्रतिशत (१३) जना रहेका छन् । त्यस्तैगरी, ३६ देखि ४५ वर्ष उमेर समूहका ३१ प्रतिशत (१२ जना) देखिन्छ । यसरी यो देखिन्छ कि २६ देखि ४५ वर्ष उमेरका महिलाहरू यस प्रकारको हिंसाबाट बढी पीडित छन्, जुन उमेर समूह आर्थिक र सामाजिक दृष्टिले महिलाहरूका लागि सक्रिय रहने समय हो र सोही समयमा उनीहरुलाई श्रीमान्बाट पनि अपहेलित हुन्छन् । १८ देखि २५ वर्ष उमेर समूह २१ प्रतिशत (८ जना), १८ वर्ष उमेर भन्दा कम ५ प्रतिशत (२ जना) देखिनुले सानै उमेरमा विवाह गर्दा पछि हिंसा सहनु पर्ने अवस्था देखिन्छ । त्यस्तै, ४६ देखि ५५ वर्ष उमेर समूहका ८ प्रतिशत (३ जना) र ५६ भन्दा माथि ३ प्रतिशत (एक जना) रहेको देखिदा महिलाहरु उमेर बढेसँगै श्रीमान्को साथ पाउने अपेक्षा गरे पनि श्रीमान्हरुले विपरीत महिलालाई नै पाखा लगाउने सोचले ग्रसित भई बहुविवाह गरेको देखिन्छ ।





**चार्ट नं ३.६.२:** उमेरगत अवस्था

### ३.६.३ शिक्षा

बालविवाह प्रभावितहरूको शैक्षिक स्तर बारे विश्लेषण गर्दा कुल ३९ जना प्रभावित मध्ये ७९ प्रतिशत (३१ जना) साक्षर र २१ प्रतिशत (८ जना) निरक्षर महिला पाइएको छ। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४८ प्रतिशत (१५ जना), माध्यमिक शिक्षा पुरा गरेका ३५ प्रतिशत (११ जना) र स्नातक र सो भन्दा माथिका १० प्रतिशत (३ जना) छन् भने प्राविधिक र प्रौढ शिक्षा हासिल गर्ने ३/३ प्रतिशत (एक/एक) जनालाई हिंसा भएको पाइएको छ। यसले के देखाउँछ भने बुझ्ेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन्। बहुविवाहको विषय महिलाको शैक्षिक स्तर भन्दा पनि श्रीमान्को सोच, पारिवारिक दवाव तथा सामाजिक स्वीकार्यताले हुने गरेको देखिन्छ।





**चार्ट नं: ३.६.३** : शैक्षिक अवस्था




**चार्ट नं. ३.६.४** :साक्षरताको अवस्था

### ३.६.४ जात/जातियता


बहुविवाह प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ३८ प्रतिशत (१५ जना) महिला बाह्मण/क्षेत्री पहाडे जातका रहेका छन् । त्यसैगरी, पहाडे दलित र पहाडे आदिवासी जनजाति १८/१८ प्रतिशत (७/७) जना महिला रहेका छन् भने बाँकी ३/३ जना तराई मधेशी अन्य जाति र तराई दलित, २/२ जना तराई आदिवासी जनजाति र बाह्मण/क्षेत्री तराई जातिका रहेका छन् ।




**चार्ट नं. ३.६.५:** बहुविाहिको जातिगत अवस्था

## ३.६.५ पेसा व्यवसाय


बहुविवाहबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेसागत रुपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ । बहुविवाह प्रभावित ३३ प्रतिशत (१३ जना) महिला घरायसी काममा संलग्न छन् । त्यसैगरी, ३१ प्रतिशत (१२ जना) कृषि तथा पशुपालनमा संलग्न, २३ प्रतिशत (९ जना) दैनिक ज्यालादारी मजदुरीमा, ५ प्रतिशत (२ जना) विधार्थी र २ जना जागिर खोज्दै गरेकी महिला र १ जना सरकारी सेवामा संलग्न महिला माथि बहुविवाह गरेको पाइएको छ । यस तथ्याङ्कलाई हेर्दा बहुविवाहले विशेषगरी कृषि, घरायसी काम, र दैनिक ज्यालादारी मजदुरीमा संलग्न महिलाहरूलाई बढी प्रभावित गरिरहेको छ । विद्यार्थीलाई समेत प्रभाव पारेको देखिंदा कम उमेरमा विवाह गर्दा केही समयपछि श्रीमान्ले छोड्न सक्ने वा अर्को विवाह गर्न सक्ने अवस्था देखिन्छ । अत : बहुविवाह विशेषत पेशागत रूपमा कमजोर र आर्थिक रूपमा असुरक्षित महिलाहरू यस समस्याबाट धेरै पीडित / प्रभावित रहेका छन् ।




**चार्ट नं. ३.६.६:** प्रभावित महिलाहरूको पेशागत अवस्था

### ३.६.६ प्रभावितलाई परेको असर

बहुविवाहका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका क्षति परेको पाइएको छ । जसमा ६२ प्रतिशत (२४ जना) मा मानसिक असर भोग्नु परेको छ । बहुविवाहका कारण प्रभावितहरुले मानसिक तनाव, चिन्ता, र आत्मसम्मानको कमी जस्ता समस्याहरूले उनीहरूको दैनिक जीवनमा निकै कठिनाइ भएको देखिन्छ । त्यस्तै, ४६ प्रतिशत (१८ जना) लाई समाजिक असर परेको छ । जसमा आफू माथि अन्याय हुँदा उल्टै महिलाहरूको सामाजिक स्थिति, परिवारिक सम्बन्ध, र समुदायमा रहेको प्रतिष्ठामा नकारात्मक प्रभाव परेको देखिन्छ । त्यस्तै, २३ प्रतिशत (९ जना) लाई आर्थिक असर परेको छ । प्रभावित महिलाहरू विशेषत श्रीमान्मा आर्थिक निर्भर रहेको अवस्थामा बहुविवाह पश्चात उनीहरुलाई श्रीमान्ले वास्ता नगर्ने, श्रोत साधनबाट बञ्चित गर्ने र महिलाहरुको आर्थिक स्थायित्वमा तथा उनीहरुको बालबच्चाको हेरचाहमा नकरात्मक असर परेको देखिन्छ । अझ, ८ प्रतिशत (३ जना) लाई शारीरिक क्षति भोग्न परेको पाइएको छ जसले बहुविवाह गरे पश्चात् महिलालाई श्रीमान् तथा निजका घरपरिवारका सदस्यले भौतिक आक्रमण समेत गर्न सक्ने अवस्था देखाएको छ र महिलाको सुरक्षामा समेत ध्यान दिन आवश्यक रहेछ भन्ने बुझिन्छ ।




**चार्ट नं ३.६.७ :** प्रभावितलाई परेको असर

## निष्कर्ष

तथ्याङ्कको आधारमा, नेपालमा विशेष गरी कर्णाली प्रदेशमा बहुविवाहको उच्च दर देखिन्छ, जसले यो प्रथा अझै गहिरो सामाजिक-सांस्कृतिक समस्याको रूपमा रहँदै आएको पुष्टि गर्दछ । कर्णाली पछि मधेश र लुम्बिनी प्रदेशहरूमा पनि बहुविवाहको उल्लेख्य प्रभाव देखिनुले ती क्षेत्रहरूमा परम्परागत प्रथाको प्रभावले महिला माथि पारिवारिक हिंसाको सम्भावना बढाएको देखाउँछ । अन्य प्रदेशहरूमा यस प्रकारको घटना कम भए तापनि, बहुविवाहको समस्या ती क्षेत्रहरूमा पनि पूर्ण रूपमा उन्मूलन भइसकेको छैन ।

बहुविवाहबाट प्रभावित हुने महिलाहरू प्रायः २६ देखि ४५ वर्ष उमेर समूहका छन्, जुन समय महिलाहरू आर्थिक तथा सामाजिक दृष्टिकोणले सक्रिय हुने र पारिवारिक जिम्मेवारीमा गहिरो रूपमा संलग्न हुने उमेर हो तर यसै उमेरमा उनीहरु आफ्ना पतिबाट प्रताडित भएको देखिन्छ । कम उमेरमा विवाह गर्दा पनि महिलाहरू पछि बहुविवाहको समस्याबाट पीडित हुने अवस्था देखिन्छ । शिक्षाको स्तरले यस समस्यामा उल्लेखनीय फरक नल्याएको देखिन्छ । साक्षर र निरक्षर दुवै वर्गका महिलाहरू बहुविवाहको सिकार भएका छन्, जसले यो समस्या केवल शिक्षा नभई

पुरुषहरूको सोच, पारिवारिक दबाब, र सामाजिक स्वीकृतिमा आधारित रहेको संकेत गर्छ। जातीय रूपमा, बाह्मण/क्षेत्री पहाडे जातिका महिलाहरू बहुविवाहबाट बढी प्रभावित देखिन्छन्, जसको अर्थ परम्परागत संस्कार र लैङ्गिक विभेदले विशेषगरी पहाडी समुदायमा यो समस्या जरो गाडेको हो। पेसागत रूपमा हेर्दा, घरायसी काम, कृषि तथा पशुपालन, र दैनिक ज्यालादारीमा संलग्न महिलाहरू यस समस्याबाट बढी पीडित/ प्रभावित छन्।

बहुविवाह पश्चात मुख्यतः घरेलु तथा कृषि काम गर्ने महिला जो आर्थिक रूपमा श्रीमान् माथि निर्भर छन् उनीहरुले पतिको अर्को विवाह पश्चात सामाजिक, मानसिक, र आर्थिक रुपमा गम्भीर असर भोग्न बाध्य भएका छन्। महिलाहरुले मानसिक तनाव, चिन्ता, र सामाजिक प्रतिष्ठामा नकारात्मक प्रभाव महसुस गरेको छन् भने उनीहरुको आर्थिक असुरक्षा प्रमुख असरका रूपमा देखिन्छ भने कतिपय महिलाले श्रीमान् तथा परिवारबाटै शारिरिक यातना समेत भोग्नु परेको देखिन्छ। अन्ततः बहुविवाहको समस्या केवल व्यक्तिगत स्तरमा नभई सामाजिक संरचनासँग सम्बन्धित रहेको देखिन्छ। यसको समाधानका लागि लैङ्गिक समानताको प्रवर्द्धन, महिलाहरूलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने कार्यक्रम र फौजदारी कानूनको प्रभाविकारी कार्यान्वयन गर्न आवश्यक छ। त्यस्तै, यी कार्यक्रमहरु गर्दा पुरुषहरुलाई समेत संलग्न गराई उनीहरुको महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन आवश्यक देखिन्छ।


### (ङ) दाइजोको निहुँमा हुने हिंसा

विवाहलाई हाम्रो समाजले पवित्र सांस्कृतिक तथा धार्मिक मान्यता प्रदान गरेको छ। विवाहको समयमा बेहुली तर्फबाट बेहुला वा बेहुलाका परिवारलाई दिने नगद तथा जिन्सी सरसामान नै दाइजो हो। यसलाई तराई तथा मधेस क्षेत्रमा  दहेज पनि भनिन्छ। सामान्यतः दैनिक जीवनमा चाहिने घरेलु सामान, जस्तै- फर्निचर, कपडा जस्ता सामग्री दाइजो रुपमा केटी पक्षका आफन्तले उपहार स्वरुप वैवाहिक अवसरमा दुलहीलाई नवविवाहको बधाइ भन्दै दिइएका सामानहरु हुन्। यसमा सुन/चाँदी तथ महँगा गरगहना पनि पर्छन्। समयक्रमसँगै आधुनिक सुविधाका सामग्री, जस्तै- टि.भी, मोटरसाइकल, कम्प्युटर, कार जस्ता सामग्री पनि दाइजोका रूपमा दिइने गरेको पाइन्छ। सतहमा त्यस्तो देखिए पनि गहिराई भने अत्यन्त भयानक र दर्दनाक छ। उपहार त दिए पनि हुन्छ र नदिए पनि हुन्छ। दाइजो एक प्रथा भएकाले यो बाध्यात्मक छ। यसर्थ

दाइजोको निहुँमा धेरै नवविवाहित महिलाहरु माथि उत्पीडन, हत्या, हत्याको प्रयास, घरेलु हिंसा जस्ता जघन्य अपराधको सिकार भइरहेका छन् । त्यस्तै, लिङ्ग पहिचान गरी गरिने गर्भपतन बारे भएका अनुसन्धानले अधिकांश भ्रुण बालिकाको भएको पुष्टि गरेको छ । यसको प्रमुख कारण पनि दाइजोको मनोवैज्ञानिक आतङ्क नै हो ।

मुलुकी अपराध संहिता, २०७४ को भाग २ को परिच्छेद ११ (विवाह सम्बन्धी कसुर) को दफा १७४ बमोजिम विवाहमा लेनदेन गर्न नहुने कसुर गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद वा तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ भनी उल्लेख गरेको छ । यद्यपि कानूनमा कठोर व्यवस्था भएता पनि विवाह गरिने लेनदेनले नयाँ नयाँ रूप लिएको देखिन्छ ।

### ३.७.१ प्रदेशगत विवरण





**चार्ट नं ३.७.१ :** प्रदेश अनुसार अभिलेख भएको बोक्सीको आरोपमा हुने हिंसाको संख्या

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा बढी कोशी प्रदेशमा ४३ प्रतिशत (१२ जना), मधेश प्रदेशमा ३६ प्रतिशत (१० जना), लुम्बिनी प्रदेशमा ११ प्रतिशत (३ जना) र सुदूरपश्चिम प्रदेशमा ११ प्रतिशत अर्थात ३ जना महिला माथि दाइजोको निहुमा हिंसा भएको पाइएको छ। यसरी कोशी र मधेश प्रदेशमा दाइजोको निहुँमा हुने हिंसा अत्यधिक देखिन्छ। गण्डकीमा ओरकको कार्यक्षेत्र नभएको र बागमती प्रदेशको तुलनात्मक विकासले सम्भवतः दाइजोको निहुँमा हुने हिंसा कम भएको  वा त्यसको अभिलेखिकरण नभएको र कर्णाली प्रदेशमा दाइजोको परम्परा नरहेकोले घटना अभिलेख नभएको हुनसक्छ। अतः कोशी र मधेश प्रदेशमा जनचेतना अभिवृद्धि कार्यक्रम, हानिकारक परम्परागत अभ्यास विरुद्ध वकालत गर्ने, महिला अधिकारको कार्यक्रमहरू सञ्चालन गरी दाइजो निहुँमा हुने हिंसा न्यूनीकरणमा योगदान पुऱ्याउन सकिन्छ। साथै, रिपोर्टिङ प्रणालीलाई सबल बनाउँदै सबै प्रदेशमा समान रूपमा दाइजोको निहुँमा हुने हिंसाको अवस्था बुझ्न र त्यसमा सुधार ल्याउन आवश्यक देखिन्छ।

### ३.७.२ प्रभावितको उमेर


दाइजोको निहुमा गरिने हिंसाबाट प्रभावित महिलाहरुमा सबैभन्दा बढी १८ देखी २५ वर्ष समूहका महिला रहेका छन्। ३९ प्रतिशत अर्थात ११ जना १८ देखि २५ उमेर समूहका रहेका छन्। यसले दाइजो प्रथाको दुष्प्रभाव विशेषगरी नवविवाहित र युवा महिलामा गहिरो रहेको देखाउँछ। तथ्याङ्क अनुसार हेर्ने हो भने १४ प्रतिशत (४ जना) १८ वर्ष भन्दा कम उमेर समूहका रहेका छन्। यसले दाइजो दिनु  पर्छ भनी कम उमेर मै विवाह गरिदिँदा पछि दाइजोको निहुँमा किशोरीहरु माथि हिंसा भइरहेको तथा केही किशोरीहरुले प्रेम विवाह गरेको अवस्थामा पछि परिवारले दाइजोको निहुँमा हिंसा गर्ने गरेको देखिन्छ। त्यस्तै, ३२ प्रतिशत (९ जना) २६ देखि ३५ उमेर समूहका र १४ प्रतिशत अर्थात ४ जना  ३६ भन्दा माथि उमेर समूहका रहेका छन्। यस तथ्याङ्कले समाजमा दाइजो प्रथाको गहिरो जरो रहेको र विवाह पश्चात् कयौं वर्षसम्म पनि दाइजोको निहुँले महिलाको व्यक्तिगत तथा पारिवारिक जीवनमा गम्भीर प्रभाव पारिरहेको तथ्यलाई प्रस्ट गर्दछ।





**चार्ट नं ३.७.२:** दाइजो र उमेरगत अवस्था

### ३.७.३ शिक्षा

दाइजो प्रभावितहरूको शैक्षिक स्तर बारे विश्लेषण गर्दा कुल २८ जना प्रभावित मध्ये ७९ प्रतिशत (२२ जना) साक्षर र २१ प्रतिशत (६ जना) निरक्षर महिलालाई दाइजोको निहुमा हिंसा गरेको पाइएको छ। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४५ प्रतिशत (१० जना), माध्यमिक शिक्षा पुरा गरेका ४१ प्रतिशत (९ जना) र स्नातक र सो भन्दा माथिका तीन जनालाई हिंसा भएको पाइएको छ। यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन्। शिक्षाको तह बढ्दै जाँदा भने हिंसाको दर पनि घटेको कुरा तथ्याङ्कले देखाएको छ। अत: दाइजोको समस्या अशिक्षित वा ग्रामीण क्षेत्रमा मात्र सिमित नभएको तर शिक्षित वर्गमा पनि यसको नकरात्मक असर परेको देखिन्छ। दाइजोको निहुँमा हुने हिंसा महिलाको आफ्नो व्यक्तिगत स्थिति नभई समाजको सोचको प्रतिफल हो। तसर्थ, समाजमा दाइजो प्रथाको गहिरो प्रभाव रहेकोले यसका कारण महिलाहरूको सम्मान तथा सुरक्षित जीवनमा पर्ने खताराविरुद्ध हामीले वकालत गर्न जरुरी रहेको छ।





**चार्ट नं: ३.७.३ :** दाइजो र शैक्षिक अवस्था




**चार्ट नं. ३.७.४:** दाइजो र साक्षरताको अवस्था

### ३.७.४ जात/जातीयता


दाइजो प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी ३६ प्रतिशत (१० जना) महिला तराई आदिवासी जनजाति जातका रहेका छन् । त्यसैगरी, २१ प्रतिशत (६ जना) तराई मधेशी अन्य जातका रहेका छन्, १४ प्रतिशत (४ जना), बाह्मण/क्षेत्री तराईका रहेका छन् भने बाँकी ११ प्रतिशत (३ जना) पहाडे दलित, ११ प्रतिशत (३ जना) पहाडे आदिवासी जनजाति र सात प्रतिशत अर्थात २ जना तराई दलित रहेका छन् । यसरी तराई क्षेत्रका आदिवासी जनजाति र अन्य मधेशी समुदायका महिलाहरू दाइजो हिंसाबाट बढी प्रभावित छन् । यसले तराई क्षेत्रमा दाइजो प्रथा र यससँग सम्बन्धित हिंसाको प्रचलन गहिरो रुपमा रहेको संकेत गर्छ ।




**चार्ट नं. ३.७.५:** जातीयताका आधारमा महिलामाथि भएको दाइजोको निहुमा भएको हिंसाको अवस्था

### ३.७.५ पेसा व्यवसाय

दाइजोबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेशागत रुपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ। दाइजो प्रभावित ४३ प्रतिशत (१२ जना) महिला घरायसी काममा संलग्न र २५ प्रतिशत (७ जना) कृषि तथा पशुपालनमा संलग्न देखिन्छन्। यस तथ्यांकले घरायसी र कृषि कार्यमा संलग्न महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर हुन नसक्ने, उनीहरुको कामको अवमूल्यन भएकाले सामाजिक तथा पारिवारिक दबाबको कारण दाइजोको शिकार भइरहेका छन् भन्ने देखिन्छ। १८ प्रतिशत (५ जना) दैनिक ज्याला मजदुरी गर्ने र १४ प्रतिशत (४ जना) विधार्थी महिला माथि दाइजोका कारण हिंसा भएको पाइएको छ। विद्यार्थीहरूमा पनि दाइजोको कारणले दबाब र हिंसाको असर देखिनु, महिलाहरुलाई विवाह पश्चात शिक्षा र आत्मनिर्भरता प्राप्त गर्न अवरोध गर्ने एउटा प्रमुख सामाजिक चुनौती रहेको देखिन्छ।




**चार्ट नं. ३.७.६ :** प्रभावित महिलाहरूको पेशागत अवस्था

### ३.७.६ आरोपितसँगाको सम्बन्ध


दाइजो प्रभावित महिला र आरोपितसँगको सम्बन्ध बारे विश्लेषण गर्दा दाइजोको व्यवस्था समाजले मान्यत दिएतापनि महिला माथि सबैभन्दा बढी परिवारको सदस्य र श्रीमान्‌बाट हिंसा भएको पाइएको छ । कुल २८ घटना मध्ये ५७ प्रतिशत अर्थात १६ जना परिवारको सदस्य, ४३ प्रतिशत अर्थात १२ जना श्रीमान् रहेका छन् । यस तथ्याङ्कले के देखाउँछ कि दाइजोको कारण महिला माथि हुने हिंसामा परिवारका सदस्य र श्रीमान् प्रत्यक्ष संलग्नता हुन्छ । विवाह पश्चात महिला पुरुषको घरमा जानु पर्ने र संयुक्त परिवारमा बस्नु पर्ने अवस्थाले पनि महिलालाई परिवारका अन्य सदस्यबाट हिंसा हुने जोखिम बढेको हो भने हिंसा पश्चात् समाजका व्यक्तिहरुलाई त्यसलाई सामान्य मानिदिंदा पीडकहरुलाई थप बल प्राप्त भएको देख्न सकिन्छ ।




**चार्ट नं. ३.७.७ :** सामाजिक हिंसा प्रभावितहरूको आरोपितसँगको सम्बन्ध

### ३.७.७ प्रभावितलाई परेको असर

दाइजोको कारण भएको हिंसाले महिलाहरूलाई बहुपक्षीय असर परेको स्पष्ट देखिन्छ। जसमा कुल २८ जना महिलालाई दाइजोको निहुमा हिंसा गरिएको थियो र ति मध्ये ८९ प्रतिशत (२५ जना) मा मानसिक असर, ५४ प्रतिशत (१५ जना) मा आर्थिक असर, २९ प्रतिशत (८ जना) मा शारीरिक असर र २९ प्रतिशत (८ जनामा) सामाजिक असर परेको पाइएको छ। विशेषगरी, सामाजिक र मानसिक असर उच्च प्रतिशतमा हुनु महिलाहरूलाई दाइजो प्रथाको कारणले व्यक्तिगत तथा सामाजिक जीवनमा अपमान, हीनभावना, र सामाजिक बहिष्कार जस्ता समस्याहरू भोग्न बाध्य बनाएको देखिन्छ। शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक असर परेकाले उनीहरूको दैनिकीमा समेत अवरोध सिर्जना भएको छ। आर्थिक असर परेका महिलाहरूको प्रतिशतले उनीहरूलाई आर्थिक रूपमा असुरक्षित बनाएको देखाउँछ, जसले उनीहरूको आत्मनिर्भरता र सशक्तिकरणमा बाधा पुऱ्याउँछ।




**चार्ट नं ३.७.८ :** प्रभावितलाई परेको असर

## निष्कर्ष

माथिको तथ्याङ्कहरुको आधारमा, दाइजोको निहुँमा महिला माथि हुने हिंसा नेपालका विभिन्न प्रदेशहरूमा व्यापक देखिन्छ। विशेष गरी कोशी र मधेश प्रदेशमा यो समस्या गम्भीर छ। दाइजो प्रथाको नकरात्मक प्रभाव मुख्यतया १८ देखि २५ वर्षका युवा महिलामा देखिन्छ, जसले नवविवाहित र युवा महिलाहरूमा यसको दबाब र दमनको गहिरो प्रभाव रहेको संकेत गर्छ। तथ्याङ्कले के देखाउँछ कि शिक्षा स्तरले दाइजो हिंसामा केही कमी ल्याएतापनि, सामान्य साक्षरता प्राप्त महिलाहरू पनि यसबाट अछुतो छैनन् भने अर्कोतिर विवाह गर्दा दुलाहाको जति धेरै पढाइ त्यति धेरै दाइजोको मागको अवस्था रहेको छ। यसरी दाइजो हिंसा अशिक्षित मात्र नभई शिक्षित वर्गमा पनि देखिनुले यो समस्या केवल शिक्षाको अभावका कारण नभई समाजमा गहिरो जरो गाडेको परम्परागत सोचसँग सम्बन्धित छ र छोरीलाई वस्तुको रुपमा हेरिन्छ भन्ने कुरालाई देखाउँछ। जातीय रूपमा हेर्दा, तराई क्षेत्रका आदिवासी जनजाति र अन्य मधेशी समुदायका महिलाहरूमा दाइजो हिंसा बढी देखिन्छ, जसले तराईमा दाइजो प्रथाको सामाजिक स्वीकृति र प्रभावलाई झल्काउँछ। त्यस्तै, घरायसी काममा संलग्न महिलाहरुले महिलाहरूको घरपरिवारमा गरेको निशुल्क सेवाको योगदानलाई समाजले अवमूल्यन गरेको प्रष्ट हुन्छ।

समाजमा दाइजो प्रथाको कारण भएको हिंसाले महिलाहरूमा सामाजिक, मानसिक, शारीरिक, र आर्थिक सबै प्रकारका असरहरू देखिन्छ। हिंसाले गर्दा महिलाहरुमा आत्मसम्मानको कमी, सामाजिक प्रतिष्ठाको लागि हिंसा सहनुपर्ने बाध्यता बनाएको छ। परिवारका सदस्य र समाजको प्रत्यक्ष संलग्नता तथा समर्थनले यस समस्यालाई अझ बलियो बनाइरहेको छ।

अन्ततः दाइजो प्रथाको नियन्त्रणका लागि हानिकारक परम्परागत अभ्यास विरुद्ध कानूनको कडा कार्यान्वयन र पीडकलाई सजायको आवश्यक छ। त्यस्तै, छोरीहरुलाई सानैदेखि शिक्षा र आर्थिक रूपमा आत्मनिर्भर बनाउने तर्फ ध्यान दिँदा, दाइजोको निहुँमा हुने हिंसालाई कम गर्न सकिन्छ र समग्रमा महिलाहरूको सुरक्षित, सम्मानजनक जीवन सुनिश्चित गर्न सकिन्छ। त्यसैले, छोरीको शिक्षामा पहुँचको लागि घर परिवार तथा सरकारले नै लगानी गर्न आवश्यक छ।

## घटना अध्ययन १०

### हानिकारक परम्परागत अभ्यास (दाइजो)

रिचा (नाम परिवर्तन) एक निम्न वर्गीय परिवारमा जन्मेकी हुन । उनको आफू १५ वर्षको हुँदा प्रेम विवाह भएको हो । उनका श्रीमान्ले उनी प्रति राम्रो व्यवहार गरेको भएतापनि श्रीमान्को परिवारले भने खासै राम्रो व्यवहार गरेका थिएनन् । विवाह भएको एक वर्ष नबित्दै रिचाको एउटा छोरा जन्मियो । रिचालाई घरपरिवारले दाइजो नल्याएको निँहुमा पहिलेदेखि नै नराम्रो व्यवहार गरिरहन्थ्यो । सन्तान जन्मे पछि बढी स्याहार पाउनुपर्ने बेलामा उनलाई झन खान लाउन नदिने, दाइजो नल्याएको भन्दै मानसिक तनाव दिन थाले । उनले आफ्नो श्रीमान्लाई यस्तो कुरा सुनाउँदा श्रीमान् उल्टै उनीसँग रिसाउन थाले । उनका श्रीमान् पेसाले दैनिक ज्यालादारी काममा संलग्न थिए । रिचाले दिनभरी आफूले भोगेको कुरा सुनाउँदा श्रीमान्ले उल्टै आफू दिन भरीको कामले थाकेको र घर आउँदा यस्तो कुरा नसुनाउ भनी गाली गर्ने र कुटपिट गर्ने समेत गर्थे । रिचालाई उनका श्रीमान् र सासुले पटक पटक शारीरीक यातना र गालीगलौच गर्ने गरेकोले रिचाको मानसिक स्थिति पनि खस्किदै गएको थियो । यस पछि उनले संस्थाको सहयोगको लागि खोजी गरी नजिकैको मानव अधिकारमा कार्यरत संस्थामा पुगिन् । त्यँहा उनले संस्थाको सहयोगबाट मनोविमर्श सेवा लिइन् । मनोविमर्श सेवाको माध्यमबाट उनले कानूनी परामर्श सेवाको बारेमा जानकारी पाइन् । हाल उनी महिला कानूनी प्रक्रियामा अघि बढेकी छिन् तर कानूनी पक्षबाट भने उनको समस्यामा कुनै सुनुवाई भइरहेको छैन् ।


### (ई) बोक्सीको आरोपमा हुने हिंसा

नेपाली बृहत् शब्दकोशमा बोक्सीको अर्थ बोक्सेरो जान्ने वा टुनामुना गर्ने स्त्री, डंकिनी, डाइनी, दुष्टा स्त्री उल्लेख छ। त्यस्ती महिलासँग असाधारण शक्ति हुने गलत विश्वास समाजमा कायमै छ। बोक्सी शब्दले समाजमा पीडा र त्रासको प्रतिनिधित्व गरेको हुन्छ। विशेषगरी गाउँमा कुनै मानिस बिरामी भयो वा मृत्यु भयो भने धामी-झाँक्रीको झारफुकको प्रभावमा परेर कसै माथि बोक्सीको दोष लगाई निर्मम यातना दिने गरिन्छ। विज्ञान र प्रविधिको अभूतपूर्व विकास भएको युगमा पनि समाजमा कथित बोक्सीको आरोपमा महिलामाथि हिंसा र उत्पीडन भई राखेको अवस्थाले नेपाली समाज अझै कति रुढीवादी, अन्धविश्वासी रहेछ भन्ने कुराको आङ्कलन गर्न सकिन्छ।

बोक्सीको आरोप लगाइसकेपछि बोक्सीको आरोपमा कुटपिट गरी खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, अभक्ष कोच्याउने , मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार लगायत दुर्व्यवहार गरिन्छ। यति धेरै शारीरिक र मानसिक यातना दिइन्छ कि कैंयौले यस्तो यातना खप्न नसकी आत्महत्या समेत गर्छन्। बोक्सीको आरोप प्रायः समाजमा अति कमजोर अवस्थामा रहेका एकल, गरीब, रोगी महिलालाई लगाउने गरिन्छ। बोक्सीको आरोप लागेका महिलाले समुदायका सदस्यका साथै आफ्ना परिवार र धामी झाँक्रीबाटै चरम प्रकृतिको शारीरिक र मनोसामाजिक हिंसाको सामना गर्नुपर्ने हुन्छ। त्यसैले, बोक्सीको आरोप लगाएको र हिंसा प्रभावितले न्यायको लागि उजुरी दिने अवस्था कम नै रहेको छ।

नेपालमा कानूनले बोक्सीको आरोप लगाउने र हिंसा गर्ने कार्यलाई आपराध घोषित गरेको छ। बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मा बोक्सी आरोपमा कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी आठ वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरेको छ। सार्वजनिक पदमा रहेको व्यक्तिले कसूर गरेमा पच्चीस प्रतिशत बढी सजाय हुने व्यवस्था समेत ऐनमा छ। तर कानूनको प्रभावकारी कार्यान्वयनको अभावमा यस्ता सामाजिक कुरीतिहरु नेपाली समाजमा यथावत नै रहेका छन् र समाजमा प्रभावितहरु विविध यातना सहेर अझै डर, त्रासमा जीवनयापन गरिरहेका छन्।

### ३.८.१ प्रदेशगत विवरण





**चार्ट नं ३.८.१ :** प्रदेश अनुसार अभिलेख भएको बोक्सीको आरोपमा हुने हिंसाको संख्या

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा बोक्सीको आरोपमा हुने हिंसाहरु केवल एक प्रदेशमा सीमित नभई विविध सामाजिक विश्वास र अन्धविश्वासबाट प्रभावित भएको देखिन्छ । सबै भन्दा बढी मधेश प्रदेशमा ४५ प्रतिशत (५ जना), कोशी प्रदेशमा २७ प्रतिशत (३ जना), कर्णाली प्रदेशमा १८ प्रतिशत (२ जना), र लुम्बिनी प्रदेशमा १ जना महिला माथि बोक्सीको आरोपमा हिंसा भएको पाइएको छ । यसले यो देखाउँछ कि नेपाली समाजमा अझै पनि गहिरो रूपमा अन्धविश्वास र सामाजिक असमानताहरू यथावत् रहेको छ । बोक्सीको आरोपमा हुने हिंसामा मधेश प्रदेश सबै भन्दा प्रभावित देखिएको छ, जसले यो क्षेत्रका सामाजिक-आर्थिक र सांस्कृतिक परिवर्तनमा ध्यान दिन आवश्यक देखिन्छ । त्यस्तै, कोशी र कर्णाली प्रदेशमा पनि यस्ता घटनाहरू भएको देखिन्छ, जसले नेपालका विभिन्न भौगोलिक क्षेत्रमा बोक्सीको आरोपमा हिंसा भइरहेको कुरा संकेत गर्छ । गण्डकीमा ओरकको कार्य क्षेत्र नभएको, सुदूरपश्चिम प्रदेशबाट समेत केही तथ्याङ्क नआएकाले र बागमती प्रदेशको तुलनात्मक विकासले सम्भवत: बोक्सीको आरोपमा हुने हिंसा कम भएकोले सो प्रदेशहरुबाट तथ्याङ्क सङ्कलन नभएको हुनसक्छ । साथै, रिपोर्टिङ प्रणालीलाई सबल बनाउँदै सातै

ओटा प्रदेशमा भइरहेको बोक्सीको आरोपमा हुने हिंसाको अवस्था बुझ्न र त्यसमा सुधार ल्याउन आवश्यक देखिन्छ ।

### ३.८.२ प्रभावितको उमेर


बोक्सीको आरोपको हिंसाबाट प्रभावित महिलाहरुमा सबै भन्दा बढी ३६ देखि ४५ वर्ष उमेर समूहका रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार हेर्ने हो भने ३६ प्रतिशत अर्थात ४ जना ३६ देखि ४५ उमेर समूहका रहेका छन् । यी उमेर समूहमा रहेका महिलाहरू प्रायः आफ्नो परिवारमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन्, र उनीहरूलाई समाजमा विभिन्न आरोप लगाई कमजोर बनाउने प्रयास गरिएको देखिन्छ । १८/१८ प्रतिशत अर्थात दुई/ दुई जना १८ देखि २५, २६ देखि ३५ र ५६ भन्दा माथिका उमेर समूहका १८ प्रतिशत (२ जना) रहेका छन् भने ९ प्रतिशत अर्थात एक जना ४६ देखि ५५ वर्ष उमेर समूहका रहेको पाइएको छ । ५६ वर्ष भन्दा माथिका महिलाहरू पनि प्रभावित हुनु समाजमा वृद्ध अवस्थामा रहेको महिला विरुद्ध हुने हिंसाको स्वरुपलाई यसले देखाएको छ ।




**चार्ट नं ३.८.२:** उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था

### ३.८.३ शिक्षा

बोक्सीको आरोपबाट प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल ११ जना प्रभावित मध्ये ७३ प्रतिशत (८ जना) साक्षर र २७ प्रतिशत (३ जना) निरक्षर महिलालाई बोक्सीको आरोप लगाएको पाइएको छ। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ६३ प्रतिशत (५ जना), माध्यमिक शिक्षा पुरा गरेका ३८ प्रतिशत (३ जना) हिंसा भएको पाइएको छ। यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन्। शिक्षाको तह बढ्दै जाँदा भने हिंसाको दर पनि घटेको कुरा तथ्याङ्कले देखाएको छ।





**चार्ट नं: ३.८.३:** सामाजिक हिंसा र शैक्षिक अवस्था




**चार्ट नं. ३.८.४ :** सामाजिक हिंसा र साक्षरताको अवस्था

## ३.८.४ वैवाहिक स्थिति


बोक्सीको आरोपबाट प्रभावित ११ जना महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिला माथि सबै भन्दा बढी ८२ प्रतिशत (९ जना) माथि हिंसा भएको पाइएको छ । यसको कारण परिवार वा समुदायमा विवाहित महिलाहरूको भूमिकामा देखिने विभिन्न सामाजिक अपेक्षाहरू, र उनीहरूलाई हेर्ने दृष्टिकोण हुन सक्छ । साथै, विवाहित महिलालाई घरेलु जिम्मेवारीका कारण समाजमा विविध क्रियाकलापहरुमा बढी देखिने हुँदा उनीहरू सजिलै आरोपको सिकार बन्न सक्छन् । त्यसैगरी, १८ प्रतिशत (२ जना) एकल तथा विधवा महिला यस हिंसाबाट प्रभावित भएको पाइएको छ । यो संख्या कम भएतापनि समाजमा एकल महिला प्रति रहेको नकारात्मक दृष्टिकोणको परिचायक हो । त्यस्तै, एकल महिलाहरूलाई सामाजिक रूपमा कमजोर र असुरक्षित मानिने प्रवृत्तिले उनीहरूलाई बोक्सीको आरोपमा हिंसाको सिकार बनाउने गरेको देखिन्छ ।




**चार्ट नं ३.८.५:** सामजिक हिंसाका प्रभावितहरूको वैवाहिक स्थिति

### ३.८.५ जात/जातीयता


बोक्सीको आरोपबाट प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी २७/२७ प्रतिशत (३/३ जना) महिला पहाडे बाह्मण/क्षेत्री र तराई मधेशी अन्य जातिका रहेका छन् । तराई दलित जातिका १८ प्रतिशत (२ जना) महिला रहेको अभिलेखीकरणले देखाएको छ । त्यस्तै गरी, ९ प्रतिशत (१/१ जना) महिला बाह्मण/क्षेत्री पहाडे, तराई अदिवासी जनजाति, पहाडे आदिवासी जनजातिका जातका रहेका छन् । यसरी बोक्सीको आरोपको हिंसा कुनै विशेष जातीय समूहमा मात्र सीमित छैन र यसले विभिन्न जात/जातीयताका महिलाहरूलाई प्रभावित बनाएको छ भन्ने देखिन्छ । यद्यपि, बाह्मण/क्षेत्री, मधेशी अन्य, र दलित महिलाहरूलाई धेरैजसो बोक्सीको आरोपमा हिंसा गरिन्छ , जसले नेपाली समाजमा रहेको महिला प्रति रहेको सामाजिक, सांस्कृतिक, र जातीय भेदभावलाई दर्शाउँछ ।




**चार्ट नं. ३.८.६:** जात/जातीय आधारमा महिलामाथि भएको बोक्सीको आरोप हिंसाको अवस्था

### ३.८.६ पेसा व्यवसाय


बोक्सीको आरोपबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेशागत रुपमा विश्लेषण गर्दा धेरैजसो महिला जो कृषि तथा पशुपालन र घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ। बोक्सीको आरोपबाट प्रभावित ५५ प्रतिशत (६ जना) महिला घरायसी काममा संलग्न छन्। त्यसैगरी, ४५ प्रतिशत (५ जना) कृषि तथा पशुपालनमा संलग्न महिला माथि बोक्सीको आरोप लगाइएको पाइएको छ। यसले नेपाली समाजमा आर्थिक रूपमा निर्भर नभएका, परिवार र समुदायसँग सीमित अन्तरक्रिया गर्ने, बाहिरी तथा सार्वजनिक जीवनमा नगएका घरेलु महिलाहरूलाई विविध बाहनामा हिंसाको सिकार बनाउने प्रवृत्तिलाई उजागर गर्छ। कृषिमा संलग्न महिलाहरू अझैपनि आर्थिक रुपमा कमजोर भएको र गाउँमा कसैको बाली मासिएमा वा पशु विमार भएमा अन्धविश्वासका कारण गाउँमै रहेका अन्य कृषि पशुपालनमा रहेका महिलालाई बोक्सीको आरोप लगाउन सजिलो हुने मानसिकता प्रबल छ, जसले समाजमा महिलाहरूको पेशागत भूमिकालाई अझै कमजोर बनाएको अवस्था छ।




**चार्ट नं. ३.८.७ :** प्रभावित महिलाहरूको पेसागत अवस्था

## ३.८.७ आरोपितसँगको सम्बन्ध


बोक्सीको आरोपबाट प्रभावित महिला र आरोपितसँगको सम्बन्धबारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी समुदायको सदस्य र छिमेकीबाट हिंसा भएको पाइएको छ । कुल ११ घटना मध्ये ४५ प्रतिशत (५ जना) समुदायको सदस्य, ३६ प्रतिशत (४ जना) छिमेकी रहेका छन् । तसर्थ, बोक्सीको आरोपको घटनामा गाउँले समुदाय र धार्मिक आस्थाको प्रभाव प्रमुख कारण देखिन्छ । यी घटनामा धामी-झाँक्री वा अन्य स्थानीय धार्मिक व्यक्तिको संलग्नता, बोक्सी आरोपलाई अझ सुदृढ बनाउने एउटा कारकको रूपमा देखा परेको छ । त्यस्तै, श्रीमान् र परिवारका सदस्य भने नौ/नौ अर्थात (१/१) जना रहेका छन् । यसरी परिवारका सदस्यहरूबाट महिलाहरू हिंसामा पर्ने घटनाले घरेलु हिंसाको रूप र परिवार भित्र रहेको लैङ्गिक असमानतालाई स्पष्ट पार्छ ।




**चार्ट नं. ३.८.८:** सामाजिक हिंसा प्रभावितहरूको आरोपितसँगको सम्बन्ध

## ३.८.८ प्रभावितलाई परेको असर

महिला माथि लगाइएको बोक्सीको आरोपका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका क्षति परेको पाइएको छ। जसमा कुल ११ जना महिलालाई बोक्सीको आरोप लगाइएकोमा ८२ प्रतिशत (९ जना) मा सामाजिक असर, ७३ प्रतिशत (८ जना) लाई मानसिक असर, ५५ प्रतिशत (६ जना) लाई शारीरिक असर र २७ प्रतिशत (३ जना) लाई आर्थिक असर, परेको पाइएको छ। मुख्यतः बोक्सीको निहुँमा हुने हिंसाले महिलाहरुको समाजमा स्थान, प्रतिष्ठा र सामाजिक सम्बन्धमा असर पारेको देखिन्छ। यसका साथै, समाजमा हुने तिरस्कार र अपमानले महिलाहरुको मानसिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको देखिन्छ। त्यस्तै, शारीरिक हिंसाले हिंसाको क्रूरता र महिलाहरूलाई शारीरिक रूपमा कमजोर बनाउने समाजको उद्देश्यलाई उजागर गर्छ।




**चार्ट नं ३.८.९:** प्रभावितलाई परेको असर

## निष्कर्ष

तथ्याङ्कका आधारमा, बोक्सीको आरोपमा हुने हिंसाहरू नेपालका विभिन्न भौगोलिक, सामाजिक, र सांस्कृतिक क्षेत्रमा व्यापक रूपमा रहेको देखिन्छ। सबैभन्दा बढी प्रभावित मधेश प्रदेशमा रहेको भए पनि, कोशी र कर्णाली प्रदेशमा पनि यस्ता हिंसाका घटना हुनुले देशभर अन्धविश्वास र सामाजिक असमानताको गहिरो प्रभावलाई उजागर गरेको छ। गण्डकी र बागमती प्रदेशमा रिपोर्टिङ कम हुनुको कारण विकासको स्तर वा कार्यक्षेत्रको अभाव हुनसक्छ, जसले सम्पूर्ण प्रदेशमा घटनाहरूको यथार्थ बुझ्न र सुधार ल्याउन प्रतिवेदन प्रणालीलाई सबल बनाउनु पर्ने आवश्यकता देखाउँछ।

बोक्सीको आरोपसँग सम्बन्धित हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी ३६ देखि ४५ वर्ष उमेर समूहका छन्, जसमा प्रायः महिलाहरू परिवारमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन्। यो उमेर समूहको महिलालाई कमजोर बनाउने र समाजमा उनीहरूको स्थानलाई कमजोर बनाउने मनोवृत्ति रहेको देखिन्छ। शिक्षाको स्तरमा साक्षर महिलाहरू समेत यस

हिंसाबाट प्रभावित भएका छन्, जसले शिक्षाको अभाव मात्र नभई सामाजिक सोच र विश्वासको गहिरो प्रभावलाई दर्शाउँछ। विवाहित र एकल महिलाहरू यस हिंसामा बढी सिकार भएका छन्, विशेषगरी विवाहित महिलाहरूलाई परिवारिक जिम्मेवारी र सामुदायिक गतिविधिमा संलग्न देखिएकाले सजिलै आरोपको सिकार बनाइन्छ।

जातीय रूपमा बाह्मण/क्षेत्री, मधेशी अन्य, र दलित महिलाहरूलाई बोक्सीको आरोपमा हिंसा गरिन्छ, जसले जातीय र सामाजिक विभेदलाई झल्काउँछ। पेशागत रूपमा, घरायसी काम र कृषि तथा पशुपालनमा संलग्न महिलाहरू बोक्सीको आरोपको सि कार बनेका छन्, जसले आर्थिक रूपमा निर्भर, समाजसँग सीमित अन्तरक्रिया गर्ने महिला माथि हिंसा बढ्ने प्रवृत्तिलाई उजागर गर्छ। आरोपको घटनामा प्रायः समुदायका सदस्य, छिमेकी, र स्थानीय धार्मिक आस्थाको भूमिका रहेको देखिन्छ, जसले समाजमा अन्धविश्वास र धामी-झाँक्रीको प्रभावलाई प्रकट गर्दछ।

बोक्सीको आरोपका कारण महिलाहरू सामाजिक, मानसिक, शारीरिक, र आर्थिक पक्षमा गम्भीर क्षति बेहोर्दै आएका छन्। सामाजिक रूपमा प्रतिष्ठामा नकारात्मक असर, मानसिक स्वास्थ्यमा चिन्ता र तनाव, शारीरिक हिंसाबाट हुने पीडा, र आर्थिक असुरक्षाले उनीहरूको जीवनलाई अत्यन्त प्रभावित बनाएको छ।

यसरी, बोक्सीको आरोपमा हुने हिंसा नेपाली समाजको गहिरो सामाजिक र सांस्कृतिक समस्याको द्योतक हो। समाजमा व्याप्त रहेको अन्धविश्वासको जरा उखेल्न अन्धविश्वासमा आधारित यस्ता कुरीति उन्मूलन गर्नका निम्ति महिलावादी साँस्कृतिक अभियानको आवश्यकता देखिन्छ। त्यस्तै, यस समस्याको समाधानका लागि ग्रामीण भेगमा अन्धविश्वास हटाउने र स्वास्थ्यमा पहुँच बढाउने, फौजदारी कानूनको कडा कार्यान्वयन गरी पीडकलाई कडा सजाय दिलाउने र महिला प्रभावितहरुलाई लक्षित थप सेवा सहयोगहरुको व्यवस्था गर्ने र समाजमा सम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्न बहस र पैरवी गर्न आवश्यक छ।

## घटना अध्ययन ११

### (बोक्सीको आरोप, घरेलु हिंसा, शारीरिक हिंसा, दण्डहीनता)

रेनुका (नाम परिवर्तन) को जन्म भारतमा भएको थियो । उनी १० वर्षको हुँदा उनको आमा र बुवाको गाडी दुर्घटनामा परेर मृत्यु भएको थियो । आमाबुवाको मृत्यू पछि उनको आफन्तले भारतकै एक अनाथालयमा राखिदिएको थियो । उनी १० वर्षकै उमेरमा भारतको अनाथालयबाट नेपाल आएकी उनी करिब ४ वर्ष एउटा संस्थाको आश्रयमा बसेकी थिइन् । त्यसपछि उनले बाहिर कोठा लिएर बस्न थालिन् । एकदिन साथीहरुसँग मेला हेर्न भनेर जाँदा उनी मेलामा हराइन् । त्यहिबेला उनको भेट राकेश (परिवर्तित नाम) सँग भयो र उनले उनले राकेशलाई आफ्नो कहानी सुनाइन् । ती पुरुष लगायत अरु नृत्यकर्मीले उनलाई उनको यो संसारमा अरु कोही नभएको र आफूहरुसँग गई त्यहि काम गर्न सुझाए । सोही अनुसार उनी मञ्जुर भइन् । केही वर्ष उनी त्यही उनीहरु सँगै काम गर्दै बसिन् । यस बेलासम्म उनको विवाह राकेशसँग भइसकेको थियो । उनले आफ्नो कमाईको सबै पैसा पनि श्रीमान्लाई नै दिने गरेकी थिइन् । पछि यो काम राम्रो होइन भनी त्यो ठाउँ छाडेर पार्लर खोलेर अन्यत्र बस्न थाले । केही समय पछि फेरी त्यहाँ छोडी उनीहरु भारतको दिल्ली गएर बस्ने थाले । उनलाई सुत्केरी व्यथा लागेपछि श्रीमान्ले अस्पताल लिएर गए । त्यँहा उनको छोरा जन्मिएको उनलाई याद छ तर उनी सुत्केरीको क्रममा बेहोस भएको र होस आउँदा न उनले आफुसँग श्रीमान पाइन् नत नवजात शिशु नै । तरपनि उनी अरुसँग पैसा मागी पुनः नेपाल श्रीमानको घर आएर श्रीमानसँग बस्न थालिन् । उनी वारम्वार गर्भवती हुने र परिवारबाट गर्भ पतन गराउने काम भइनै रह्यो ।

योबाट उनी दिक्क भएर पछिल्लो गर्भ बचाउनका लागि पेटमा सात महिनाको बच्चा भएको र उनले परिवारलाई भनेमा आफ्नो गर्भपतन गराउने भएकाले सिधैं पुलिसचौकीमा आएको कुरा पुलिसलाई बताइन् र लिखित उजुरी गरिन् । घरका परिवारको डरले उनी

घर नगई मागेरै खान थालिन् । पछि जिल्ला प्रहरीले दुवै पक्षलाई बोलाएर छलफल पनि गरायो । छलफलको क्रममा उनका ससुराले आफ्नो बुहारी भएको र उनको १५ दिनमा नागरिकता बनाइ दिने सर्तमा घर लगे । तर भोलि पल्ट नै उनलाई अस्पताल लगी गर्भपतन गराइदिए साथै स्थायी परिवार नियोजन समेत गराइदिए । त्यसपछि उनलाई दैनिक शारीरीक यातना दिने, गालीगलौज गर्ने, कोही विरामी भए यो बोक्सीले गर्दा हो र त्यो बोक्सी उनी नै हो भनी आरोप लगाउने, कुटपिट गर्ने, मसानमा लग्ने १० दिन सम्म राख्ने र उनको हातबाट परेवाको बली दिन लगाइयो । उनले आफू माथि हुने दैनिक कुटपिट सहदै आएकी थिइन् । तर एक दिन श्रीमान्ले उनलाई मर्ने गरी कुटेपछि प्रहरीमा उजुरी दिन गइन् । उजुरी पछिको वयानको क्रममा प्रहरीले उनीमाथि लगाइएको बोक्सीको आरोपको कुरा निवेदनमा खुलाए श्रीमान्लाई जेल हुने भएकाले सामान्य कुटपिटको घटना दर्ता गर्न सल्लाह दिए । दुवै पक्षलाई बोलाएर छलफल गराउँदा प्रहरीमा सम्झौता हुन सकेन । त्यसपछि वकिलको राखी छलफल गराइयो र वकिल र पीडक पक्ष मिली नक्कली कागज बनाई पिडितलाई जबरजस्ती सहमती गराइयो । त्यो मिलापत्र हस्ताक्षर गरेको कागज वडा सदस्यको घरमा आई कागज पढ्न लगाउँदा मात्र प्रभावितलाई थाहा भयो कि उक्त मिलापत्रमा प्रभावितले गाउँ छोडी जानुपर्ने व्यहोरा उल्लेख गरिएको थियो । उनले यो थाहापाए पछि न्यायका लागि संस्थामा गएर सहयोगको लाीग अनुरोध गरे पछि संस्थाको सहयोगमा महिला सेलमा उनको घटनाबारे बुझ्न जाँदा उनले जाहेरी नदिएको र नेपालमा उनको केही कानूनी कागजात नबन्ने भएकोले उनीहरुलाई केही पैसा लिएर बाहिरबाट मिलापत्र गरेर आउनुपर्छ भन्ने प्रहरीको भनाई थियो । त्यसपछि २०८० साउन १४ गते राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशलाई आवश्यक सहयोगको लागि घटना प्रेषण गरिएको थियो ।


# परिच्छेद ४

## (क) मानव बेचबिखन

मानव बेचबिखन तथा ओसारपसार एक बहु-आयामिक, बहु-क्षेत्रगत एवम् विश्वव्यापी समस्याको रूपमा रहेको छ । त्यसमा पनि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी मात्रामा हुने गरेको छ । मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध हो । नेपालमा सदियौंदेखि यस्ता बेचबिखनका कार्यहरू हुँदै आएको पाइन्छ र समयक्रम र प्रविधिको विकाससँगै यस्ता घटनाहरू समेत विभिन्न स्वरूपमा हुने गरेको छ । कुनै न कुनै रूपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले प्रलोभनमा पारी, झुक्याई, डर, त्रास धम्की देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छा विपरीत जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई मानव बेचबिखन भनिन्छ ।

यस वर्ष ओरकमा जम्मा ४ जना महिला बेचबिखन तथा ओसारप्रसारबाट प्रभावित भएका घटना अभिलेखीकरण भएका छन् । यसका साथै ७३ जना महिला बेचविखनमा तथा ओसारप्रसारबाट प्रभावित भएको तथ्याङ्क सुनिता फाउण्डेसनको प्रतिवेदनबाट प्राप्त भएको छ जसमध्ये कुल ७७ जनाको नै बेचबिखन भएको तथ्याङ्कले देखाउँछ ।

### ४.१.१ प्रदेशगत विवरण




**चार्ट नं. ४.१.१:** प्रदेशगत संख्या


माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सबै भन्दा धेरै बागमती प्रदेशमा जम्मा ९५ प्रतिशत (७३ जना), र बाँकी रहेका कोशी र लुम्बिनी प्रदेशमा १/१ जना र मधेश प्रदेशमा २ जना महिला बेचविखनमा परेका घटना दर्ता भएका छन् । बागमती प्रदेशमा यति धेरै घटना दर्ता हुनुमा यस क्षेत्रको विशिष्ट भूगोल र काठमाडौं उपत्यकाको केन्द्रित सेवाहरु प्रमुख कारक हुन् । काठमाडौँमा रहेका संघसंस्थाहरू (जस्तै, ओरेक र सुनिता फाउण्डेसन) ले महिला बेचबिखनबाट प्रभावितहरूको उद्धार र सुरक्षित आवासको व्यवस्था यहाँबाट सञ्चालन गर्ने गरेका छन् । यसका कारण उद्धार गरिएका धेरै महिलाहरू काठमाडौँमा नै संरक्षण र आवास पाउने भएकाले उनीहरूको घटनाहरू पनि यहीँ दर्ता हुने गरेका छन् । अन्य प्रदेशहरूमा पनि यस्ता घटना हुन सक्ने भएता पनि, अधिकांश पीडित/ प्रभावित हरूको तथ्याङ्क काठमाडौँमा नै केन्द्रित रहने देखिन्छ ।

यस तथ्याङ्कबाट स्पष्ट हुन्छ कि महिला बेचबिखनको समस्या केवल बागमती प्रदेशमा सीमित छैन, तर उद्धार र पुर्नस्थापनाको प्रक्रिया काठमाण्डौ उपत्यकामा आधारित हुँदा घटनाहरू पनि यहाँ बढी

दर्ता भएका छन् । यसले काठमाण्डौलाई समस्या समाधानको केन्द्र बनाएको छ, तर यो समस्या नेपालका अन्य प्रदेशहरूमा पनि रहेकोले प्रत्येक प्रदेशमा उद्धार तथा पुर्नस्थापनाका लागि समान स्तरका सेवाहरू आवश्यक देखिन्छ । महिला बेचबिखनलाई प्रभावकारी रूपमा न्यूनिकरण गर्न प्रत्येक प्रदेशमा उद्धार तथा सुरक्षित आवास सेवाहरू विस्तार गर्ने, कानूनी सहायता र पुर्नस्थापनाको अवसर प्रदान गर्ने, र स्थानीय स्तरमै समस्या समाधानको लागि स्रोत साधनमा वृद्धि गर्ने खाँचो देखिन्छ । यसले गर्दा पीडितलाई नजिकैको क्षेत्रमा सहयोग उपलब्ध हुनेछ र समस्या समाधानमा समग्र राष्ट्रको सहभागिता सम्भव हुनेछ ।

### ४.१.२ प्रभावितको उमेर


बेचबिखनमा परेका जम्मा ७७ जना महिला तथा बालिका मध्ये ५८ प्रतिशत (४५ जना) १८ वर्ष भन्दा कम उमेर समूहका रहेका छन् भने ३२ प्रतिशत (२५ जना) १८ दृखी २५ वर्ष उमेर समूहका, ६ प्रतिशत (५ जना) २६ देखी ३५ वर्ष उमेर समूह र ३ प्रतिशत (२ जना) ३६ देखी ४५ वर्ष उमेर समूहका रहेका छन् ।




**चार्ट नं. ४.१.२ :** प्रभावितको उमेरगत वर्गीकरण

### ४.१.३ शिक्षा

बेचविखनबाट प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा १८ प्रतिशत (१४ जना) साक्षर र ८२ प्रतिशत (६३ जना) निरक्षर महिलाहरु बेचविखनमा परेको पाइएको छ । जसले देखाउँछ कि शिक्षाको अभाव बेचबिखनको प्रमुख कारक हुनसक्छ । शिक्षाको कमीले महिलाहरूलाई आफ्नो हक अधिकार बारे अनभिज्ञ बनाउँछ र उनीहरूलाई असुरक्षित परिस्थितिमा पार्न सक्छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका  ५७ प्रतिशत (८ जना) देखिन्छ । जसले आधारभूत स्तरको शिक्षाले महिलाहरूलाई पूर्ण रूपमा जोखिमबाट जोगाउन अपर्याप्त हुने देखाउँछ । माध्यमिक शिक्षा पुरा गरेका २९ प्रतिशत (४ जना), स्नातक तह र सो भन्दा माथि अध्ययन गरेका १४ प्रतिशत (२ जना) महिलाहरुको बेचविखन भएको  छ । यसले के देखाउँछ भने माध्यमिक तह र स्नातक तहको शिक्षामा पुगेका महिलाहरूको बेचबिखनको संख्या क्रमशः घट्दै गएको पाइन्छ, जसले शिक्षाको तह बढ्दै जाँदा महिलाहरूमा आत्मनिर्भरता र आत्मविश्वास बढ्न सक्ने र जोखिम कम हुन सक्ने देखाउँछ । त्यसैले, महिलाहरूको शिक्षामा लगानी गर्ने, आर्थिक सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने, र उनीहरूको अधिकारबारे सचेतना फैलाउने कामले बेचबिखनको जोखिम कम गर्न महत्त्वपूर्ण योगदान दिन सक्छ ।





**चार्ट नं. ४.१.३ :** शैक्षिक स्थिती




**चार्ट नं. ४.१.४:** शैक्षिक स्थिती

## ४.१.४ वैवाहिक स्थिति


प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिलामध्ये ९० प्रतिशत (६९ जना) विवाहित महिला रहेको पाइएको छ। त्यसैगरी ६ प्रतिशत (५ जना) विवाहित र ४ प्रतिशत (३ जना) एकल महिला बेचबिखन तथा ओसारपसारमा परेको तथ्याङ्क सङ्कलन भएको छ। यस विश्लेषणबाट थाहा हुन्छ कि विवाहले महिलाहरूलाई बेचबिखनको जोखिमबाट जोगाउन सक्दैन किनकि धेरैजसो विवाहित महिला आफ्नै श्रीमान्‌बाट बेचिएका छन्। विवाहित महिलाहरू आर्थिक, सामाजिक, र पारिवारिक समस्याका कारण बेचबिखनमा पर्ने जोखिममा रहेका छन्। यसले देखाउँछ कि विवाहको संस्थालाई सुरक्षित संरचनाको रूपमा हेर्ने परम्परागत सोच गलत हुनसक्छ।




**चार्ट नं. ४.१.५ :** वैवाहिक स्थिती

## ४.१.५ जात/जातियता


बेचविखनबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ७४ प्रतिशत (५७ जना) पहाडे आदिवासी जनजाति, १३ प्रतिशत (१० जना) पहाडे दलित जातिका महिला रहेको अभिलेखीकरणले देखाएको छ । त्यस्तै, ८ प्रतिशत (६ जना) ब्राह्मण क्षेत्री पहाडे, ३ प्रतिशत (२ जना) मधेशी र ३ प्रतिशत (२ जना) जातियता नखुलाएका महिला रहेका छन् । यसले यो संकेत गर्दछ कि पहाडे आदिवासी समुदायमा सामाजिक, आर्थिक, र सांस्कृतिक कारणले गर्दा महिला बढी असुरक्षित छन् । यी समुदायमा शैक्षिक पहुँचको कमी, आर्थिक अवसरको अभाव, र सामाजिक संरक्षणको कमी जस्ता समस्याहरू रहेका छन्, जसले गर्दा महिलाहरूलाई बेचबिखनको जोखिममा पार्छ । त्यस्तै, पहाडे दलित जातिका महिलाहरूमा पनि यसले प्रभाव परेको छ, जसले जातीय भेदभाव र सामाजिक असमानताका कारण यी महिलाहरूलाई थप जोखिममा राखेको देखाउँछ । दलित समुदायका महिलाहरू प्रायः कम पहुँच भएका स्रोत र सेवाहरूमा निर्भर रहनु पर्ने हुनाले उनीहरूको स्थिति अझै दयनीय हुन सक्छ । त्यसैले, बेचविखनको न्यूनीकरणका लागि लक्षित कार्यक्रमहरूमा यी समुदायहरूलाई विशेष प्राथमिकता दिनु आवश्यक छ । शैक्षिक पहुँच वृद्धि, आर्थिक सशक्तिकरण, र कानूनी अधिकारको संरक्षण जस्ता उपायहरूले यी समूहका महिलाहरूलाई सुरक्षा र सशक्तिकरण प्रदान गर्न सक्छ ।




**चार्ट नं. ४.१.६ :** बेचबिखनमा परेका महिला र जातियता

## ४.१.६ पेसा व्यवसाय


यस वर्ष बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिला मध्ये सबैभन्दा बढी ६५ प्रतिशत (५० जना) कृषि तथा पशुपालन गरिरहेका, १९ प्रतिशत (१५ जना) घरायसी काम, ६ प्रतिशत (५ जना) विद्यार्थी रहेका छन् भने ४ प्रतिशत (३ जना) सामान्य व्यापार व्यवसाय गरिरहेका, ४ प्रतिशत ३ जना) निजि क्षेत्रमा कार्यरत, १ प्रतिशत अर्थात १ जना जागिर खोज्दै गरेकी महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएको तथ्याङ्क छ। यसले यो देखिन्छ कि अधिकांश महिलाहरू ग्रामीण भेगमा बसोबास गर्छन् र कृषि तथा पशुपालन गरी पारिवारिक अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलिरहेका छन्, तर यहीं उनीहरूको आर्थिक असुरक्षा र बेचबिखनको जोखिम पनि बढी छ।




**चार्ट नं. ४.१.७ :** पेशागत अवस्था

### ४.१.७ आरोपितसँगाको सम्बन्ध

बेचबिखनमा परेका पीडित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ७१ प्रतिशत (५५ जना) महिला अपरिचित व्यक्तिबाट बेचबिखनमा परेको, १७ प्रतिशत (१३ जना) समुदायको सदस्य, ४ प्रतिशत (३ जना) आफ्नै परिवारका सदस्यबाट र ३/३ प्रतिशत अर्थात २/२ जना महिलाको बेचविखन श्रीमान्, प्रेमी र छिमेकीले गरेको पाइएको छ । यसले यो देखाउँछ कि बेचबिखनको समस्या विशेष रूपमा अपरिचित व्यक्तिहरूसँग सम्बन्धित छ, जुन महिलाहरूका लागि गम्भीर खतरा हो । यसबाट प्रकट हुन्छ कि समुदाय र समाजका सदस्यहरू बीचको सम्बन्धलाई मजबुत बनाउनु पर्ने आवश्यकता छ, ताकि महिलाहरूलाई संगठित अपराधबाट सुरक्षा र समर्थन मिल्न सक्छ ।




**चार्ट नं. ४.१.८ :** आरोपितसँगको सम्बन्ध

## ४.१.८ प्रभावितलाई परेको असर

बेचविखनमा परेका सत प्रतिशत प्रभावित (७७ जना) लाई सबै प्रकारका नकारात्मक असर जस्तै मानसिक, शारीरिक, सामाजिक, आर्थिक क्षति भोग्न परेको देखिन्छ। यसर्थ, बेचबिखनबाट प्रभावित व्यक्तिहरूलाई केवल शारीरिक रूपमा मात्र होइन, मानसिक, सामाजिक र आर्थिक दृष्टिले पनि गहिरो असर परेको छ। यसले जनाउँछ कि महिलाहरूको अधिकार र सुरक्षाको विषयमा अझ धेरै ध्यान र संसाधनहरूको व्यवस्था गर्न आवश्यकता छ। समाज र सरकारले यस किसिमका समस्या समाधान गर्नका लागि समग्र दृष्टिकोण अपनाउनु पर्ने आवश्यकता छ, जसमा पीडितहरूको पुनःस्थापना, मानसिक स्वास्थ्यको समर्थन, आर्थिक सहयोग, र कानूनी सुरक्षा समावेश गरिनुपर्छ।



## निष्कर्ष

नेपालमा मानव बेचबिखनको समस्या पहिलेदेखि हालसम्म यथावत् नै रहेको छ र जसमा महिलाको संख्या उल्लेखनिय छ। आर्थिक शोषण र यौन शोषण गर्नका निमित्त दलालहरुले विविध बाहनामा महिलाहरुलाई भारत र अन्य देशमा लगि बेचेको देखिन्छ। बेचबिखनमा पर्ने सबैभन्दा बढी महिलाहरु ग्रामीण परिवेशमा बसोबास गर्ने, कमजोर आर्थिक स्थिति भएको, निरक्षर र

समाजमा बहिस्कृत गरिएको वा हेपिएको जातियता भएका वयस्क महिलाहरु देखिन्छन् । यी महिलाहरुलाई दलालहरुले लक्षित गरी उज्वल भविष्यको प्रलोभन देखाई अझ कतिले त विवाह गरी बेचेको अवस्था देखिएको छ ।

त्यसैले, यस समस्याको समाधानका लागि शिक्षामा लगानी, कानूनको कडा कार्यान्वयन र प्रभावितको सुरक्षा र सेवामा पहुँचको लागि राज्यले लगानी गर्ने आवश्यक छ । यसका लागि सरकार, संघसंस्थाहरू, सरोकारवाला निकायहरु र समुदायहरूले एक साथ काम गर्नु पर्छ । यसमा उद्धार र पुनर्स्थापना सेवाहरूको सुदृढीकरण, कानूनी सहयोगको उपलब्धता, र वयस्क महिलाहरुलाई निःशुल्क शिक्षा कार्यक्रमहरू समावेश गर्नुपर्छ ।

## घटना अध्ययन १२

### मानव बेचबिखन

हरिमाया (नाम परिवर्तन) ६ दिदी बहिनी मध्ये एक हुन् । उनको परिवारमा आमा, बुवा, दाजुभाइ र दिदी लगाएर ८ जना थिए । एक मध्यमवर्गिय परिवारमा जन्मे एकी हरिमाया स्कुलबाट आउनासाथ काममा आफ्नो आमा बुवालाई सघाउँथिन् । जीविकोपार्जनका लागि उनको परिवार कृषि पेसामा संलग्न थियो तर पनि मुस्किलले ६ महिना मात्र खान पुग्थ्यो । त्यही भएर घरको जिम्मेवारी उठाउने र आमाबुवालाई आर्थिक रुपमा सघाउने उनको ठूलो इच्छा थियो । उनी १९ वर्षको उमेरमा उनी आफ्नी ठूली दिदीसँग काठमाण्डौंमा कोठा भाडा लिएर बस्न थालिन् । काठकाण्डौमा कामको सिलसिलामा उनको भेट एकजना पुरुषसँग भयो । पहिला नभेटेको भएता पनि ति पुरुषले आफू पनि हरिमाया कै गाँउबाट भएको र उनको परिवारलाई चिने को कुरा बताएपछि उनले विश्वास गरिन् ।  त्यसरी चिनेको केही समयपछि ति पुरुषले उनलाई विरगञ्जमा एक घरमा काम गर्नको लागि प्रस्ताव गरे । पैसापनि

चित्त बुझ्दो भएका कारण उनी जान तयार भइन् । तर यो कुरा घरमा भन्न डर इइन र परिवारलाई थाहा नै नदिई उनले त्यो प्रस्ताव स्वीकार गरिन् र कसैलाई नभनी उनी विरगञ्ज गइन्। विरगञ्ज जादै गर्दा उनले बाटोमा आफुसँग गएको त्यो पुरुषले आफूलाई कलकत्ता लग्दैगरको कुरा थाहा पाइन्। तर उनको बाटैबाट फर्किएर आउने उपाय थिएन । उनी बाध्यतावस उसैसँग विरगञ्ज गइन् । एक रात विरगञ्जको होटलमा बसी कलकत्ताका लगेर त्यो पुरुषले अर्कैलाई जिम्मा लगाइदिए । पछि थाहा भयो कि उनी त दलालीको चंगुलमा परिसकेकी रहिछन् । उनले आफुलाई नेपाल फर्काइदिनका लागि हार गुहार गरिन् तर दलालले उनलाई त्यहाँबाट बचेर निस्कन असम्भव र बाँच्न मन भए त्यहाँ जे भन्छन् त्यही मान्ने सल्लाह दिए । केही उपाय नभएपछि उनी जवरजस्ती यौन कार्य गर्न बाध्य भइन् । त्यहाँबाट बच्ने धेरै असफल प्रयासहरु पछि उनले त्यहाँ एक जना व्यक्तिलाई भेटिन् र सबै कुरा बताइन्। जसो तसो ति व्यक्तिले उनलाई त्यहाँबाट निस्कनमा मद्दत गरे नेपालको सिमानामा पुगेपछि गाडि भाडाका लागि केही पैसा दिए । नेपाल फर्की सकेपछि घर र समाजले आफूलाई नअपनाउने डरले उनलाई घर जान डर लाग्यो र काठमाण्डौंमा एक संस्थाबाट उनले सहयोग प्राप्त गरिन् र तिन वर्षसम्म त्यही संस्थामा बसीन्। त्यहाँको बसाईमा उनले मनोविमर्श सेवा र आफ्नो स्वास्थ सम्बन्धि सेवा प्राप्त गरे पछि त्यहि संस्थाको सहयोगबाट उनले ब्यूटी पार्लरको तालिम पनि हासिल गरिन्। करिब तिन वर्षको बसाई पछि उनले आफ्नो परिवारलाई भेटिन्।


## ख) महिला मानव अधिकार रक्षक माथि भएका हिंसा तथा जोखिम सम्बन्धी अवस्था अध्ययन सर्वेक्षण

महिला मानवअधिकार रक्षकहरुको अन्तर्राष्ट्रिय सञ्जाल (WHRDIC) ले, "कुनै विशेष वा सबै मानव अधिकार रक्षामा संलग्न महिलाहरु, महिला अधिकार वा महिला र यौनिकतासंग जोडिएका सबै अधिकारको रक्षाको लागी कार्य गर्ने सबै लिङ्गका व्यक्तिहरूलाई महिला मानवअधिकार रक्षक भनिन्छ भनेर परिभाषित गरेको छ । महिला मानव अधिकार रक्षकहरुले विशेष गरी महिला, किशोरी तथा पछाडी पारिएका समुदायको मानव अधिकार संरक्षण र सम्बर्द्धन गर्ने, मानव अधिकार उल्लङ्घन र ज्यादतीहरुको अभिलेखन, गर्ने जोखिममा पारिएका महिलाहरुलाई तत्काल सहयोग गर्ने, उद्धार तथा पुर्नस्थापनाको कार्यमा आवश्यक पहल गर्ने कार्य समुदाय तहमा रहेर गर्दै आएका छन् । तर समुदायमा रहेर महिला अधिकार रक्षाका लागि काम गर्ने महिला अधिकारकर्मीहरुलाई आजसम्म पनि समाज र राज्यले मानव अधिकार रक्षकको रुपमा पहिचान र मान्यता दिएको छैन । लैंगिक समानता, अधिकार र पीडित तथा प्रभावितको पक्षमा न्याय प्राप्तिका लागि गरिएका कामकै आधार मा तथा महिला भएकै कारण महिला मानव अधिकार रक्षकहरुलाई घरपरिवार, समाज, राज्य र पुरुष सहकर्मीहरुद्वारा विभेद, हिंसा र यातनाको भोग्न बाध्य बनाइएको छ, विभिन्न चुनौती र समस्याहरुको सामना गर्नुपरेको छ । विभेद तथा असमानताको विरुद्धमा आवाज उठाएकै कारण महिला मानव अधिकार रक्षकहरु परिवार, समाज र राज्यबाट अलग्याइएका छन् । मानव अधिकार रक्षकहरुमाथि भएको जोखिम तथा हिंसाको अवस्थालाई हेर्दा फोरम एसियाले २२ एशियन मुलुकहरुमा  १ जनवरी २०२१ देखि ३१ डिसेम्बर २०२३ को अवधिमा अभिलेखीकरण गरेको मानवअधिकार रक्षकका अधिकार हरूको उल्लङ्घनका घटनाहरुमा ४३९ जना महिला मानव अधिकार रक्षकहरुहरु  रहेका थिए । यसै गरी द गार्जियन ले २०२० मा गरेको एक अध्ययनमा २५ वटा देशका ३३१ जना मानव अधिकार रक्षकरुको  हत्या भएको देखाएको थियो जस मध्ये १३ प्रतिशत महिला मानव अधिकार रक्षकहरु थिए । यसले मानव अधिकार रक्षक विशेष गरी महिला मानव अधिकार रक्षकहरुले आफ्नो कामको आधारमा परिवार समाज र राज्यबाट नै जोखिममा रहेको विभिन्न हिंसाको सामना गर्नुपरेको यस तथ्यांकले देखाउँछ ।

यसै अवस्थालाई मध्यनजर गरेर आरेकले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा कार्यरत महिला मानव अधिकार रक्षकहरुको जोखिम तथा चुनौतीको अवस्थालाई उजागर गर्ने उद्देश्यले यही अगष्टमा महिला मानव अधिकार रक्षकहरुमाथि भएको हिंसा तथा जोखिम सम्बन्धी अवस्था अध्ययन सवेर्क्षण गरेको थियो । जसमा १०२ जना मानव अधिकार रक्षकहरुले सर्वेक्षणमा सहभागिता जनाएका थिए । जसमध्ये ८९ प्रतिशत (९१ जना) उत्तरदाता महिला रहेका छन् भने ८ प्रतिशत (८ जना) पुरुष, एक/एक प्रतिशत अर्थात एक/एक जना समलिंगि, ट्रान्स र अन्य ३ जनाले आफ्नो पहिचान नखुलाएको पाइएको छ । संकलन भएका घटना मध्ये ९६ जनाले आफुमाथि विभिन्न हिंसा भएको जनाएका थिए । त्यस्तै, उनीहरुले यस्तो हिंसाको कारण विविध रहेको समेत बताएका थिए जसअनुसार ८४ प्रतिशत प्रभावितले (८१ जना) ले महिला मानव अधिकार रक्षक माथि हिंसा बढ्नुको कारण महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणका कारण भनेका छन् भने ६५ प्रतिशतले (६२ जनाले) विभेदकारी समाजिक संरचनाको निरन्तर्तालाई दिइएको कारण भनेका छन् भने ६० प्रतिशत (५८ जना) ले नीती तथा कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, ५० प्रतिशत (४८ जना) ले सेवा प्रदायक निकायहरुमा संवेदनशिलताको अभाव, १/१ प्रतिशत (१/१ जना) ले स्थानिय सरकारले जिम्मेवार नभएका कारण र समाजिक संरचनाका कारण महिला मानव अधिकारमाथि हिंसा बढेको भनेका छन् ।




[१] https://forum-asia.org/wp-content/uploads/2023/08/THE-DECLARATION-ON-HUMAN-RIGHTS-DEFENDERS-Nepali.pdf
[२] https://www.theguardian.com/global-development/2021/feb/11/human-rights-defenders-murder-2020-report




**चाॅट नं. ४.२.१** महिला मानव अधिकार रक्षक माथि हिंसा बढ्नुको कारण


## ४.२.१ हिंसाको प्रकार




**चाॅट. न. ४.२.२ :** हिंसाका प्रकार

संकलन भएका घटनालाई हेर्दा ८१ प्रतिशत (७८ जना) महिला मानव अधिकार रक्षकहरुमाथि मानसिक हिंसा भएको पाइएको छ भने जस्मा ४२ जनालाई गालिगलौज र ३६ जनालाई धम्क्याएर, २०/१९ प्रतिशत अर्थात (१९/१८) जनालाई कुटपीट शारीरीक हिंसा गरिएको पाइएको छ चारित्रिक आरोप लगाएर हिंसा गरिएको देखिएको छ । साथै ६ प्रतिशत (६ जना) माथि यौन दुर्व्यवहार भएको जनाएका छन् भने १/१ जनालाई बलात्कार तथा जातीय विभेद भएको पाइएको छ भने ७ प्रतिशत (७ जना) लाई अन्य खालको हिंसा भएको पाइएको छ । यस तथ्यांकले यो देखाएको छ कि महिला मानव अधिकार रक्षकहरू आफ्नो कामकाजको क्रममा विभिन्न प्रकारका र बहुप्रकृतिका हिंसा र दुव्यवहारको सामना गरिरहेका छन् । मानसिक हिंसा, गालीगलौज, धम्की कुटपिट जस्ता घटनाहरूले उनीहरूको मानसिक र शारीरिक सुरक्षामा गम्भीर असर पुऱ्याएको देखिन्छ । यौनजन्य हिंसा र जातीय विभेद जस्ता गम्भीर घटनाहरूले यो समस्याको गम्भीर्यतालाई देखाएको छ । यद्यपि यस्ता असुरक्षाबीच महिला मानव अधिकार रक्षहरुले आफ्नो कार्य जारीराख्नु भएको छ ।


## ४.२.२. प्रदेशगत विवरण




**चाँट. न. ४.२.३ :** प्रदेशगत विवरण

सर्वेक्षण मार्फत संकलन भएका घटनालाई प्रदेशको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी हिंसा सुदुरपश्चिम प्रदेश प्रदेशबाट संकलन भएको छ । उक्त प्रदेशमा २३ प्रतिशत (२२ जना रहेको तथ्यांकमा संकलन भएको छ भने यसैगरी कोशी प्रदेशमा ९ प्रतिशत (९ वजा), मधेश र बाग्मती प्रदेशबाट २१ प्रतिशत (२०/२० जना), लुम्बिनी प्रदेशबाट १७ प्रतिशत (१६ जना), गण्डकीबाट एक प्रतिशत (एक जना) र कर्णालीबाट ८ प्रतिशत (७ जना) ले सर्वेक्षणमा सहभागि भई आफुमाथि विभिन्न हिंसा भएको जनाएका थिए ।


### ४.२.३ उमेरगत विवरण




**चाटै. न. ४.२.४ :** उमेरगत विवरण

माथिको तथ्याङ्कलाई हेर्दा १८ देखी २५ वर्ष उमेर समूहका २७ प्रतिशत (२६ जना), २६ देखी ३५ वर्ष उमेर समूहका ३२ प्रतिशत (३१ जना), ३६ देखी ४५ वर्ष उमेर समूहका २७ प्रतिशत (२६ जना), ४६ देखी ५५ वर्ष उमेर समूहका ९ प्रतिशत (९ जना) र ५६ वर्ष र सो भन्दा माथिका ४ प्रतिशत (४ जना) रहेका छन् ।

### ४.२.४. आफू माथि भएका घटनाबारे जानकारी दिएको संयन्त्र




**चाँट. न. ४.२.५ :** हिंसाका प्रकार


माथिको तथ्याङ्कलाई हेर्दा उत्तरदाताले प्रभावितहरुले एक भन्दा बढी संयन्त्रमा उजुरी तथा सहयोगको याचना गरेको देखिन्छ। प्रभावित महिला मानव अधिकार रक्षकहरुले सबैभन्दा बढी ४६ प्रतिशत (४४ जना) आफ्ना सहकर्मी महिला मानव अधिकार रक्षकलाई बताउने तथ्याङ्कले देखाएको छ त्यस्तै, ४२ प्रतिशत (४० जना) ले परिवारको सदस्य, ३८ प्रतिशत (३६ जना) ले गैरसरकारी संस्था, ३१ प्रतिशत (३० जना)ले प्रहरी निकाय, २२ प्रतिशत (२१ जना) ले समुदायबाट, र ६ प्रतिशत अन्यले साथी, स्थानिय निकायमा सहयोगको लागि मद्दत मागेको देखिन्छ। यसले हिंसा हुँदैमा उजुरी र सहयोगको याचनाको लागि व्यक्तिहरु सरकारी र औपचारिक संयन्त्रमा जाने भन्दा परिचित व्यक्तिहरुसँग समस्याको बारेमा खुलेर कुरा गर्ने गरेको देखिन्छ।



### ४.२.५ प्रभावित र आरोपितको सम्बन्ध

आरोपित र प्रभावितको सम्बन्ध हेर्ने हो भने समाज/समुदायको सदस्यबाट ४८ प्रतिशत (४६ जना) महिला मानव अधिकार रक्षक प्रभावित भएका छन् र त्यस्तै १८ प्रतिशत (१७ जना) परिवारको सदस्यबाट, १३ प्रतिशत (१२ जना) भने आफूसँग काम गर्ने सहकर्मीबाटै हिंसामा परेका छन् र बाँकी ५ प्रतिशत (५ जना) चाहि अन्य जस्तै आफूले काम गर्ने समुदाय, शिक्षक, छिमेकी, सरोकारवाला


साथी र १७ प्रतिशत (१६ जना) अपरिचितबाट हिंसामा परेका छन् । यसले मानव अधिकार रक्षकलाई परिचित व्यक्तिहरुबाट नै सुरक्षामा जोखिम रहेको दखिन्छ । त्यस्तै, अपरिचित व्यक्तिहरुले पनि हमला गर्ने जोखिम हुँदा यस विषयलाई गम्भीरतापूर्वक लिन आवश्यक छ ।




**चार्ट. न. ४.२.६ :** प्रभावितको आरोपितसँगको सम्बन्ध


### ४.२.६ उजुरी गरेको

हिंसा तथा जोखिममा परेका उत्तरदाता मध्ये ७० प्रतिशत (६७ जना)ले उजुरी गर्ने गरेको र ३० प्रतिशत (२९ जना) ले घटनाको उजुरी नै नगरेको बताउनु भयो । यसले नेपाली समाजमा रहेको मौनताको संस्कृतिलाई देखाएको छ । अरुको लागि न्यायको आवाज उठाउने व्यक्तिहरुनै आफू विरुद्ध हिंसा हुँदा चुप लागेर बसेको अवस्था रहेको छ । उजुरी गरेकाहरुले पनि एउटै निकायमा मात्र नभई धेरै निकायमा उजुरी गर्ने गरेको बताएका छन् । प्राप्त तथ्याङ्क अनुसार ५७ प्रतिशत (३८ जना) ले गैह्र सरकारी संस्थामा, ५५ प्रतिशत (३७ जना) ले प्रहरीमा उजुरी गर्ने गरेको, ३६ प्रतिशत (२४ जना) ले महिला मानव अधिकार रक्षकलाई भन्ने गरेको, ३३ प्रतिशतले (२२ जना) ले आफु काम गर्ने स्थानमा, २४ प्रतिशत (१६ जना) ले समुदायको सदस्यलाई भन्ने गरेको १३ प्रतिशत (९ जनाले) आरोपितको पाीवारलाई, ७ प्रतिशत (५ जना) ले राष्ट्रिय मानव अधिकार, ६ प्रतिशत (४ जना)ले र ाष्ट्रिय महिला आयोग, र ३ प्रतिशत (२ जना) ले स्थानिय सरकारलाई उजुरी गर्ने गरेको तथ्याङ्कले देखाएको छ ।




**चाॅट. न. ४.२.७ :** प्रभावितको आरोपितसँगको सम्बन्ध

## ४.२.७ अनलाईनमा भएको हिंसा





**चाॅट. न. ४.२.८ :** अनलाईनमा भएका हिंसा

जम्मा ८८ उत्तरदाताले आफू माथि भएको अनलाइन हिंसाबारे बताउनु भएको छ भने जस्मा ७७ प्रतिशत (६८ जना) ले आफू माथि मानसिक हिंसा भएको बताउनु भएको छ। त्यसैगरी, १४ प्रतिशत (१२ जना) लाइ यौन हिंसा र ९ प्रतिशत (८ जना)को प्रोफाइल चोरी समेत भएको पाइएको छ। यस्ता घटनाहरूले डिजिटल अधिकारको रक्षा गर्न र साइबर सुरक्षा प्रणालीलाई सुदृढ बनाउनका लागि कानूनी नीति र प्राविधिक क्षेत्रमा सूचना प्रविधिका कम्पनीहरुलाई जिम्मेवार बनाउन आवश्यक देखाएको छ।

## निष्कर्ष

यस तथ्यांकले यो देखाएको छ कि महिला मानव अधिकार रक्षकहरू राज्य, समाज, र परिवारबाट बहुआयामिक विभेद र हिंसाको सामना गर्दै पनि आफ्नो कार्यमा निरन्तर कार्यरत छन्। मानव अधिकारको संरक्षण र संवर्धनमा अहोरात्र खटिरहने मानव अधिकार रक्षकहरु माथि यस्ता घटना हुनु भनेको लोकतन्त्रमाथिको प्रश्न हो। उनीहरूले मानसिक, शारीरिक, यौनजन्य हिंसादेखि अनलाइन हिंसा भोग्नुपरेका अवस्थाले नीतिगत र संरचनागत सुधारको खाँचोलाई औंल्याउँछ। त्यस्तै, हिंसा पश्चात बहु प्रकारका संस्थामा सहयोग मागेतापनि न्यायमा पहुँचमा नभएको अवस्थाले महिला मानव अधिकार रक्षकलाई त न्यायमा पहुँचमा अवरोध छ भने अन्य प्रभावितको अवस्था कस्तो होला ?

मानव अधिकारको संरक्षण र संवर्द्धन राज्यको दायित्व हो। तसर्थ मानव अधिकार रक्षकहरुबाट नै सुरक्षित वातावरणमा मानव अधिकार उल्लंघनका घटनामा आवाज उठाउन पाउने वातावरण निर्माणका लागि अधिकारको नयाँ क्रान्ति शुरु हुनु अवश्यक छ। अन्यथा मानवता, मानव अधिकार, सामाजिक न्याय, विधिको शासन र लोकतन्त्र स्थापित हुन सक्दैन। महिला मानव अधिकार रक्षकहरुको सुरक्षा तथा अन्य समस्याको बारेमा समाधानका लागि नै सर्वेक्षणमा सहभागिहरुले सुझाव दिनुभएको छ। कुल प्राप्त तथ्याङ्क अनुसार ८४ प्रतिशत (८१ जना) ले निती तथा कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ, ८१ प्रतिशत (७८ जना) ले विभेदकारी समाजिक संरचनाहरु परिवर्तन हुनुपर्छ, ७४ प्रतिशत (७१ जना) ले समूह सञ्जाल बलियो हुनुपर्छ, ६४ प्रतिशत (६१ जना) ले सेवा प्रदायक निकायहरु संवेदनशिल हुनुपर्छ, ६० प्रतिशत (५८ जना) ले जोखिमको पूर्वतयारी गर्नुपर्ने, ०१/१ प्रतिशत अर्थात १/१ जनाले हरेक कदममा सचेत रहनुपर्ने र महिला मानव अधिकार रक्षकहरुका लागि सुरक्षा व्यवस्थाप गरिनुपर्ने र बाँकी २ प्रतिशत (२ जनाले) माथि उल्लेखित सबै कुरा हुनुपर्ने बताएका छन्।




**चाटॅ. न. ४.२.९ :** जोखिम न्युनीकरणको लागि उपायहरु

तसर्थ हाम्रा सुझावहरु निम्न प्रकारका रहेका छन् :

१) समाजमा गहिरो रूपमा जरा गाडेको लैंगिक विभेद र संरचनात्मक असमानता अन्त्य गर्नुपर्छ।

२) महिला मानव अधिकार रक्षकहरूलाई सशक्त बनाउने उद्देश्यले उनीहरूका समूह र सञ्जालहरूलाई बलियो बनाउन उनीहरूबीच सहकार्य र समर्थन सुनिश्चित गर्नुपर्छ र सरकारले संकुचन गराएको नागरिक समाजको दायर फराकिलो बनाउन आवश्यक छ। महिला मानव अधिकार रक्षकहरुलाई पहिचान गर्दै उनीहरुलाई परिचय पत्रको व्यवस्था सरकारी संयन्त्रबाटै नै मिलाउन आवश्यक छ।

३) सरकारी र गैह्रसरकारी सेवा प्रदायक निकायहरूलाई महिला मानव अधिकार रक्षकहरूको समस्या र चुनौतीप्रति लैंगिक संवेदनशील बनाउँदै उनीहरूको भूमिका तथा कार्यदक्षता सुदृढ गर्न तालिम दिनुपर्छ र भैरहेका नीतिहरुलाई तत्काल कार्यान्वयन गर्न आवश्यक छ।

४) महिला मानव अधिकार रक्षकहरूलाई तथा सेवा प्रदायकलाइ सम्भावित जोखिम पहिचान गर्न, जोखिम व्यवस्थापनका उपायहरू सिकाउन, र पूर्वतयारीका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

६) महिला मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि विशेष सुरक्षा योजना तथा छुट्टै निती तत्काल लागु गरी उनीहरुलाई काम गर्न सुरक्षित वातावरण निर्माण गर्न आवश्यक छ र दण्डहिनताको अवस्था अन्त्य गर्नुपर्छ ।

७) महिला मानव अधिकार रक्षकहरूले स्वयंले आफूले गर्ने काममा सचेत रहनुपर्छ र जोखिमका स्थितिहरूको बारेमा पूर्वजानकारी राख्दै निर्णय लिनुपर्छ । त्यस्तै, महिला मानव अधिकार र क्षकहरुले आफू विरुद्ध भएको हिंसा बारे चुप लागेर बस्ने हुँदैन, सम्बन्धित निकायमा सहयोगको लागि अपिल गर्नुपर्दछ ।

८) माथि उल्लिखित सबै सिफारिसहरूलाई समग्र रूपमा लागू गर्नुपर्छ, ताकि महिला मानव अधिकार रक्षकहरूले सुरक्षित वातावरणमा काम गर्न सक्छन् ।

## घटना अध्ययन १३

### (महिला मानव अधिकार रक्षकमाथि भएको हिंसा)

"त्यस रात हामी चार जना थियौं । हामीले पूरै दिन समुदायमा बितायौं, विभिन्न अभिमुखीकरण गतिविधिहरूमा संलग्न भयौं । हामी थाकेका थियौं, तर त्यहाँ गम्भीर प्रकृतिका लैङ्गिक हिंसाका घटनाहरु थिए जुन हामीले अर्को दिन सहयोग गर्नु पर्ने थियो । हामीले यस विषयमा छलफल गरिरहँदा ती पुरुषहरू हाम्रो गेटमा आए, हामीलाई अनौठो तरिकाले गाली गर्न थाले र हामीलाई यौन सम्पर्कको कति शुल्क लिन्छौं भनी सोधे । स्थिति बिग्रियो, तर त्यँहका समुदायका सदस्यहरू हामीलाई बचाउन भेला भए । हामी उनीहरूलाई कारबाही गर्न चाहन्छौं, यो अवस्थामा हामीले प्रहरीको तत्काल सहयोग पाएनौ.। धेरै पटक हामीले आवाज उठाए पछी मात्र मुद्दा अघि बढ्यो "हामी डराएक छौं र मानसिक रूपमा विचलित छौं ।"

## घटना अध्ययन १४

### महिला मानव अधिकार रक्षकहरुमाथि भएको हिंसा

लैङ्गिक हिंसाको घटनामा प्रहरी कै अनुरोधमा म प्रहरीमा छलफलको लागि गएको थिएँ । छलफलकै क्रममा अन्जानवस मोबाइलको रेकर्डिङ्ग खुला रहेको रहेछ । त्यसपछि उनीहरुले मलाई गालीगलौज तथा दुर्व्यवहार गर्न थाले । मैले कुनै गल्ती गरेको छैन भन्दा पनि पुरुष इन्स्पेक्टरबाट जबरजस्ती हात समातेर थुनामा राखिएको थियो । मेरो साथमा जानुभएको अन्य महिला मानव अधिकार रक्षक साथीहरुले विना गल्ती उसलाई थुनामा नराख्न आग्रह गर्दा समेत धेरै बोलेमा सबै जनालाई थुनामा राख्ने धम्की प्रहरीबाट आएको थियो ।

## (ग) मनोरञ्जन क्षेत्रका श्रमिक माथि भएको हिंसा


महिलाको निम्ति महिला मञ्च नेपाल संस्था मनोरञ्जन क्षेत्रलाई हिंसा रहित, सुरक्षित, सम्मानजनक र व्यवस्थित कार्यस्थलको रुपमा स्थापित गर्न सक्रिय रहेको छ । आ. व. २०८०/०८१ मा अभिलेखिकरण गरिएका महिला माथि भएका हिंसाका घटनाहरु यँहा समावेश गरिएको छ । यी घटनाहरु विगतका वर्षमा झैं यो वर्ष पनि मनोरञ्जन क्षेत्रमा कार्यरत विभिन्न हिंसा, शोषण र विभेदबाट प्रभावित पीडित तथा प्रभावित महिला जो न्यायको खोजी गर्दै उक्त मञ्चमा गुनासा लिएर अएकाहरुको गुनासाको आधारमा तयार पारिएको तथ्याङ्क हो । विभिन्न शक्तिको आडमा कतिपय घटनाहरूको मिलापत्र गरिन्छ । कतिपय घटना मनोरञ्जन क्षेत्रमा काम गरेकै कारणले झनै हिंसामा पर्ने डरले बाहिर ल्याउन जोखिम हुने भएकाले प्रभावितहरु हतोत्साहित हुने गरेको पाइएको छ । आ.व. २०८०/८१ मा संस्थाले अभिलेख गरेका ३० वटा प्रतिनिधिमूलक घटनाको विश्लेषण गर्दा प्राप्त नतिजा यस प्रकार रहेको छ ।



### ४.३.१ हिंसाका संख्या

सङ्कलित घटनाहरुको संख्या अध्ययन गर्दा पुरुषको तुलनामा महिला श्रमिकहरु माथि हिंसाको घटना बढी घटेको देखिन्छ । महिला श्रमिकहरुको घटना ९३ प्रतिशत (२८ जना) देखिन्छ भने पुरुष श्रमिकहरुबाट दर्ता भएको घटना ७ प्रतिशत (२ जना) देखिएको छ । यसले मनोरञ्जन क्षेत्रको

महिला श्रमिकहरुलाई हेर्ने सोच, श्रमिकहरु प्रति गरिने व्यवहार, सामन्ती संस्कार र हानिकारक परम्परागत सोचको अवस्थालाई प्रतिविम्वित गर्दछ । महिलाको श्रमलाई कामको रुपमा स्थापित नहुनु, मनोरञ्जन तथा सत्कार क्षेत्रलाई पुरुष प्रधान सामाजिक संरचनाले हेर्ने दृष्टिकोणले गर्दा यस क्षेत्रका प्रायजसो सवै महिला श्रमिकहरु प्रताडित देखिन्छन् तर कति खुलेर घटना आफुमाथि भएको हिंसालाई बाहिर ल्याउन सक्षम छन् कति विभिन्न कारणले दवाएर बस्न बाध्य छन् ।





**चार्ट नं ४.३.१** प्रभावितको लैङ्गिकता

### ४.३.२ हिंसाका प्रकार

महिला माथि भएको हिंसाका प्रकारहरुलाई संख्यात्मक रुपमा हेर्दा सवै भन्दा बढी घरेलु हिंसा देखिएको छ जुन ३७ प्रतिशत (११ जना) रहेको छ । यसमा मनोरञ्जन तथा सत्कार क्षेत्रमा काम गरेको आधारमा घर भित्र श्रीमान वा परिवारबाट हुने हिंसालाई यस भित्र राखिएको छ । यस अवस्थाले महिलाहरूले घर र काम बीच सन्तुलन मिलाउन गाह्रो महशुस गरिरहेका छन् भन्ने संकेत गर्दछ । यस्तै, श्रम शोषण र यौन हिंसाले महिलाहरू कार्यस्थलमा शोषित र असुरक्षित भएको अवस्था देखिन्छ । न्युनतम पारिश्रमिक नदिने, समान कामको लागि समान ज्याला नदिने, बढी समय काममा लगाउने, भनेको समयमा पारिश्रमिक नदिने, नियुक्ति पत्र नदिने जस्ता घटनाहरु यस श्रम शोषण भित्र पर्दछन् । यस किसिमका हिंसाबाट प्रभावितहरुको संख्या कुल २७ प्रतिशत


(८ जना) रहेको छ र यौनिक हिंसा प्रभावित १३ प्रतिशत (४ जना) रहेका छन् । विद्युतिय हिंसा (साइबर अपराध) लाई हेर्दा यस क्षेत्रमा काम गर्ने महिला श्रमिकहरुलाई सामाजिक सञ्जाल मार्फत विभिन्न अश्लिल फोटो, भिडियो, एस.एम.एस पठाएर १० प्रतिशतलाई (३ जना) लाई हिंसा गरेको पाइएको छ । कार्यस्थलमा हुने श्रमिक हिंसा ७ प्रतिशत (२ जना), आर्थिक हिंसा र शारीरीक हिंसा क्रमश: ३/३ प्रतिशत एक/एक जना रहेको छ ।




**चार्ट नं. ४.३.२ :** हिंसाका प्रकार

### ४.३.३ श्रमिकको कार्यस्थल


महिला श्रमिकहरू मनोरञ्जन क्षेत्रमा विभिन्न प्रकारका हिंसाको सामना गरिरहेको देखाउँछ । विभिन्न कार्यक्षेत्रहरूमा हिंसाका घटना फरक अनुपातमा देखिनुले पितृसत्तात्मक सोच, असुरक्षित कार्य वातावरण, र कानूनी संरचनाको कमजोरीलाई उजागर गर्छ । श्रमिकको कार्यक्षेत्रको आधार मा आएको घटनाहरुको विश्लेषण गर्दा सवै भन्दा बढी हिंसा ६७ प्रतिशत (२० जनादोहारी क्षे त्रमा देखिएको छ । त्यस्तै डान्सबारमा १३ प्रतिशत (४ जना), मसाज तथा स्पा मा १० प्रतिशत (३ जना), खाजा घरमा ३ प्रतिशत (एक जना) र मनोरञ्जन क्षेत्र बाहेक अन्य असंगठित क्षेत्रबाट आएको घटना ७ प्रतिशत (२ जना) रहेको छ ।




**चार्ट नं. ४.३.३ :** प्रभावितको कार्यस्थल

## ४.३.४ उमेर


प्रभावित श्रमिकहरुको उमेरको आधारमा विश्लेषण गर्दा सवै भन्दा बढी ५० प्रतिशत १८ देखि ३० वर्ष उमेरको महिला श्रमिकहरु बढीमात्रामा हिंसा तथा शोषणमा परेको देखिएको छ। त्यस्तै, ३० देखि ५० वर्षको उमेरको ४७ प्रतिशत (१४ जना) रहेको छ। १८ वर्ष मुनिका बालवालिकाहरुको ३ प्रतिशत (एक जना) घटना अभिलेखिकरण भएको छ भने ५० वर्ष माथिको उमेर भएको श्रमिकहरुबाट अहिलेसम्म कुनै पनि घटना अभिलेख भएको छैन। यसलाई विश्लेषण गरेर हेर्दा १८ देखि ५० वर्षको उमेरको महिला श्रमिकहरु बीढ मात्रामा हिंसा तथा शोषणमा परेको देखाएको छ। यसबाट यो देखिन्छ कि मनोरञ्जन क्षेत्र भनेको युवा उमेरका व्यक्तिहरुले सञ्चालन गर्ने गरेको छन् यद्यपि यहि उमेर समूहका व्यक्तिले नै धेरै शोषण भोग्नु परेको छ।




**चाँट नं.** ४.३.४ : प्रभावितको उमेर

## ४.३.५ पेसा व्यवसाय


श्रमिकको पेसाको आधारमा आएको घटनाहरुको विश्लेषण गर्दा सवै भन्दा बढी हिंसा तथा दुर्व्यवहारमा परेको वेटरहरु रहेका छन् जुन ४० प्रतिशत (१२ जना) रहेको छ । प्रत्यक्ष ग्राहकको सेवामा खटिएका महिला वेइटरहरु विभिन्न गालिगलौज, यौनिक हिंसा, गलत छुवाई , ग्राहकसँ गै बसेर खानु पर्ने, ग्राहकले भनेको अनैतिक तथा यौनिक क्रियाकलापमा जवरजस्ती गर्न लगाउने जस्ता हिंसाबाट सिकार भइरहेका छन् । त्यस्तै गरेर गायन क्षेत्रको ३३ प्रतिशत (१० जना), डान्सरहरु १३ प्रतिशत (४ जना), मसाजकर्ता १३ प्रतिशत (४ जना) रहेका घटनाहरु अभिलेखनमा आएका छन् ।




**चाँट नं. ४.३.५ :** प्रभावितको पेसा

### ४.३.६ आरोपितसँगको सम्बन्ध


मनोरञ्जन तथा सत्कार क्षेत्रमा काम गर्ने महिला श्रमिकहरुको घटनाहरुलाई प्रभावित श्रमिकहरुको आरोपितसँगको सम्बन्धलाई केलाउँदा सवैभन्दा बढी श्रीमान्‌बाट ३७ प्रतिशत (११ जना) रहेको छ । यसले विशेष गरेर मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरुलाई घरबाट नै सहयोग र साथ नभई बढी मात्रामा घरेलु हिंसा हुने प्रष्ट देखाएको छ । त्यस्तै सञ्चालकबाट पनि श्रमिक हिंसा तथा श्रम शोषण हुने गरेको देखिएको छ, जुन २३ प्रतिशत (७ जना) रहेको छ । यसरी महिला श्रमिकहरु घरमा श्रीमान् र कार्यस्थलमा सञ्चालकसँग प्रत्यक्ष र निरन्तर नजिक बसेर काम गर्नु पर्ने अवस्थामा उनीहरुबाट नै बढी प्रभावित भएका छन् । यो तथ्यले यो देखाउँछ कि महिला श्रमिकहरू घर र कार्यस्थल दुवैतिर हिंसाको सिकार हुने अवस्थामा छन्, जहाँ उनीहरूलाई निकट सम्बन्धका व्यक्तिबाटै धेरै शोषण र दुर्व्यवहार भैरहेको छ । त्यस्तै, मनोरञ्जन क्षेत्रका श्रमिकहरुले १३ प्रतिशत (४ जना) ग्राहकबाट, ७ प्रतिशत (२ जना) प्रेमीबाट, २० प्रतिशत (६ जना) २ जना साधरण चिनजानबाट, १ जना अपरिचितबाट, १ जना काममा लगाइदिने व्यक्तिबाट, १जना छिमेकीबाट र १ जना परिवारको सदस्यबाट हिंसा, दुरर्व्यवहार तथा शोषण हुने देखाएको छ ।




**चार्ट नं. ४.३.६ :** प्रभावितको आरोपितसँगको सम्बन्ध

### ४.३.७ प्रभावितलाई परेको असर

विभिन्न हिंसा तथा शोषणले गर्दा प्रभावित श्रमिकहरुलाई परेको प्रभाव वा असरको सम्बन्धमा विश्लेषण गर्दा सवै भन्दा बढी मानसिक असर ४७ प्रतिशत (१४ जना) मा परेको देखिएको छ। प्रभावित श्रमिकहरुमा निन्द्रा नलाग्ने, खान मन नलाग्ने, वाकवाकी आउने, एक्लै बस्न मन लाग्ने र कहिलेकाँही आत्महत्या गर्न मन लाग्ने जस्ता मानसिक असरको लक्षण देखिने गरेको छ। त्यस्तै गरेर आर्थिक असरमा १३ प्रतिशत (४ जना) मा, शारीरीक असरमा १० प्रतिशत (३ जना) मा, सामाजिक असरमा ७ प्रतिशत (२ जनामा) र सवै प्रकारका मानसिक, आर्थिक, शारीरीक र सामाजिक असरहरु देखिएको घटना २३ प्रतिशत (७ जना) रहेको छ।




**चार्ट नं. ४.३.७ :** प्रभावितलाई परेको असर

## निष्कर्ष

मनोरञ्जन तथा सत्कार क्षेत्रमा काम गर्ने महिला श्रमिकहरू हिंसा र शोषणको उच्च जोखिममा रहेका छन् । तथ्याङ्कले देखाउँछ कि महिलाहरूले पुरुषको तुलनामा ९३.३ प्रतिशत हिंसाका घटनाहरू भोगिरहेका छन् । जसले यस क्षेत्रमा गहिरो रूपमा रहेको पितृसत्तात्मक सोच, सामन्ती संस्कार, र महिलाको श्रम प्रति समाजको नकारात्मक दृष्टिकोणलाई उजागर गर्छ । यस्ता श्रमिकहरूको श्रमलाई सामान्य वा महत्वपूर्ण नठान्नु, साथै असमान व्यवहार गर्ने सामाजिक संरचनाले महिलाहरूलाई थप जोखिममा पुऱ्याएको देखिन्छ ।

महिला श्रमिकहरू माथि सवैभन्दा बढी घरेलु हिंसा (३७ प्रतिशत) हुने गरेको छ, जुन पारिवारिक र व्यावसायिक दुवै तहमा चुनौतीपूर्ण सन्तुलनको आवश्यकतालाई जनाउँछ । श्रम शोषण (२७ प्रतिशत) र यौन हिंसा (१३ प्रतिशत) पनि ठुलो समस्याका रूपमा देखा परेका छन्, जहाँ न्यूनतम पारिश्रामिकको अभाव, अनियमित ज्याला, र कार्यस्थलमा असमान व्यवहार जस्ता समस्या छन् । साथै, केही श्रमिकहरु साइबर काइमको अपराधमा परेर अश्लील सामाग्री र सामाजिक सञ्जालमा दुर्व्यवहारको सामना गरिरहेका छन् ।

दोहारी, डान्सबार, र मसाज केन्द्रहरूजस्ता कार्यस्थलहरूमा महिला श्रमिकहरूले भोगिरहेको हिंसाको दर उच्च हुनुले  यी कार्य क्षेत्रहरूमा असुरक्षित वातावरण र कानूनी संरचनाको कमजोरीलाई देखाउँछ। उनीहरू प्रायः नजिकका सम्बन्ध, जस्तै श्रीमान् (३७ प्रतिशत) र सञ्चालक (२३ प्रतिशत), बाट नै हिंसाको सिकार भइरहेका छन्। यसले महिला श्रमिकहरूको कार्य र व्यक्तिगत जीवनमा दोहोरो जोखिमको सामना गर्ने अवस्थालाई प्रष्ट देखाउँछ।

१८ देखि ५० वर्षका महिला श्रमिकहरू यस क्षेत्रमा सबैभन्दा धेरै प्रभावित छन्, जसले मनोरञ्जन क्षेत्र विशेष गरी युवाहरूको लागि असुरक्षित रहेको देखाउँछ। मानसिक, आर्थिक, शारीरिक, र सामाजिक रूपमा गम्भीर असर भोगिरहेका महिलाहरूमा मानसिक स्वास्थ्य सम्बन्धी समस्या प्रमुख छन्, जसमा आत्महत्याको विचार समेत आउन सक्ने मानसिक तनावका लक्षण देखा परेका छन्। त्यसैले, मनोरञ्जन तथा सत्कार क्षेत्रमा कार्यरत महिला श्रमिकहरूको लागि सुरक्षित कार्यस्थलको सुनिश्चितता अत्यन्तै आवश्यक छ। कानूनी सुधार, कार्यस्थलमा महिला श्रमिकहरूको अधिकारको संरक्षण, र समाजको दृष्टिकोणमा सकारात्मक परिवर्तन मार्फत मात्र यस क्षेत्रमा महिलाहरूको सशक्तीकरण र सुरक्षाको सुनिश्चितता गर्न सकिन्छ।


## (घ) विपद्को समयमा घटेका महिला विरुद्धका हिंसा

यस बर्ष नेपालले भूकम्प, बाढी, आगलागी जस्ता  विपद्हरुको सामना गर्नु पर्यो। जसमा २०२३ नोभेम्बरमा जाजरकोट जिल्लामा गएको भुकम्म, २०२४ अप्रिल महिनामा सप्तरी तथा महोत्तरी जिल्लामा भएको भिषण आगलागी हजारौं परिवारलाई विस्थापित बनाएको थियो। विपद्ले महिला तथा बालबालिकाहरुलाई असमान प्रभाव पार्ने भएकाले उक्त प्रभावलाई सम्बोधन गर्नका लागि स्नेह अभियान मार्फत् ओरेकले महिलामैत्री विपद् प्रतिकार्य सेवा प्रदान गर्ने गर्दछ। जसमा यस बर्ष ओरेकले स्थानिय सरकारसँगको समन्वयमा रुकुम जिल्लाको सानीभेरी गाउँपालिका, आठविस्कोट नगरपालिका र जाजारकोट जिल्लाको भेरी नगरपालिका, बारेकोट गाउँपालिका, नलगाढ नगरपालिका गरी जम्मा ८ वटा स्नेह केन्द्र २०२३ को नोभेम्बरबाट सञ्चालनमा ल्याएको थियो। यसैगरी सप्तरी जिल्लाको महादेवा गाउँपालिका र महोत्तरी जिल्लाको मटिहानी नगरपालिकामा भएको आगलागी पश्चात् २ वटा स्नेह केन्द्र २०२४ मे महिनादेखि सञ्चालन गरेको थियो। उक्त स्नेह केन्द्रबाट विशेष आवश्यकता भएमा महिला जस्तै गर्भवती, सुत्केरी

महिला, किशोरी, हिंसा प्रभावित महिला, आर्थिक रुपले विपन्न महिला, अपाङ्गता भएमा महिला तथा बालबालिका र किशोरिहरुका लागि अत्यावश्यक सेवा जस्तै मनोविमर्शसेवा, आवास तथा पोषणयुक्त खाना, डिग्निटी किट, प्राथमिक उपचार सेवा जस्ता सेवाहरु प्रदान गर्नुका साथै विपद् प्रभावित क्षेत्रहरुमा लैङ्गिक हिंसा जोखिम न्युनिकरण तथा रोकथामका लागि विभिन्न विषयगत अभिमुखिकरण कार्यक्रमहरु पनि सञ्चालन गरिएको थियो । यस क्रममा जम्मा १६१ जना महिला विपद्को बेलामा हिंसामा परेको तथ्याङ्क ओरेकमा दर्ता भएका छन् ।

### ४.४.१ हिंसाका प्रकार


विपद्का बेला घटेका कुल १६१ घटना मध्ये ८३ प्रतिशत (१३३ वटा) घरेलु हिंसाका घटना रहेका छन् भने १२ प्रतिशत (२० वटा) यौन दुर्व्यवहारका र ५ प्रतिशत अर्थात आठ वटा समाजिक हिंसाका घटना रहेका छन् ।




**चार्ट नं.४.४ १:** हिंसाका प्रकार

### ४.४.२ प्रभावितको उमेर:


विपद्को अवस्थामा सबै उमेर समूहका महिलालाई हिंसा भएको देखिन्छ । विपद्को बेलामा हिंसमा परेका जम्मा १६१ जना महिला तथा बालिका मध्ये ३१ प्रतिशत (५० जना) २६ देखि ३५ उमेर समूहका रहेका छन् । त्यस्तैगरी, ३६ देखि ४५ उमेर समूहका २० प्रतिशत (३२ जना), १८ देखि २५ उमेर समूहका २४ प्रतिशत (३८ जना) र १८ वर्ष भन्दा मुनीका १३ प्रतिशत (२१ जना), ४६ देखि ५५ उमेर समूहका ८ प्रतिशत (१३ जना), र ५६ वर्ष र सो भन्दा माथि उमेर समूहका ४ प्रतिशत (७ जना) महिला तथा किशोरी हिंसामा परेको पाइएको छ ।




**चार्ट नं. ४.४.२:** प्रभावितको उमेर

### ४.४.३ आरोपितसँगको सम्बन्ध:


हिंसामा परेका प्रभावित र पीडकको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा सबै भन्दा बढी ७० प्रतिशत (११२ जना) महिला आफ्नै श्रीमान्बाट हिंसामा परेको र बाँकी रहेको १४ प्रतिशत (२२ जना) आफ्नै परिवारका सदस्यबाट, ७ प्रतिशत (११ जना) अपरिचित व्यक्तिबाट, ४ प्रतिशत (७ जना) छिमेकीबाट, २ प्रतिशत (४ जना) समुदाय सदस्यबाट र १/१ प्रतिशत (२/२ जना) प्रेमी र साथी र १ जना अविवाहित तर विवाहित जसरी सँगै बसेको व्यक्तिले गरेको पाइएको छ ।




**चार्ट नं. ४.४.३ :** प्रभावित र आरोपितसँगको सम्बन्ध

### ४.४.४ वैवाहिक अवस्था:


प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा हिंसाबाट प्रभावित महिलामध्ये ६५ प्रतिशत (१०५ जना) विवाहित महिला रहेको पाइएको छ । त्यसैगरी, १४ प्रतिशत (२२ जना) अविवाहित, विवाहित तर सँगै नबसेको १३ प्रतिशत (२१ जना), ४ प्रतिशत (६ जना) एकल/विधवा महिला, ३ प्रतिशत (५ जना) पारपाचुके गरेका, १ प्रतिशत (२ जना) अविवाहित तर सँगै बसेको तथ्याङ्क देखाउँदछ ।




**चार्ट नं. ४.४.४:** प्रभावित महिला र वैवाहिक स्थिती

## ४.४.५ पेशागत अवस्था:


अभिलेख गरिएको तथ्याङ्कका आधारमा विपद्को बेला हिंसामा पर्ने सबै भन्दा बढी महिला कृषि तथा पशपालनमा संलग्न रहेको पाइएको छ । संख्यात्मक हिसाबमा हेर्ने हो भने ४३ प्रतिशत (६९ जना) कृषि तथा पशपालन गरिरहेका, २७ प्रतिशत (४३ जना) घरायसी काम, ११ प्रतिशत (१८ जना) दैनिक ज्यालादारी काममा, ९ प्रतिशत (१४ जना) विद्यार्थी, ४ प्रतिशत (७ जना) घरेलु कामदार, २/२ प्रतिशत ३ जना जागिर खोज्दै गरेका र २ जना सामान्य व्यापार व्यवसाय गर्दै गरेका साथै १ प्रतिशत निजि जागिर गर्दै गरेका महिला हिंसामा परेको पाइएको छ ।





**चार्ट नं. ४.४.५:** प्रभावित महिला र पेशा

### ४.४.६ शैक्षिक अवस्था:

हिंसा प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल १६१ जना प्रभावित मध्ये ७३ प्रतिशत (११७ जना) साक्षर र २७ प्रतिशत (४४ जना) निरक्षर महिलाहरु हिंसामा परेको पाइएको छ। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४७ प्रतिशत (५५ जना), माध्यमिक शिक्षा पुरा गरेका ३६ प्रतिशत (४२ जना), स्नातक तह र सो भन्दा माथि अध्ययन गरेका ६ प्रतिशत (७ जना), प्राविधिक शिक्षा ५ प्रतिशत (६ जना) र प्रौढ शिक्षा हासिल गरेका ६ प्रतिशत (७ जना) महिलाहरु माथि हिंसा भएको छ।





**चार्ट नं. ४.४.६:** प्रभावित महिला र शैक्षिक स्थिती




**चार्ट नं. ४.४.७:** प्रभावित महिला र शैक्षिक स्थिती


### ४.४.७ जात/जातीयता :

हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ४० प्रतिशत (६५ जना) पहाडे दलित, ३७ प्रतिशत (६० जना) बाह्मण क्षेत्री पहाडे, १७ प्रतिशत (२८ जना) पहाडे जनजाति, २/२ प्रतिशत (३/३ जना) बाह्मण क्षेत्री तराई र तराई दलित रहेका छन् भने १/१ प्रतिशत (१/१ जना) तराई जनजाति र अन्य जातिका रहेका छन् । यसबाट हिंसा सबै जात र जातिमा व्याप्त छ र महिला भएकै कारण यस किसिमका हिंसाबाट प्रभावित छन् भन्ने कुराको पुष्टि पनि हुन्छ ।




**चार्ट नं. ४.४.८:** प्रभावित महिला र जातियता

हिंसाका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका असर परेको पाइएको छ । धेरै जसो महिलालाई बहु प्रकारका असर परेका कारण १६१ जना महिलामा ९० प्रतिशत (१४५ जना)लाई मानसिक असर, ८० प्रतिशत (१२९ जना) आर्थिक, ७८ प्रतिशत (१२६ जना) समाजिक र ७६ प्रतिशत (१२३ जना) लाई शारीरिक असर परेको पाइएको छ ।




**चार्ट नं. ४.४.९:** प्रभावित महिलालाई परेको असर

## निष्कर्ष

जलवायू परिवर्तन र यसले पारेको नकरात्मक प्रभावको कारण हरेक वर्ष प्राकृतिक प्रकोपको त्यसले निम्त्याएको विपद्को प्रभाव बढ्दो छ । यसले विपन्न तथा संरचनात्मक रुपमा पछाडि पारिएको वर्गको सुरक्षा र जीवन थप जोखिममा परिरहेको छ । प्रकोप अवस्य पनि प्राकृतिक हो तर त्यसवाट सिर्जित विपद्को असर सामाजिक तथा पर्यावरणीय अन्यायको परिमाणहरु हुन् जसले संरचानात्मक रुपमा असमान प्रभाव पार्दछ । त्यसकारणले विपद् र यसको परिणाम राजनीतिक मुद्दा हो ।

विपद्को समयमाा हिंसामा परेका महिलाहरूको विश्लेषणले समाजमा हिंसाको संरचना र विविधतालाई प्रकट गरेको छ । विपद्को बेला घर परिवार र समाजिक सङ्कट तथा तनावले अन्य समय भन्दा महिला हिंसामा वृद्धि भएको देखिन्छ । त्यसैले, विपद्का समयमा हुने महिला हिंसा र अधिकारको हनन्को समस्या केवल व्यक्तिगत नभई संरचनागत समस्या हो भन्ने स्पष्ट हुन्छ । यस तथ्याङ्कमा पनि अरु समयमा जस्तै सबैभन्दा बढी विवाहित महिलाहरू जोखिममा छन् भन्ने देखाउँछ । त्यस्तै, कृषि क्षेत्रमा संलग्न महिलाहरूमा हिंसाको उच्च दरले ग्रामीण क्षेत्रमा विपद्को बेलामा आर्थिक स्थिति अझ कमजोर हुने अवस्था देखिन्छ भने कतिपय परिवारहरु विपद्को

बेलामा विस्थापित भएका हुन्छन् र अन्ततः सुरक्षित आश्रयको अभावमा थप हिंसाको जोखिममा पर्ने गर्छन् । त्यसैले, विपद्का बेलामा महिलालाई लक्षीत गरी अस्थायी शिविरमा सुरक्षित स्थानको तत्काल व्यवस्था मिलाउन आवश्यक छ ।

अर्कोतिर, विपद्का समयमा धेरैजसो आधारभूत सेवाहरु (बाटो, सञ्चार) अवरुद्ध हुँदा र त्यस समयमा सरकारको ध्यान उद्दार, राहतमा बढी केन्द्रीत हुने हुँदा महिलाको न्यायिक पहुँचमा समेत ढिलासुस्ती भएको देखिन्छ । त्यसैले, विपद्का बेला कानूनी प्रक्रिया र पीडितमैत्री सहायता सेवाको अभाव थप सक्रियताका साथ २४ सै घण्टा उपलब्ध गराउन र सो बारेमा जानकारी समुदायमा दिन आवश्यक छ ।

विपद्को समयमा हुने हिंसाले महिलालाई बहुपक्षीय असर पारेको देखिएको छ । त्यसैले, विपद् प्रतिकार्यका कार्यक्रममा राहत, उद्दारका साथै मनोवैज्ञानिक परामर्श तथा सहायता, कानूनी सहयोग, राहत सामाग्रीको उपलब्धता, महिला मैत्री सुरक्षित आश्रय स्थलको निर्माण तदारुकताका साथ गर्नु पर्ने आवश्यकता देखिन्छ । त्यस्तै, यस अवस्थामा राज्य, समाज र अन्तर्राष्ट्रिय निकायहरुले सामूहिक प्रयास गर्नुपर्ने आवश्यकता छ । यसका लागि विपद् व्यवस्थापन कार्यमा खटिने टोलीकमा महिला प्रतिनिधिको सहभागिताको साथै महिला हिंसाको रोकथाम तथा प्रतिकार्यका लागि विशेष कार्ययोजना बनाउन र कार्यान्वयन गर्न आवश्यक रहेको देखिन्छ । जसमा महिलामैत्री सुरक्षित आश्रय स्थल, कानूनी पहुँचको सुनिश्चितता र महिलामैत्री सेवाहरु तत्काल उपलब्ध गराउन पर्ने देखिन्छ । अन्ततः विपद्को समयमा सरकारको नीति तथा कार्यक्रम वितरणमुखी नभई दिर्घकालिन नीतिगत सुधार कायम गर्न सक्षम र रुपान्तरणरकारी हुनुपर्दछ ।

## ४.५ सञ्चार अनुगमन

ओरेक नेपालले राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । तथ्य-तथ्याङ्क सहित प्रमाणमा आधारित  पैरवी ओरेकले सुरुदेखि नै गर्दै आएको हो र अहिले पनि निरन्तर छ । सञ्चार एक महत्वपूर्ण माध्यम हो जसले सामाजिक महत्वका मुद्दाहरु पैरवी गर्नका लागि सम्बन्धित निकाय र सरोकारवालाहरू बीच पुऱ्याउने काम गर्दछ । त्यसैले ओरेक नेपालले सञ्चार माध्यमसँग सँधैं नजिक रहेर सहकार्य गर्दै आएको छ । यो अनुगमन यसैको एउटा उदाहरण हो ।


यस समयमा सञ्चार माध्यमबाट सार्वजनिक भएका समाचारहरुबाट कुल २७० वटा महिला हिंसाका घटनाहरु ओरेकले दस्तावेजिकरण गरेको छ । ओरेकले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेका भएतापनि घटना दोहोरिन नदिन तिनलाई यस विश्लेषणमा समावेश गरिएको छैन ।

पत्रपत्रिका तथा सञ्चार माध्यममा आउने घटनामा विस्तृत विश्लेषण गर्न खण्डीकृत तथ्यगत विवरण नहुने हुँदा ती घटनाहरुका आधारमा पुग्दो विश्लेषण गर्न सकिएको छैन । यद्यपि सञ्चार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको प्रदेशगत वर्तमान अवस्था र हिंसाको प्रकृतिलाई मात्र विश्लेषण गरिएको छ ।

### ४.५.१ प्रदेशगत विवरण

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका मध्ये ओरेकले विश्लेषण गरेका जम्मा २७० हिंसामा सबै भन्दा बढी २८ प्रतिशत (७५ वटा) हिंसाका घटना सम्बन्धी समाचार कोशी प्रदेशमा भएको पाइएको छ भने दोस्रोमा बागमती प्रदेशमा २२ प्रतिशत (६० वटा) र १३/१३ प्रतिशत (३६/३६ वटा) घटना लुम्बिनी र मधेश प्रदेशबाट प्रकाशित भएको पाइएको छ । यसैगरी, ९ प्रतिशत (२३ वटा) गण्डकी प्रदेश, ८ प्रतिशत (२१ वटा) कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा ७ प्रतिशत (१९ वटा) महिला तथा बालिका माथि भएका हिंसाका घटना सम्बन्धी समाचार आएको तथ्याङ्कले देखाएको छ ।

तसर्थ, महिला र बालिका माथि हिंसाका घटना सञ्चार माध्यममा विभिन्न क्षेत्रहरूमा भिन्न प्रतिशतमा रिपोर्ट भएका छन् । कोशी र वागमती प्रदेशमा बढी रिपोर्टिङ भएको देखिए पनि अन्य प्रदेशहरूमा घटना घटेको वा घटना घटेको भएता पनि रिपोर्टिङ को कमी हुन सक्ने सम्भावना छ । यसलाई ध्यानमा राख्दै, सातै प्रदेशमा हिंसाका घटनाहरूको रिपोर्टिङ प्रणालीलाई सुदृढ गर्नु पर्ने आवश्यक देखिन्छ ।





**चार्ट नं ४.५.१ :** पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति

## ४.५.२ हिंसाका प्रकार

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका स्वरूपहरूमा बलात्कारका समाचार, हत्या, हत्या प्रयास, यौन दुर्व्यवहार, मानव बेचबिखन, सामाजिक हिंसा, घरेलु हिंसा, आत्महत्याका घटना सम्बन्धी र साइबर अपराधका घटना प्रकाशन भएका छन् ।

यस वर्षमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा सबैभन्दा धेरै बलात्कारका समाचार प्रकाशन भएका थिए । कुल २७० वटा घटना मध्ये ४४ प्रतिशत (११९ वटा) बलात्कार सम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी, ३२ प्रतिशत (८७ वटा) हत्या, ३ प्रतिशत (७ वटा) हत्याको प्रयास, ४ प्रतिशत (११ वटा ) घरेलु हिंसा, ३ प्रतिशत (नौं वटा) मानव वेचविखन, ३ प्रतिशत (८ वटा) समाजिक हिंसा, ३/३ प्रतिशत (७/७ वटा) आत्महत्या र अन्य, २ प्रतिशत (६ जना) साइबर क्राइम र १/१ प्रतिशत मानव वेचविखनको प्रयास र बलात्कार पश्चात हत्या गरेको हिंसाका घटना सञ्चार माध्यम मार्फत सार्वजनिक भएका छन् जसको विवरण सहित निम्न चार्टमा प्रस्तुत गरिएको छ ।




**चार्ट नं ४.५.२ :** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको प्रकार

अत : मिडियाको रिपोर्टिङबाट यो प्रष्ट हुन्छ कि बलात्कार र हत्या महिला हिंसाका चरम रूप हुन्, जसले समाजमा व्यापक चासो र आक्रोश उत्पन्न गर्छ र मिडियाले यी घटनालाई प्राथमिकतामा राखेर रिपोर्ट गर्ने गरेको देखिन्छ । यस अवस्थाले गर्दा एकातिर महिला हिंसा विरुद्ध जागरूकता अभिवृद्धि गर्न मद्दत पुऱ्याएको छ र न्याय प्राप्तिका लागि दबाब सिर्जना भएको दखिन्छ । तर, अर्कोतिर जनमानसमा महिलाका अन्य मुद्दा जस्तै, घरेलु मुद्दा सबैको समस्या हो भनेर यसको गम्भीर्यताको बारेमा जनमानसमा छलफल गर्ने, चासो लिने अवस्था अझै नभएको देखिन्छ ।


# परिच्छेद ५

## (क) पीडकको पृष्ठभूमि

लैङ्गिक हिंसाका घटनाहरूको अध्ययनमा पीडकको पृष्ठभूमि बुझ्नु अति महत्वपूर्ण छ। यसले हिंसाको मूल स्रोत र कारणहरू पहिचान गर्न मद्दत गर्छ। पीडकको पृष्ठभूमि जस्तैः– उमेर, शिक्षा, पेसा, आर्थिक अवस्था, परिवारिक सम्बन्ध, र सांस्कृतिक मान्यताहरूलाई अध्ययन गर्दा हिंसाका कारण र तिनको उद्गम स्थल प्रष्ट हुन्छ। हिंसाको जडमा रहेका यी सामाजिक, आर्थिक, र सांस्कृतिक पक्षहरूको अध्ययनले पीडकको हिंसात्मक व्यवहारको मूल कारण पत्ता लगाउन मद्दत पुऱ्याउँछ। त्यस्तै, यस्तो अध्ययनबाट समाजको मानसिकता र दृष्टिकोण समेत प्रष्ट हुन्छ। पीडकहरूको पृष्ठभूमिबाट समाजमा रहेका लैङ्गिक असमानता, हिंसात्मक प्रवृत्ति, र व्यवहारजन्य समस्याहरूको झल्को पाइन्छ। यसले समाजमा गढेर बसेको पितृसत्तात्मक सोच, लैङ्गिक विभेद, र भेदभावपूर्ण व्यवहारलाई पनि उजागर गर्छ । हिंसामा संलग्न धेरैजसो पीडकहरू हिंसात्मक वातावरणमा नै हुर्किएका हुन्छन्, जसले उनीहरूको हिंसा प्रति सकारात्मक दृष्टिकोण बनाउन सक्छ। यो बुझाइले हिंसाको पुनरुत्पादन चक्र तोड्न बाल्यकालदेखि नै लैङ्गिक समानता र अहिंसा सम्ब्न्धी चेतनामूलक सामाग्री प्रसारणलाई बढावा दिनु पर्ने आवश्यकता देखाउँछ। यी उद्देश्यहरु लिएर ओरेकले अघिल्लो वर्षहरु जस्तैः यस वर्ष पनि सङ्कलन भएका तथ्याङ्कहरुको समग्रमा देखिएका पीडकहरुको छुट्टै विश्लेषण गरेको छ।

## ५.१.१ संख्या र लैङ्गिक विवरण


यस वर्ष अभिलेखीकरण गरिएका कुल १३९३ घटनामध्ये १ हजार ४४५ आरोपितको विवरण स्पष्ट खुलेको छ। जसमध्ये ८५ प्रतिशत (१२३१) घटनामा हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ भने बाँकी हिंसा गर्नेमा १५ प्रतिशत (२१४ जना) महिला रहेका छन्। जसको विवरण निम्न बमोजिम तल प्रस्तुत गरिएको छ। यसले महिलामाथि हुने हिंसाको मुख्य स्रोत पुरुष नै रहेको पुष्टि गर्दछ। त्यस्तै, यस तथ्याङ्कले हिंसा केवल पुरुषद्वारा गरिने मात्र होइन, समाजमा केही हदसम्म महिलाद्वारा महिला विरुद्ध हिंसा भएको देखिन्छ, जसले महिला हिंसाको विविधता र जटिलतालाई प्रकट गर्दछ।




**चार्ट नं. ५.१.१:** लैङ्गिक विवरण

### ५.१.२ प्रदेशगत विवरण


महिला हिंसाका पीडकको प्रदेशगत विवरण हेर्ने हो भने यी नेपालका सात ओटै प्रदेशमा रहेका छन् । जसमध्ये सबै भन्दा बढी कोशी प्रदेशमा हिंसा भएको र सोही अनुसार पीडक पनि कोशीबाट नै बढी रहेका छन् । कुल १४४५ पीडक मध्ये ४२ प्रतिशत (६१० जना) कोशी प्रदेशबाट रहेको तथ्याङ्कले देखाएको छ । त्यस्तैगरी, २२ प्रतिशत (३१६ जना) मधेश प्रदेश, १० प्रतिशत (१३८ जना) बागमती प्रदेशबाट, गण्डकी प्रदेशबाट १ प्रतिशत अर्थात दश जना, लुम्बिनी प्रदेशबाट आठ प्रतिशत (११५ जना), कर्णाली प्रदेशबाट १३ प्रतिशत (१९४ जना), सुदुरपश्चिमबाट ४ प्रतिशत (६० जना) र २ जना विदेशबाट रहेका छन् (एक जना भारत र एक जना क्यानडा) । गण्डकी र सुदूरपश्चिममा ओरेकको पहुँच पर्याप्त मात्रामा हुन नसकेकोले सो प्रदेशहरुबाट पीडित तथा प्रभावित र पीडक दुवैको तथ्याङ्क आउन नसकेको देखिन्छ र यस विषयमा आगमी वर्षमा सुधार गर्न आवश्यक छ ।




**चार्ट नं : ५.१.२ :** प्रदेशगत विपरण

## ५.१.३ उमेर

महिला हिंसा र पीडकको उमेरलाई मुख्य गरी छ वटा समूहमा वर्गीकरण गरिएको छ। माथिको चार्टमा उल्लेख भए बमोजिम महिला हिंसामा संलग्न पीडक वा आरोपितको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेर समूहले २८ प्रतिशत (४१० जना) महिला माथि हिंसा गरेको पाइएको छ। त्यसैगरी, २८ प्रतिशत (४०० जना) पीडक ३६ देखि ४५ उमेरका, १५ प्रतिशत (२२० जना) १८ देखि २५ वर्ष साथै १५ प्रतिशत (२१० जना) ४६ देखि ५५ वर्ष उमेर समूहका रहेका छन्। यसले युवा पुस्तामा  तथा आर्थिक र शारीरिक रुपमा सवल पुरुष तथा महिलाहरुले हिंसाको घटना बढी घटाएको देखाउँछ र यसले समाजमा सामाजिक, मानसिक र सांस्कृतिक कारणहरूको पुनः विश्लेषणको आवश्यकता छ।  त्यसैगरी, ५५ वर्ष उमेर भन्दा माथिका आरोपित ४ प्रतिशत (६० जना) रहेको पाइयो भने १८ वर्ष मुनिका आरोपित १ प्रतिशत (२० जना) र ९ प्रतिशत १२५ जना पीडकको उमेर समूहको नखुलेको पाइएकोले तथ्याङ्क सङ्कलनलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ।





**चार्ट नं. ५.१.३ :** पीडकको उमेर समूह

## ५.१.४ शिक्षा


महिला हिंसा र पीडकको शैक्षिक अवस्था पहिचान गर्ने उद्देश्यले यस वर्षको घटनालाई अध्ययन र विश्लेषण गरिएको छ। जस अनुसार साक्षर र निरक्षर गरी दुई समूहमा विभाजन गरिएको छ। जसलाई निम्न बमोजिम व्याख्या गरिएको छ।

यस वर्षको अभिलेखीकरणबाट सबैभन्दा बढी मात्रामा साक्षर व्यक्तिले नै हिंसा गरेको पाइएको छ। जसको संख्या ८० प्रतिशत (११५५ जना) रहेको छ भने ११ प्रतिशत (१६५ जना) निरक्षर रहेको र ९ प्रतिशत (१२५ जना) को भने शैक्षिक अवस्था पहिचान खुल्न सकेको छैन। त्यस्तै, साक्षरताको अवस्था विश्लेषण गर्दा ४९ प्रतिशत (५६७ जना) आधारभूत शिक्षा हासिल गरेको, ३४ प्रतिशत (३९६ जना) ले माध्यमिक शिक्षा, १५ प्रतिशत (१७२ जना) ले स्नातक तह, १ प्रतिशतले प्राविधिक शिक्षा र ५ जनाले प्रौढ शिक्षा हासिल गरेका छन्। तसर्थ, साक्षर व्यक्तिहरूको उच्च संलग्नताले यो देखाउँछ कि शिक्षा मात्र महिला हिंसा रोक्नको लागि पर्याप्त अवस्था होइन रहेछ। यसले समग्रमा शैक्षिक सुधार, सामाजिक चेतना अभिवृद्धि र मानसिकता तथा व्यवहारको

परिवर्तनको आवश्यकता औंल्याउँछ । हिंसा रोकथामको लागि औपचारिक शिक्षा, कानूनी शिक्षा र सामाजिक जिम्मेवारीका कार्यक्रमहरू थप प्रभावकारी र लक्षित हुने गरी सञ्चालन गर्न आवश्यक छ ।





**चार्ट नं : ५.१.४ :** शैक्षिक अवस्था




**चार्ट नं : ५.१.५** पीडकको साक्षरताको अवस्था

## ५.१.५ वैवाहिक स्थिति


पीडकको वैवाहिक अवस्था हेर्दा ७० प्रतिशत (१०१६ जना) विवाहित व्यक्तिले महिला माथि हिंसा गरेको पाइएको छ । त्यसैगरी, १९ प्रतिशत (२७२ जना) अविवाहित, १ प्रतिशत (१९ जना) विवाहित तर सँगै नबसेका, ०.०७ प्रतिशत (१ जना) एकल, ०.२८ प्रतिशत (४ जना) अविवाहित तर सँगै बसेका, ०.३५ प्रतिशत (५ जना) पारपाचुके गरेका छन् । ९ प्रतिशत (१२८ जना) को पहिचान खुल्न नसकेका हिंसाका आरोपित वा पीडक रहेका छन् किनभने कतिपय पीडकले अपरिचित महिला विरुद्ध आफ्नो बल प्रयोग गरी हिंसा गरेका छन् ।




**चार्ट नं. ५.१.६:** वैवाहिक अवस्था

### ५.१.६ जात/ जातियता

यस वर्षको अभिलेखीकरणबाट सबैभन्दा बढी मात्रामा पहाडे ब्राह्मण/क्षेत्रीबाट महिला माथि हिंसा भएको देखिन्छ। जसलाई संख्यात्मक रूपमा हेर्दा ५३ प्रतिशत (७६३ जना) पहाडे ब्राह्मण/क्षेत्री, ८ प्रतिशत (११३ जना) पहाडे दलित, ७ प्रतिशत (९६ जना) तराई आदिवासी जनजाति, ६/६ प्रतिशत (८२/८१ जना) पहाडे आदिवासी जनजाति र तराई मधेशी अन्य जाति, ५ प्रतिशत (७८ जना) तराई बाह्मण/क्षेत्री, ३ प्रतिशत (३९ जना) तराई दलित, २ प्रतिशत (३० जना) मुश्लिम समुदायका व्यक्तिहरू रहेको पाइएको छ। त्यसैगरी, ११ प्रतिशत (१६३ जना) आरोपितको पहिचान खुल्न सकेको छैन।





**चार्ट नं. ५.१.७:** जात/जातीय विवरण

## ५.१.७ पेसा व्यवसाय

महिला माथि हुने हिंसा र पीडकको पेसाको विश्लेषण गर्दा कृषि तथा पशुपालनमा संलग्न भएकाहरू ४० प्रतिशत (५८१ जना) रहेको पाइएको छ। महिला माथि ज्याला मजदुरी गर्नेबाट २० प्रतिशत (२८२ जना) दैनिक ज्याला मजदुरीमा संलग्न व्यक्तिबाट  हिंसा भएको छ। त्यस्तै, १७ प्रतिशत (२१७ जना) घरायसी काममा संलग्न, ५ प्रतिशत (६७ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, २/२ प्रतिशत (२९ जना, २३ जना, २८ जना) सरकारी सेवा, विद्यार्थी र गाडी चालकको काम गर्दै गरेकाबाट महिला माथि हिंसा भएको पाइएको छ।



साथै, ४ प्रतिशत (६० जना) वैदेशिक रोजगारमा गएका, १/१ प्रतिशत (१९ जना र ७ जना) जागिर खोज्दै गरेका र गैह्र सरकारी सेवा र १८ जना निजि क्षेत्रमा संलग्न देखिन्छ। ५ प्रतिशत पेसा थाहा नभएकाबाट महिलाहरु हिंसामा परेको तथ्याङ्कले देखाएको छ र यो अवस्था कतिपय पीडिकहरु अपरिचित भएकोले गर्दा पनि भएको हो।




**चार्ट नं. ५.१.८ :** पेसागत अवस्था

## निष्कर्ष

पीडक र पीडित तथा प्रभावितका बीचको नजिकको नातासम्बन्धले उनीहरूको सामाजिक र आर्थिक अवस्था समान रहेको देखाउँछ । हिंसाको घटनामा परिवार र नजिकको समाजकै संलग्नता हुनुले समाजमा हिंसा रोकथामको चुनौती झनै जटिल बनाएको छ। परिवार तथा समाजमा आधारित संरचनाहरूले हिंसालाई एक सामान्य सामाजिक अभ्यासको रूपमा पुनःउत्पादन गरिरहेको हुन सक्छ । साथै, यसले घर भित्रै हिंसाको स्रोत हुने कारणले समाजका मूल्य, परम्परा, र सोचमा परिवर्तनको आवश्यकता औंल्याउँछ । पीडकहरूमा १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरू न्यून रहेको तथ्यले हिंसा व्यवहार उमेरसँगै सिकिने गरिन्छ भन्ने संकेत गरेको छ। यसको अर्थ बालबालिकाले परिपक्व हुँदै जाँदा परिवार र समाजको प्रभावले हिंसात्मक व्यवहारलाई आन्तरिकिकरण गर्दा रहेछन् । यसले सानैदेखि हिंसा रोकथामका लागि सामाजिक शिक्षाको महत्वलाई पुष्टि गर्छ र परिवार, समाज तथा शैक्षिक संस्थाहरूमा यसबारे सकारात्मक सोच र लैङ्गकि भूमिका बारेमा विद्यार्थीहरुलाई सजग गराउनु पर्ने आवश्यकता देखिन्छ ।

अन्वेषीमा प्राप्त तथ्याङ्कहरु हेर्दा यो वर्ष पीडकहरूमा सबैभन्दा बढी कृषि तथा पशुपालनमा संलग्न रहेका छन् भने पीडितहरू मुख्यतया घरायसी काममा संलग्न छन् । यसले लैङ्गिक भूमिका र घर परिवारमा यसले पारेको कामको विभाजनलाई स्पष्ट रूपमा देखाउँछ, जसमा पुरुषहरूलाई आर्थिक उपार्जनमा संलग्न हुने विविध पेशा र महिलाहरूलाई घरेलु कार्य तथा सेवामुलक काममा सीमित गराइएको देखिन्छ । यसरी  समाजमा महिला र पुरुषका आर्थिक अवसर र भूमिकामा असमानता देखिएकाले महिलाहरूको हिंसामा पर्ने सम्भावना बढेको हुन सक्छ । अन्तत : समाजमा हिंसाको जरो गहिरो रूपमा गाढिएको देखिन्छ, र यो संरचना पीडक र पीडित दुवैका भूमिका र सामाजिक अपेक्षाहरूले बलियो बनाएको छ । यस कारण, हिंसा रोकथामका लागि सामाजिक तथा सांस्कृतिक संरचनात्मक परिवर्तन, समानता र न्यायमा पहुँचको सुनिश्चितता कायम गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद ६

## ६.१ हिंसा प्रभावितलाई उपलब्ध गराएको सेवाको विवरण

### ६.१.१ सुरक्षा आवास र सेवा

सुरक्षित आवास भनेको हिंसा प्रभावित बालिका वा महिलालाई सुरक्षा र सशक्तीकरण प्रदान गर्ने थलो हो । कुनै पनि प्रकारको हिंसा भएपछि प्रभावित व्यक्तिले परिवार वा समाजमा सहजै बस्न नसक्ने वा कठिनाइ महसुस गर्ने, जीउ ज्यानको सुरक्षा महसुस नगरेको वा न्याय पाउन कठिनाई भएको अवस्थाको सामना गर्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा, सुरक्षित आवासले हिंसा प्रभावित व्यक्तिको सुरक्षा साथै सर्वोत्तम हितलाई प्राथमिकतामा राख्दै उनीहरुलाई आवश्यक सम्पूर्ण सेवा उपलब्ध गराउँछ । सुरक्षित आवासमा बस्दा प्रभावितहरूले आफूलाई सुरक्षित महसुस गर्न सक्छन् । यो थलोमा सशक्तीकरणका विभिन्न गतिविधिहरूमा समावेश हुन पाउँदा, उनीहरूको आत्मविश्वासमा वृद्धि हुन्छ र आफूलाई सशक्त महसुस गर्न सक्छन् ।  यसले उनीहरूलाई हिंसाका प्रभावहरूबाट मुक्त गर्न र पुनः आत्मनिर्भर जीवन बिताउन मद्दत पुऱ्याउँछ ।


ओरेकको अभियानमा सुरक्षित आवास सेवा एउटा महत्वपूर्ण सेवा हो । लैङ्गिक हिंसाविरुद्धको अभियानमा सुरुवातदेखि नै आफ्ना अभियानमा यस संस्थाले सुरक्षा आवासको व्यवस्थापन गरी हिंसा प्रभावित महिला तथा वालिकाहरूको सर्वोत्तम हितको सुनिश्चितताका लागि कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । हाल संस्थाले आफ्नै पहल तथा स्थानीय सरकार र अन्य गैह्रसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा ६ ओटा सुरक्षावास मार्फत अल्पकालीन सुरक्षा आवासको सेवा प्रदान गरिरहेको छ ।



हिंसा प्रभावित महिलाहरू विशेषतः सामाजिक र मानसिक रूपले आघात हुने र त्यसका कारण त्रसित हुने भएकाले उनीहरूलाई सुरक्षित आवासको निकै खाँचो हुन्छ । पीडकसँगै बसेर न्यायका लागि पहल गर्न असजिलो मात्र होइन, प्रभावितलाई जोखिमपूर्ण समेत हुने भएकाले हिंसा प्रभावितहरूका लागि सुरक्षित आवास सेवा निकै सुरक्षित र सहयोगी सिद्ध भएको छ । हिंसाको

संख्या बढ्दै र रुपमा परिवर्तन हुँदै आएको अवस्थामा हिंसा प्रभावित महिलाहरूले पनि खुलेर घटना दर्ता गर्ने र त्यसका लागि मद्दत माग्ने संख्या बढिरहेको छ भने प्रभावितहरुलाई उपलब्ध गराउनु पर्ने सेवा आगामी वर्षहरुमा पनि निरन्तरता दिइराख्नु पेर्न हुँदा यो सेवा लिनेको सङ्ख्यामा वर्षै पिच्छे बढोत्तरी हुँदै गएको छ। सुरक्षित आवास सेवाबाट हिंसा प्रभावित महिलाहरूका आवासका साथै अन्य उपयोगी विभिन्न विशेषज्ञ सेवाहरू जस्तै कानूनी उपचार सेवा, मनोपरामर्श सेवा पनि उपलब्ध हुँदै आएका छन् भने उनीहरूको पुनर्स्थापनाका लागि विविध प्रयासहरु ओरेकले गरिरहेको छ।

सुरक्षावास हिंसा प्रभावित व्यक्तिहरूका लागि बहुआयामिक सहयोगको महत्वपूर्ण थलो हो। सुरक्षावासको सेवाहरू केवल तत्काल सुरक्षित आवासमा मात्र सीमित छैन यसले कानूनी, आर्थिक, स्वास्थ्य र मनोवैज्ञानिक सहयोग समेत प्रदान गर्छ, जसले प्रभावितहरूको जीवनलाई नयाँ सुरुवात गर्ने सम्भावना दिन्छ। यसले दीर्घकालीन पुनःस्थापनामा सहयोग पुऱ्याउँछ र सामाजिक पुर्नस्थापनाको प्रक्रियामा योगदान दिन्छ। यो वर्षको तथ्याङ्क अनुसार ६ वटा सुरक्षावास २०२३ मा ९मोरङ, धनुषा, सुनसरी, उदयपुर, काठमाण्डौ, कैलाली) र ४ वटा २०२४ मा सुरक्षावास (मोरङ, धनुषा, सुनसरी, उदयपुर) मार्फत कुल १४४ जनाले सुरक्षा आवासको सेवा लिएका छन्।




**चार्ट नं. ६.१ :** संस्थाद्वारा सुरक्षित आवासमार्फत प्रदान गरिएका सेवाको विवरण

यसरी ओरेकले देशका विभिन्न शाखा मार्फत सञ्चालन गरेका सुरक्षा आवास सेवा लैङ्गिक हिंसा विरूद्धको अभियानमा निकै उपलब्धिमूलक भएको छ । विशेषगरी सुरक्षित आवासमा आश्रय पाएर हिंसा प्रभावितहरू थप जोखिमबाट बच्नुको साथै मनोविमर्श, स्वास्थ्य उपचारको सेवा र विभिन्न कानूनी परामर्श तथा कानूनी सहयोग पाउँदा प्रभावितहरूलाई हिंसा विरूद्ध आवाज उठाउनका लागि आत्मबल समेत मिलेको छ । पीडकसँगै बस्दा, आश्रयकै चिन्ताले पनि उनीहरू हिंसा विरूद्ध बोल्न डराएका हुन्थे भने सुरक्षित आवासमा उनीहरूले आफू माथि हुने हिंसाबाट उन्मुक्ति पाउने, उपलब्ध सेवा र आफ्नो अधिकार बारे बुझ्न समेत निकै सहज वातावरण मिलेको छ ।


यद्यपि सुरक्षित आवासको सञ्चालन निकै चुनौतिपूर्ण पनि देखिएको छ । पहिलो चुनौती विशेषतः पीडकहरूको दबाब, धम्की जस्ता व्यवहारले ओरेकका कर्मचारी साथै महिला मानव अधिकार रक्षकहरु निरन्तर जोखिममा छन् । दोस्रो, आर्थिक चुनौती पनि रहेको छ । जस अन्तर्गत प्रभावितहरू २४ सै घण्टा सुरक्षा आवासमा सेवा लिन आउन सक्ने भएकाले तत्काल उनीहरूका लागि आवश्यक पर्ने बन्दोबस्तीका सामानका लागि आर्थिक र अन्य चुनौती व्यहोर्दै आइएको छ । प्रभावितहरूसँग खाना तथा यातायात खर्च समेत नहुने भएकाले सुरक्षित आवासमा आउँदा तत्काल खाना उपलब्ध गराउनेदेखि सुरक्षावासबाट कहीं बाहिर यातायात चढ्नु पर्दा यातायात खर्च समेत दिनु पर्ने अवस्थाले थप आर्थिक भार परेको छ । तेस्रो, हिंसाका घटनाको कानूनी उपचारको प्रक्रिया लामो हुने भएकाले पनि प्रभावित लामो समयसम्म सुरक्षित आवासमा बस्नुपर्ने र कतिपय जिल्लाहरूमा सुरक्षित आवासको आफ्नै संरचना नहुँदा त्यसले व्यवस्थापनमा पनि चुनौती थपेको छ । यद्यपि तमाम चुनौतीहरूका बाबजुद पनि, ओरेकले आफ्नै पहल र अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा सुरक्षित आवासलाई प्रभावकारी रूपमा थप व्यवस्थित गरी  निरन्तर सञ्चालन गर्दै आएको छ ।

### ६.१.२ हटलाइन सेवामा आएका महिला हिंसाका घटना


हिंसा प्रभावित महिलाले आफू माथि भएका हिंसा बारे सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेक नेपालका हटलाइनमा महिलाले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ,

उपलब्ध सहयोगी संयन्त्रहरू जस्तैः कानूनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन् ।

यस वर्ष ओरेकका दुईवटा जिल्लामा हटलाइन सेवा मार्फत १३४ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए । हटलाइनको (१६६०-०१७८९१०) काठमाण्डौं र (१६६०-२१५२०००) मोरङ् नम्बर मार्फत् ओरेकको सम्पर्कमा आउने प्रभावित महिलाहरूमा ५६ प्रतिशत ७५ जना घरेलु हिंसा, १९ प्रतिशत (२५ जना) यौन हिंसा, ११ प्रतिशत (१५ जना) सामाजिक हिंसा, ३ प्रतिशत (४ जना) यौन दुर्व्यवहार, दुई प्रतिशत ३ जना काममा ठगी भएको १ जना बेचबिखनको र ९ प्रतिशत (१२ जना) लाई विभिन्न कारणले जस्तै गालीगलौच, चारित्रिक आरोप, फोन गरी धम्काउने जस्तो कुराले मानसिक तनाव हुने भएको कारणले हटलाइनमा सम्पर्क गरेका थिए । तसर्थ, यो तथ्याङ्कले देखाउँछ कि महिलाहरू विभिन्न प्रकारका हिंसाको सिकार भइरहेका छन् र सुरक्षित सहायताका लागि हटलाइन सेवामा सम्पर्क गरिरहेका छन् । यी तथ्याङ्कका आधारमा, हिंसाका प्रकार अनुसार विशिष्ट सेवा प्रदान गर्न र हिंसाको रोकथामका लागि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ ।




**चार्ट नं ६.२ :** हटलाइनमा आएका घटनाको जिल्लागत दर्ता विवरण




**चार्ट नं. ६.३ :** हटलाइन मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाका प्रकार

भाग ५

# परिच्छेद ८

## निष्कर्ष तथा सुझावहरु

### निष्कर्ष

महिला हिंसा विश्वव्यापी समस्या हो र नेपाली समाजमा पनि यो गहिरो संरचनागत समस्याका रूपमा रहेको छ। नेपालको कुल जनसंख्याको आधा प्रतिशत भन्दा बढी महिला भए पनि नेपाल पुरुष प्रधान देश हो। यहाँ महिलाले महिला भएकै कारणले प्राचीन कालदेखि नै घर तथा समाजमा विभिन्न हिंसाको सामाना गर्नु परेको छ। नेपाली समाजमा महिला माथि हुने हिंसाका स्वरूपहरू बहुआयामिक छन्। महिलाहरू व्यक्तिगत तहमा बलात्कार, हत्या, अपहरण, मानव बेचबिखन जस्ता गम्भीर अपराधको सिकार भइरहेका छन् । त्यस्तै, महिलाहरु आफ्नै घरमा समेत सुरक्षित छैनन् र सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएका छन्। साथै, महिलाहरु संस्कृति र परम्पराका नाममा युगौंदेखि पीडित हुँदै आएका छन्। दाइजोको निहुँमा गरिने हिंसा, हत्या, कुटपिट, दुर्व्यवहार, बोक्सी आरोपमा हुने कुटपिट, बहुविवाह आदि नेपाली समाजका महिला विरुद्ध हिंसाका स्वरुप हुन्।

लैङ्गिक विभेदमा आधारित हिंसालाई महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन सन्धिले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ भनी उल्लेख गरेको छ। नेपाली समाजमा महिला हिंसाको विकराल स्थिति कायम रहन विभिन्न कारक तत्वले भूमिका खेलेको छ। समाजमा महिला र पुरुष बीचको असमानता, परम्परागत सोच, र हानिकारक सामाजिक प्रथाहरूले महिला हिंसालाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। हाम्रो समाजमा अझै पनि पुरुषलाई महिलाभन्दा उच्च स्थानमा राख्ने पितृसतात्मक सोच हावी छ। महिलालाई पुरुष भन्दा कमजोर, अधीनस्थ र नियन्त्रण गर्ने मानसिकताले महिला हिंसा बढेको छ। समाजमा महिलालाई सम्पत्ति वा वस्तुका रूपमा हेर्ने प्रवृत्तिले हिंसालाई मलजल गरेको छ। त्यस्तै, समाजमा रहेका

कतिपय परम्परागत, धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान बनाएको छ । तर देशमा विद्यमान कतिपय कानूनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिंदैन । त्यस्तै, पुँजीवादी आर्थिक समृद्धिको तामझाम, विज्ञान र प्रविधिको विकाससँगै महिला माथि थप जटिल प्रकृतिका हिंसा वृद्धि हुँदै गएका छन् भने असमान शक्ति सन्तुलनका कारण महिलाहरू आर्थिक स्रोत उपभोगमा, यौनिकतामा नियन्त्रण र कानूनी र नीतिगत संरचनागत अवरोधहरू भोगिरहेका छन् ।

महिला विरुद्ध हुने हिंसाले प्रायः महिलालाई व्यक्तित्व विकास र प्रगतिमा मात्रै रोकेको छैन । यसले परिवार र सिङ्गो समुदायको सामाजिक, आर्थिक र राजनैतिक विकासमा समेत क्षति पुऱ्याएको छ । महिला हिंसाको कारणले स्वास्थ्य क्षेत्रमा खर्च बढिरहेको हुन्छ भने प्रहरी, अदालत र सामाजिक कल्याणका क्षेत्रहरूको समय, श्रम र स्रोतको खर्चमा वृद्धि गराएको छ । अतः महिला विरुद्ध हुने हिंसाले नेपालको लैङ्गिक समानता हासिल गर्ने दिगो विकासको लक्ष्यलाई समेत नकरात्मक असर पारेको छ ।

यद्यपि, नेपाली समाजमा मौनताको संस्कृति छ । हिंसा पश्चात पीडक भन्दा बढी पिडित डर, त्रास र अभावमा बस्नुपर्ने बाध्यता रहेको छ । पिडितहरु आत्म निर्भर नभएको तथा आर्थिक स्थिति कमजोर भएको अवस्था, सामाजिक लाञ्छनाको डर, छोराछोरीको भविष्यको चिन्ता, सेवामा पहुँच नभएको, पिडकको दबाब आदिले हिंसाको उजुरी गर्ने भन्दा चुप लागेर बस्ने गरेका छन् ।

नेपालमा हालसम्म पनि महिला माथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकिकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्र नै छैन । यस अवस्थालाई मध्यनजार गर्दै विगत १५ वर्षदेखि ओरेकले ‘ अन्वेषी’ को नियमित प्रकाशन गर्दै आएको छ । ओरकको अनुभवमा महिलाका लागि सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिला सशक्तिकरण भएका स्थानमा महिला माथि हुने हिंसाका घटनाहरू बढी अभिलेखिकरण हुने गरेका छन् । घटना बाहिर आउनु भनेको प्रभावितहरू न्यायिक प्रक्रियामा जानु हो । महिलाहरूलाई सुरक्षित वातावरण सिर्जना गरेर तथा न्यायमा पहुँच सुनिश्चित गरेर मात्रै हिंसा विरुद्धको मौनतालाई तोड्न सकिन्छ । यस वर्ष अन्वेषीमा उपलब्ध भएका तथ्याङ्कले महिला हिंसा सम्बन्धि समाजमा रहेको बुझाइलाई चुनौती दिंदै केही तथ्यलाई पुष्टि गरेको छ , जुन निम्न प्रकारको रहेको छ :

- महिला विरुद्ध हुने लैङ्गिक हिंसाका स्वरुपमा सबैभन्दा बढी मानसिक हिंसा, सामाजिक बहिष्करण र आर्थिक श्रोतसाधनबाट बञ्चितिकरण हुने गरेको छ ।
- नेपाली समाजमा महिला हिंसा विरुद्ध मौनताको संस्कार रहेको छ । पीडित तथा प्रभावितहरुले हिंसा सहेरै बस्ने गरेका छन् । हिंसाको घटना भन्दा उजुरी अभिलेखिकरणको संख्यामा धेरै कम छ । यद्यपि, घरेलु हिंसाको उजुरी सबैभन्दा बढी अभिलेख भएको हिंसा हो । पत्रपत्रिकामा भने सबैभन्दा बढी हत्या र यौन हिंसाका घटना अभिलेख भएका छन् ।
- महिलाको जन्म अघिदेखि नमरुञ्जेलसम्म उनीहरुको जीवनकालमा विविध हिंसा भोग्न परेको छ । १८ वर्ष भन्दा मुनिका बालिकाहरु यौनजन्य हिंसाको जोखिममा रहेका छन् ।
- महिला विरुद्धको हिंसाको क्रुर रुप हत्या हो । दलित महिलाहरुको हत्याको संख्या धेरै छन् र उनीहरु माथि थप सामाजिक हिंसा हुने गरेको छ ।
- मानव बेचबिखन महिला विरुद्धको संगठित अपराध हो । यसका पीडित प्रभावितमा धेरै अशिक्षित र जनजातिका महिलाहरु रहेका छन् । दलित तथा आदिवासी महिलाहरू जातीय र लैङ्गिक भेदभावको दोहोरो सिकार हुने गरेका छन् ।
- विवाहित महिला सबैभन्दा बढी हिंसा प्रभावित रहेका छन् । कम उमेरमा विवाह गर्ने किशोरीहरु समेत बढी हिंसाको जोखिममा रहेको देखिन्छ ।
- नेपाली समाजमा हाल विवाह नगरी जोडीहरु सँगै बस्ने गरेका छन् तर नेपालमा यस अवस्थालाई निर्देशित गर्ने कानून व्यवस्थाको अभाव छ । यस्ता सम्बन्धमा महिला हिंसा हुँदा प्रभावितलाई न्यायको खोजीमा सामाजिक साथै कानूनी चुनौतीको सामाना गर्नुपरेको छ ।
- महिला हिंसाका घटना बढी अभिलेख गर्ने पीडित प्रभावित शिक्षित र पहाडे ब्राह्मण तथा क्षेत्री रहेका छन् जसको राज्यको सेवामा अन्य जाति भन्दा सहज रहेको छ ।
- अधिकांश महिलाहरु, बालिका तथा किशोरीहरु आफ्नै घरमा, छिमेकमा परिचित व्यक्तिहरुबाट यौन हिंसाका सिकार भएका छन् ।
- घरेलु काम र कृषि तथा पशुपालनमा संलग्न महिलाहरु महिला हिंसाको जोखिममा रहेका छन् भने अधिकांश पीडितहरु कृषि तथा पशुपालनमा संलग्न रहेको देखिन्छ ।
- कार्यस्थलमा महिला हिंसा बढिरहेको अवस्था छ । आर्थिक उर्पाजन गर्ने महिलाहरु कम हिंसाको जोखिममा भएपनि महिला मानव अधिकार रक्षकहरु हिंसाको थप जोखिममा रहेका छन् ।


- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरु कार्यस्थलका साथै सबैभन्दा बढी घरेलु हिंसाको जोखिममा रहेका छन् । यसले श्रमिक महिलाको दोहोरो हिंसाको जोखिमलाई देखाएको छ ।
- अधिकांश महिला हिंसा प्रभावितले सबैभन्दा बढी सामाजिक हिंसा महसुस गरेका छन् र त्यसपछि मानसिक हिंसाबाट भएको क्षति रहेको छ ।
- १८ वर्षभन्दा कम पुरुषहरु महिला हिंसामा कम संलग्न रहेको देखिन्छ । बढ्दो उमेरसँगै पीडकको संख्या बढेको छ । यौनजन्य दुर्व्यवहारका पीडकमा वयस्क उमेरका पुरुषहरु छन् भने अधवैंशे महिलाहरू पनि यसबाट पीडित हुन्छन् ।
- नेपालमा हानिकारक परम्परागत अभ्यासहरु अझै समाजमा रहेका छन् । जसमा,
- ग्रामीण भेगमा रहेका ४६ वर्ष भन्दा माथिका महिलाहरुलाई बोक्सीको आरोपमा हुने हिंसाको जोखिम रहेको छ ।
- बालविवाहका घटनाहरुको स्वरुप बदलिदो छ । धेरैजसो किशोरकिशोरीहरु भागिविवाह गरिरहेका छन् । त्यस्तै, तराईमा कम दाइजो दिनुपर्छ भनेर बालविवाह भैरहेका छन् ।
- बहुविवाहलाई कानूनले निषेधित गरेको भए पनि यो समाजमा व्याप्त रहेको छ ।
- छोरीलाई शिक्षा दिनु भन्दा छोरीलाई दाइजो दिनु नेपाली समाज तथा घरपरिवारले प्राथमिकतामा राखेको छ । दाइजोका निहुँमा हुने हिंसाको पीडक ज्यादातर शिक्षित परिवार रहेका छन् । दुलाहाको शिक्षाको स्तर अनुसार दाइजोको माग हुने गरेको छ ।
- विपद्को अवस्थामा महिलाहरु लैङ्गिक हिंसाको थप जोखिममा रहेका  हुन्छन्, त्यसैले विपद् उद्दार तथा प्रतिकार्यमा लैङ्गिक हिंसाका सयन्त्रलाई अन्य अत्यावश्यक सेवा जस्तै प्राथमिकतामा राख्न आवश्यक छ ।

## ७. समग्र तथ्याङ्कको सारांश :

यस वर्ष संकलित तथ्याङ्कहरुले लैङ्गिक हिंसा विरुद्धको यथार्थ तथ्य चित्रण गरेको छ जसलाई तल विस्तृत व्याख्या गरिएको छ :

### ७.१ प्रदेश अनुसार महिला माथि भएको हिंसाको स्थिति

यस वर्ष सङ्कलित तथ्याङ्क अनुसार सातै वटा प्रदेशमा महिला माथि भएका हिंसाका घटना देखाइएको छ भने केही विदेशमा घटेका हिंसा पनि अभिलेख भएका छन् ।




**चार्ट नं ७.१ :** प्रदेश अनुसार महिलामाथि भएको हिंसाको स्थिति

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा कोशी प्रदेशमा जम्मा ३९ प्रतिशत (५४५ जना), मधेश प्रदेशमा २२ प्रतिशत (३०८ जना), बागमती प्रदेशमा १० प्रतिशत (१४० जना), लुम्बिनी प्रदेशमा ८ प्रतिशत (११३ जना), गण्डकी प्रदेशबाट जम्मा २ प्रतिशत (२३ जना), कर्णाली प्रदेशमा १५ प्रतिशत (२०२ जना), र सुदूरपश्चिम प्रदेशमा ४ प्रतिशत (५३ जना) महिला माथि हिंसा भएको पाइएको छ । यस बाहेक पनि अन्य ठाँऊ (भारतका विभिन्न स्थान र अन्य देश) बाट जम्मा ९ जना अर्थात १ प्रतिशत महिला माथि भएका विभिन्न प्रकारका हिंसाका घटना ओरेकमा अभिलेख गरिएको छ ।


ओरेकले यस वर्ष पनि आफ्नो सम्पर्कमा आएका र संस्थाको पहुँचमा रहेका स्थान र क्षेत्रमा धेरै घटनाहरू अभिलेख गरेको छ । यही आधारमा यसको वर्गीकृत तथ्याङ्क निकालिएको हुँदा, बागमती र गण्डकी र सुदूरपश्चिम प्रदेशमा महिला हिंसा कम हुने, कोशी प्रदेश तथा मधेश प्रदेशमा बढी हुने भन्ने कुराको पुष्टि यहाँ उल्लेख गरिएको तथ्याङ्कले गर्न सक्दैन । संस्थाको कार्य क्षेत्रको आधारमा सङ्कलन भएका तथ्याङ्क यहाँ उल्लेख गरेको हुँदा र कोशी प्रदेशको मोरङ, उदयपुर र

सुनसरीमा ओरेकको उपस्थिति नियमित, निरन्तर लामो समयदेखि रहेको हुँदा यहाँको तथ्याङ्क अन्य प्रदेश भन्दा बढी भएको हुन सक्छ । यसैगरी मधेश प्रदेशको धनुषा, सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, लुम्बिनी प्रदेशको दाङ र बागमती प्रदेशको काठमाडौंमा सुरक्षित आवास समेत संस्थाले सञ्चालन गरिरहेका कारण सेवा लिनेहरू यस क्षेत्रमा बढी भएकाले हिंसाका घटना धेरै अभिलेख भएको हुन सक्ने संस्थाको अनुमान हो र यसलाई सकारात्मक रूपमा लिनु जरुरी छ ।

तथ्याङ्कले प्रदेशगत अवस्थामा महिला हिंसाहरुको घटनाहरु केही प्रदेशमा विकराल रुपमा रहेको देखिन्छ । जस्तैः कोशी प्रदेशमा घरेलु हिंसा, वैवाहिक बलात्कार, मानव बेचबिखन र दाइजो प्रथाका घटना धेरै दर्ता भएका छन् । त्यस्तै, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा सामाजिक हिंसा मुख्यतः दाइजो प्रथा जसले गर्दा दाइजोका, बालविवाहका घटनाको उच्चतम दर, बोक्सीको नाममा हुने हिंसा, हत्या धेरै देखिएको छ भने लुम्बिनी प्रदेशमा भारतसँगको खुला सिमाना अनुसार मानव बेचबिखनका घटना धेरै रहेको देखिन्छ । बागमती प्रदेशमा यौन दुर्व्यवहारको घटना, घरेलु हिंसा धेरै देखिएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा “छाउपडी“ प्रथा, बाल विवाह र घरेलु हिंसा उच्च अनुपातमा देखिएको छ । अतः यी अवस्थाले प्रदेश सरकारहरुले प्रदेश स्तरीय निति तथा कार्यक्रम निर्माण गर्दा आफ्नो प्रदेशमा विकराल रुपमा रहेका हिंसालाई न्यूनिकरण गर्न महिला हिंसा विरुद्धको तथ्याङ्कलाई विश्लेषण गरी आफ्ना कार्ययोजना बनाउन आवश्यक छ ।

## ७.२ महिला हिंसाको स्वरुप

यस वर्ष जम्मा १३९३ को महिला हिंसा घटना अभिलेखिकरण भएको छ । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिला माथि भएका हिंसालाई व्यक्तिगत, घरेलु र सामाजिक स्तरमा हुने हिंसा भनी विश्लेषण गरिएको छ । जसमा बलात्कार, बलात्कार प्रयास, वैवाहिक बलात्कार, यौन दुर्व्यवहार, हत्या, हत्याको प्रयास, घरेलु हिंसा, मानव वेचविखन, मानव बेचबिखनको प्रयास, बालविवाह, बहुविवाह, दाइजोको निहुँमा हुने हिंसा, बोक्सीको आरोपमा हुने हिंसा, जातीय छुवाछुतको हिंसा, महिला मानव अधिकार रक्षक विरुद्धको हिंसा, मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक विरुद्धको हिंसा र अन्य रहेका छन् ।




**चार्ट नं.७.२:** महिलामाथि भएका हिंसाका प्रकारको अवस्था

माथिको तथ्याङ्कको विश्लेषण गर्दा सबै भन्दा बढी ६५ प्रतिशत (९११ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ। त्यस्तै गरी, १३ प्रतिशत (१८५ जना) महिलालाई बलात्कार र यौन हिंसा, ६ प्रतिशत (७७ जना) लाई मानवबेचविखन, ३ प्रतिशत (३९ जना) माथि बहुविवाह, २/२ प्रतिशत (२८ जनालाई दाइजोका कारण हिंसा गरिएको, २३ जनाको बालविवाह र २३ जनामाथि यौन दुर्व्यवहार), १ प्रतिशत (११ जना) लाई बोक्सीको आरोप लागेको, ०.३६ प्रतिशत (५ जना) को हत्या र ०.२९ प्रतिशत (४ जना) को हत्याको प्रयास र ६ प्रतिशत (८७ जना) माथि अन्य किसिमका हिंसा गरिएका घटना अभिलेख भएका छन्।



महिला माथि हुने गरेका हिंसाका विभिन्न स्वरूपलाई हेर्दा यस वर्ष पनि अघिल्लो वर्ष झैं महिलाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रभावित भएका छन्। घरेलु हिंसामा महिला माथि सबैभन्दा बढी आफ्नै श्रीमान्बाट र परिवारका सदस्यहरूबाट हिंसा भएको पाइएको छ। यस तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरू सबैभन्दा बढी घर भित्रै र आफ्ना भनिएका व्यक्तिहरूबाट नै असुरक्षित छन् भन्ने कुराको पुनः पुष्टि भएको छ। समाजमा महिला तथा किशोरी र बालिकालाई हेर्ने विभेदकारी दृष्टिकोण कायमै रहँदा महिलाहरू माथि हुने हिंसा विशेषगरी घरेलु हिंसालाई निजी र


नितान्त घर भित्रको मामिलाको रूपमा मात्र लिइएको छ, कानूनले घर भित्रको हिंसालाई दण्डनीय मानी कानूनी दायरामा ल्याएको डेढ दशक भइसक्दा पनि यसलाई निजी मामिलाका रुपमा हेर्ने दृष्टिकोण ज्युँका त्युँ छ र हालसम्म पनि गम्भीर सवालको रूपमा घरेलु हिंसा स्थापित हुन सकेको छैन । विवाह पूर्व छोरी परिवारको अधिनमा र विवाह पश्चात् महिला माथि श्रीमान्को अधिकार रहने पितृसत्तात्मक सोचका कारण महिलालाई घरपरिवार र श्रीमान्को सम्पत्ति वा वस्तुको रूपमा लिइन्छ र विभिन्न बहानामा उनीहरूको गतिशीलतामा नियन्त्रण गर्ने गरिन्छ। उनीहरूलाई घरपरिवार र श्रीमान्को नियन्त्रणमा राखी स्वःनिर्णयको अधिकारबाट समेत बञ्चित गरिन्छ। उनीहरूको न त सम्पत्ति माथि कुनै अधिकार हुन्छ, न त आफ्नै स्वःआर्जनमा । यस्तो अवस्थामा महिलाले आफ्नो हक-अधिकारका लागि अघि बढ्दा बाहिर काम गर्न निस्कदा र पैरवी तथा वकालत गर्ने गर्दा उनीहरू माथि हिंसाको जोखिम बढी हुने गर्दछ। मानिसको सुरक्षाका लागि घर परिवार नै सबैभन्दा महत्वपूर्ण सहयोगी संरचनाका रूपमा लिइन्छ तर महिलाका लागि घर र घरपरिवारका व्यक्तिहरूबाट नै बढी जोखिम हुनु महिला अधिकारको उपहास हो। घरपरिवारका सदस्यहरू नै हिंसामा जिम्मेवार हुने र घर भित्र हुने हिंसालाई निजी मामिलाको रूपमा हेर्ने प्रचलन अझै पनि कायमै छ। यस्ता हिंसालाई मानव अधिकार हननको सवालको रूपमा कमै मात्र हेरिन्छ। जसले गर्दा धेरै घटनाहरू हालसम्म पनि बाहिर आउन सकेका छैनन् ।

प्रभावितको आर्थिक, सामाजिक अवस्था : संयुक्त राष्ट्र संघको नेपाल राष्ट्रको लैङ्गिक विषय समूहको २०७३ को प्रतिवेदनले महिला तथा बालिका विरुद्ध हुने हिंसालाई “विश्वको सबैभन्दा व्यवस्थित तथा विस्तृत रुपमा फैलिएको मानव अधिकार उल्लंघनको रुपमा परिभाषित गरेको छ। यसले महिला तथा बालिकाको उमेर, जाति, सामाजिक, आर्थिक अवस्था, शारीरिक क्षमता, यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचान जे सुकै भएता पनि विश्वको प्रत्येक देशका महिला तथा बालिकाहरूलाई प्रभावित पारेको हुन्छ ” भनी परिभाषित गरेको छ। त्यसैले, अन्वेषीमा प्रभावितको आर्थिक, सामाजिक अवस्थाको खण्डीकृत विश्लेषण गरिएको छ।

### ७.३ उमेरगत अवस्था :

प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा जम्मा १३९३ वटा महिला हिंसाको घटनामा सबै भन्दा बढी महिला हिंसा २६ देखि ३५ वर्ष उमेर समूहका महिलालाई भएको र त्यसपछि १८ देखि २५ वर्ष उमेर समूहका रहेका छन् । यति मात्र हैन संस्थाले अभिलेख गरेको तथ्याङ्कका आधारमा यस

वर्ष प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा १८ वर्ष भन्दा मुनीका ११ प्रतिशत अर्थात (१४८ जना) समेत हिंसाबाट प्रभावित भएको पाइएको छ ।




**चार्ट नं.७.३ :** महिला हिंसा र उमेर समूह

माथिको तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी ३२ प्रतिशत (४४५ जना) २६ देखि ३५ वर्ष उमेर समूहका महिला माथि हिंसा भएको पाइएको छ । यस्तै गरी १८ देखि २५ वर्ष उमेर समूहका २७ प्रतिशत (३७८ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका २० प्रतिशत (२८२ जना), १८ वर्षभन्दा कम उमेर समूहका बालिका ११ प्रतिशत (१४८ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ७ प्रतिशत (९१ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका ३ प्रतिशत (४१ जना) उमेर समूहका थाहा नभएका १ प्रतिशत (८ जना) महिला कुनै न कुनै प्रकारको हिंसामा परेको पाइएको छ । उमेरको हिसाबले १८ देखि २५ वर्ष र २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरू बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । प्राप्त तथ्याङ्क अनुसार प्रजनन् र उत्पादनमूलक उमेरका सक्रिय महिला हिंसाको जोखिममा सबैभन्दा धेरै रहेको कुरा पुष्टि हुन्छ । यो उमेर समूहका अत्यधिक महिला घर बाहिरको काममा संलग्न हुने भएकाले पनि हिंसाजन्य घटनाबाट बढी जोखिममा परेको हुन सक्ने अनुमान गर्न सकिन्छ ।


अर्को तर्फ हेर्ने हो भने जुन हिसावले १८ देखि २५ वर्ष उमेरका महिला नेपाली समाजमा विवाह गर्ने उमेर समूहका भएकाले र विवाह पछि उनीहरू माथि श्रीमान्को नियन्त्रण रहने सम्भावना बढी भएकाले बढी हिंसा भएको हुन सक्दछ भने १८ वर्ष भन्दा कम उमेरका बालिकामा बलात्कार र यौन हिंसाका घटना बढी हुने गरेको पाइएको छ। त्यस्तै, ४६ वर्ष भन्दा माथिका महिलाहरुमा विशेषत: बहुविवाह र बोक्सीको नाममा हिंसा भएको देखिँदा उमेर बढेसँगै महिला हिंसाका स्वरुपहरु परिवर्तन भएको देखिन्छ। जन्मनु अघिदेखि महिलाहरुले हिंसा भोगिरहेकोमा उमेरसँगै हिंसा निरन्तर रुपमा विविध स्वरुपमा भोग्नु परेको देखिन्छ र यस किसिमका तथ्याङ्कले महिलाको जीवनचक्रमा हिंसाको स्वरुपलाई प्रस्तुत गरेको छ।

## ७.४ शैक्षिक अवस्था

महिला माथि हुने हिंसा र शिक्षाको स्थितिलाई हिंसा प्रभावितको शैक्षिक अवस्था र साक्षरताको अवस्थामा विभाजन गरी विश्लेषण गरिएको छ। हिंसा प्रभावित महिलाहरू मध्ये ७७ प्रतिशत (१०७३ जना) महिला साक्षर रहेका छन्।




**चार्ट नं.७.४:** महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाको परिणाम




**चार्ट नं ७.५:** महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाको परिणाम


हिंसामा परेका साक्षर महिलामध्ये ५२ प्रतिशत (५५४ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८) अध्ययन गरेका, ३५ प्रतिशत (३७२ जना) ले माध्यमिक तहसम्म अध्ययन गरेका, ६ प्रतिशत (६७ जना) ले स्नातक तह र सो भन्दा माथि, १ प्रतिशत (१४ जना) ले प्राविधिक शिक्षा अध्ययन गरेका छन् तथा ६ प्रतिशत (६६ जना) ले प्रौढ शिक्षा अध्ययन गरेका छन् । यसरी शिक्षित महिला माथि पनि हिंसा हुनुले हिंसा हुनुको कारक तत्व महिलाको शैक्षिक अवस्था भन्दा पनि पितृसत्तात्मक सोच तथा समाजिक दृष्टिकोण प्रमुख रहेको छ भन्ने पुष्टि गर्दछ । त्यस्तै, साक्षर महिला माथि हिंसा भएको तथ्याङ्कले निरक्षरको अवस्था के होला भन्ने कुराको सहज अनुमान गर्न सकिन्छ । कतिपय निरक्षर महिलाहरूलाई आफ्नो हक, अधिकार र कर्तव्यहरूको ज्ञान हुँदैन । यसले गर्दा हिंसा र दुर्व्यवहार सहनुपर्ने अवस्था रहेको छ र उनीहरु माथि हिंसाको जोखिम बढेको देखिन्छ ।



## ७.५ वैवाहिक स्थिति

महिलाहरूको वैवाहिक स्थिति जस्तो सुकै भएपनि सबै हैसियतका महिला माथि हिंसा हुने गरेको तथ्याङ्कले देखाएको छ । यस वर्ष अभिलेखीकरण गरिएका तथ्याङ्क मध्ये सबैभन्दा बढी विवाहित

महिला हिंसामा परेको पाइएको छ भने अविवाहित महिला, एकल महिला, विधवा, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका महिला, सम्बन्धविच्छेद गरेका र कानूनी र सामाजिक रीतिरिवाज अनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बस्दै आएका महिला माथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं ७.६:** महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम

यस वर्ष अभिलेखीकरण गरिएका तथ्याङ्क मध्ये सबैभन्दा बढी ७६ प्रतिशत (१०६५ जना) विवाहित महिला हिंसामा परेको पाइएको छ । १५ प्रतिशत (२०४ जना) अविवाहित महिला, ४ प्रतिशत (४९ जना) एकल महिला, ३ प्रतिशत (३९ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, ४ प्रतिशत (४९ जना) एकल महिला विधवा, एक प्रतिशत (७ जना) कानूनी र सामाजिक रीतिरिवाज अनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बस्दै आएका, २ प्रतिशत (२९ जना) सम्बन्ध विच्छेद (पारपाचुके) गरेका महिला माथि हिंसा भएको पाइएको छ ।


सामाजिक रूपले मान्यता प्राप्त विवाह संस्था भित्र आधाभन्दा बढी महिलाहरू आफ्नै जीवन साथीबाट हिंसाको मारमा पर्ने गरेको तथ्य यस तथ्याङ्कले देखाएको छ । विवाहित महिलाहरू माथि बढी हिंसा भएको तथ्याङ्कले विवाह संस्था प्रतिको विश्वास र मर्यादा माथि नै प्रश्न खडा गरेको

छ। विवाह पश्चात् महिला र पुरुष एक अर्काका सहयात्री भन्दा पनि महिलालाई दोस्रो दर्जाका रूपमा हेरिने रुढीवादी परम्परा र सामाजिक सोचले विवाह पछि आफ्नो श्रीमान्को अधिनमा रहनुपर्छ भन्ने धारणा समाजमा विद्यमान रहेको देखिन्छ।

त्यस्तै, विवाह पश्चात विवाहित सम्बन्ध रहेको अवस्थामा श्रीमान्सँग छुट्टिएर बस्दा महिलालाई उनका पतिले र सम्बन्धविच्छेद पश्चात पनि पूर्व पतिले हिंसा गरेको पुष्टि भएको छ भने एकल महिला मध्येका सबै भन्दा बढी पतिको मृत्यु पश्चात् महिलालाई पतिका नातेदारहरुले हिंसा गरेको देखिन्छ। त्यस्तै, अहिले बदलिदो नेपाली समाजमा कानूनी र सामाजिक रूपमा विवाह नभएका तर विवाहित सरह सँग सँगै बस्दै आएका महिलामाथि हिंसा भएका केही घटनाहरू बाहिर आउन थालेका छन्। तर लिभिङ रिलेसन (सँगैबस्ने सम्बन्ध) मा भएको हिंसाका घटनालाई समेट्ने खालको कानूनी प्रावधान नहुँदा हिंसा भएको अवस्थामा कहाँ जाने भन्ने अन्यौलता भएको र सामाजिक लाञ्छना जस्ता अवस्थाले घटनाहरू बाहिर ल्याउन निकै गाह्रो भएको छ। तसर्थ, बदलिँदो स्वरूपमा आएका महिला विरुद्धको हिंसालाई सम्बोधन गर्न र यस किसिमका हिंसाबाट हुने थप जोखिमलाई कमगर्न यस्ता प्रवृत्तिका हिंसालाई सम्बोधन गर्ने कानून तथा नीति-निर्माणमा राज्यको ध्यान जान आवश्यक छ।

### ७.६ जात/जातीयता

नेपाली समाजमा जातीय विभेद रहेको छ। महिलाहरुको समूहमा नै कोही कथित माथिल्लो जातिको र कोही तल्लो जातिको भने जातीय भेदभाव र छुवाछुत समाजमा कायमै रहेको छ। यद्यपि महिला हिंसा कुनै एक जात जातिमा मात्र सीमित नभएर सबै जातजातिमा विद्यमान रहेको देख्न सकिन्छ।





**चार्ट नं ७.७:** हिंसा प्रभावित महिलाको जात/जातियता

माथिको तथ्याङ्कले हिंसा प्रभावित कूल महिला मध्ये १८ प्रतिशत (२५३ जना) पहाडे ब्राह्मण/क्षेत्री, १६ प्रतिशत (२४२ जना) पहाडे आदिवासी जनजाति, १६ प्रतिशत (२२० जना) तराई मधेशी अन्य जाति, १५ प्रतिशत (२१३ जना) पहाडि दलित, १४ प्रतिशत (२०० जना) तराई आदिवासी जनजाति, १२ प्रतिशत (१६५ जना) तराई दलित, ४ प्रतिशत (५० जना) मुश्लिम, २ प्रतिशत (३३ जना) तराई ब्राह्मण/क्षेत्री, एक  प्रतिशत (१७ जना) अन्य जातिका महिला माथि हिंसा भएको पाइएको छ । यद्यपि, दलित महिलाहरु माथि धेरै हत्या, बलात्कार, जातिय भेदभाव जस्ता हिंसा देखिएको छ भने विपद्का समयमा धेरै महिला हिंसाका घटना यी जातिमा परेको देखिन्छ । त्यस्तै, तराई मधेशी, आदिवासी र दलितमा दाइजोको निहुँमा हुने हिंसा धेरै देखिएको छ । यस तथ्याङ्कले यो देखाएको छ कि, हिंसा भएको अवस्थामा कथित माथिल्लो जातिका र पहाडे महिलाहरु हिंसा विरुद्ध उजुरी गर्ने गरेको छन् भने कथित तल्लो जातका र मधेशका महिलाहरु हिंसा भए पनि त्यसलाई स्वीकार्ने वा जानकारीको अभाव, न्याय संयन्त्रमा पहुँचको अभाव, सामाजिक अपहेलना, आदिका कारणले घटना बाहिर ल्याउन सकिरहेका छैनन् ।

## ७.७ पेसा/व्यवसाय

संस्थामा यस वर्ष प्राप्त तथ्याङ्कमा सबैभन्दा बढी आफ्नै घरको काममा संलग्न भएका महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये कृषि तथा पशुपालन पेसामा संलग्न रहेका, घरयासी काम, दैनिक ज्यालादारी, विद्यार्थी, दैनिक ज्याला मजदुरी, निजी क्षेत्रमा संलग्न महिला रहेको पाइएको छ । त्यस्तै व्यापार-व्यवसायमा संलग्न, गैरसरकारी क्षेत्रमा कार्यरत र सरकारी सेवामा कार्यरत महिला माथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।





**चार्ट नं ७.८ :** महिलामाथि हुने हिंसा र पेसागत अवस्था

माथिको तथ्याङ्कलाई हेर्दा महिला र पेसाको आधारमा सबैभन्दा बढी घरायसी काममा संलग्न भएका ३७ प्रतिशत (५२० जना) महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरू मध्ये २५ प्रतिशत (३५० जना) कृषि पेसामा संलग्न रहेका, १३ प्रतिशत (१८५ जना) दैनिक ज्यालादारी मजदुरी, १२ प्रतिशत (१७१ जना) विद्यार्थी, ४ प्रतिशत (५९ जना), निजी क्षेत्रमा २ प्रतिशत (२१ जना), एक/एक प्रतिशत (१९/१९ जना गैरसरकारी सेवा र घरेलु कामदार, १३ जना जागिर खोज्दै गरेको र ९ जना सरकारी सेवामा संग्लन र अन्य पेशामा संलग्न २ प्रतिशत (२७ जना) महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।

प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गर्दा जो महिला प्रति दिन १८ घण्टा भन्दा बढी सेवामूलक निःशुल्क काममा संलग्न रहन्छन् तर महिलाले घरमा गर्ने सेवामूलक कामको मूल्याङ्कन छैन, यसलाई राज्यले पनि मान्यता नदिएको अवस्था छ, उनीहरू माथि नै हिंसाका घटना बढी हुनुले महिलाहरू आर्थिक रूपमा श्रीमान् तथा परिवारमा नै पूर्ण निर्भर बनाइएका छन् भन्ने तर्कलाई पुष्टि गर्दछ। यस्तै गरी हिंसा भए पश्चात् पनि आफू माथि भएको हिंसालाई बाहिर ल्याउँदा असुरक्षित भविष्य, बालबच्चाको पालनपोषण, शिक्षा दिक्षा र उनीहरूको भविष्य के हुन्छ भन्ने चिन्ताका कारणले पनि आफू माथि भएको हिंसालाई प्रभावित महिलाले दबाएर राख्ने गरेको पाइएको छ र अन्तिम विकल्पको रुपमा मात्र कानूनी संयन्त्रमा मद्दत माग्न आएको देखिन्छ। त्यस्तै, कृषि तथा पशुपालनमा संलग्न महिलाले केही आर्थिक उपार्जन गरेता पनि घरमा आर्थिक सहयोग, बचत गर्ने अवस्था नभएकोले उनीहरुको योगदानको कदर नभएको हुन सक्ने देखिन्छ। महिलाहरु घर बाहिर गएर आर्थिक उपार्जन गरे सँगै हिंसामा कमी आएको देखिन्छ। यद्यपि, सरकारी सेवामा रहेका महिलाले समेत हिंसा भोग्नु परेको देखिएकोले अन्य परिवारको सदस्यमा निर्भर रहेको महिलाले कतिसम्म हिंसा सहिरहेका होलान् भनी आङ्कलन गर्न सकिन्छ।

## ७.८ महिला हिंसाको र आरोपितसँगको सम्बन्ध

हिंसा प्रभावित महिलाहरू सबैभन्दा बढी परिचित व्यक्ति तथा परिवारका सदस्यबाट, प्रभावित भएका छन् भने ९ प्रतिशत (१२८ जना) अपरिचित व्यक्तिबाट हिंसा प्रभावित भएको छन्।




**चार्ट नं ७.९ :** हिंसा प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध

माथिको तथ्याङ्कमा हिंसा प्रभावित महिलाहरू सबैभन्दा बढी ३५ प्रतिशत (४८१ जना) श्रीमान्बाट हिंसा भोगिरहेका छन् । त्यसैगरी २५ प्रतिशत (३४९ जना) परिवारका सदस्यबाट, १३ प्रतिशत (१८४ जना) छिमेकीबाट, १० प्रतिशत (१३३ जना) महिलाले आत्मीय ठानेका साथी वा प्रेमीबाट, ९ प्रतिशत (१२८ जना) अपरिचित व्यक्तिबाट, ३ प्रतिशत (३६ जना) समुदाय सदस्यबाट, २ प्रतिशत (३२ जना) साथीबाट, । २ प्रतिशत (२८ जना) सेवा प्रदायक जस्तैः स्थानीय तहका प्रतिनिधि, प्रहरी, स्वास्थ्यकर्मीहरू र मुख्य हेरचाहकर्ताबाट, १ प्रतिशत (१७ जना) अविवाहित तर सँगै बसेका व्यक्तिबाट, ०.२२ प्रतिशत शिक्षकबाट र ०.१४ प्रतिशत २ जना मुख्य स्याहारदाता र रहेका छन् ।



यसरी तथ्याङ्कको आधारमा हेर्दा महिलाहरू नचिनेको व्यक्तिभन्दा आफ्नै नजिकका आफन्तहरू, घरपरिवारका सदस्यहरूबाट, छिमेक र चिनेजानेका व्यक्तिबाट नै बढी हिंसाको जोखिममा रहेको देखिन्छ । त्यसैले, महिलाहरू बढी मात्रामा चिनजान नभएका वा सम्बन्ध नभएका व्यक्तिहरूबाट हिंसामा पर्छन् भन्ने मान्यतालाई यसले गलत सावित गरेको छ र महिलाहरूको जोसँग नजिकको

सम्बन्ध छ वा जसले बढी माया गर्छ भन्ने महिलाहरूले सोच्दछन् वा विश्वास गर्दछन् त्यही व्यक्तिबाट उनीहरू माथि बढी हिंसा भएको यस तथ्याङ्कले पुष्टि गर्दछ। यसले महिलाले गर्ने विश्वासको दुरूपयोग वा विश्वास माथिको धोकाको रूपमा समेत व्याख्या गर्न सकिन्छ । यस तथ्यले महिलाहरू घर बाहिर भन्दा घर भित्र नै असुरक्षित रहेका छन्। यस अवस्थाले पितृसत्ताले महिलाको नियन्त्रण गर्न अवसर खोजिरहेको हुन्छ जुन उसले घर भित्र नै धेरै प्राप्त गर्दछ भन्ने पुष्टि गरेको छ। पितृसत्ताले महिलाको गतिशिलता भएमा निजलाई धेरै थाहा जानकारी हुने र महिला माथि आफ्नो पहुँच कम हुने गर्दा घर बाहिर महिला असुरक्षित छन् भन्दै घर बाहिर जान महिलालाई अनेक बन्देज लगाउने गर्दछन् भन्ने बुझाई सिर्जना गरेकोमा यस तथ्याङ्कले चुनौती दिएको छ।

## ७.९ प्रभावितलाई परेको असर

कुनै पनि हिंसाको एउटा मात्र असर नभएर बहु प्रकारका असर प्रभावितमा परेको माथि उल्लेखित तथ्याङ्कले देखाएको छ। हिंसाले प्रभावितको स्वास्थ्य, भावना, मनोविज्ञान, शारीरिक सुरक्षा र आत्मसम्मानमा समेत नकारात्मक प्रभाव पारिरहेको छ। यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलाहरूलाई सबैभन्दा बढी हिंसाको असर समाजिक रुपमा भएको पाइएको छ। यसैगरि उनीहरूलाई शारीरिक असर, मानसिक असर र आर्थिक असर समेत परेको पाइएको छ भने महिला माथि एक भन्दा बढी वा यी सबै खालका असर परेको तथ्याङ्कले देखाएको छ।

माथि उल्लेखित तथ्याङ्कको आधारमा हिंसाका कारण महिलाहरूलाई सबैभन्दा ९९६ जनालाई सामाजिक असर परेको पाइयो। ६५६ जनालाई आर्थिक असर, ५६६ जनालाई मानसिक असर, ४८८ जनालाई शारीरिक असर परेको पाइएको छ। यसका साथै ३७३ जनामा भने सबै किसिमका हिंसा भएको पाइएको छ। तसर्थ, लैङ्गिक हिंसाले प्रभावित महिलालाई मात्रै होइन उनीहरूका परिवारलाई, बालबालिकालाई, समाजलाई र अन्ततः देशलाई नै बहुआयामिक प्रभाव पारेको पाइएको छ।

समाजको गन्तव्य भने सदैव हिंसा अन्त्यको दिशामा हुनु आवश्यक छ। यसका लागि आजको समयमा महिला हिंसा नियन्त्रण गर्ने कार्यमा लाग्नु पर्छ। कुनै पनि समाजका राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक संस्कार र वातावरण सदियौंदेखि सिर्जित भएका हुन्छन् र तिनले समाजमा गहिरो जरा गाडेका हुन्छन्। परिणामतः समाजलाई परिवर्तन गर्न कठिन त हुन्छ नै, समय पनि लाग्छ। तर सही परिवर्तनका लागि कदम चाल्न हतोत्साही हुनु या समयसँगै समाजको परिवर्तन होला भनेर

पर्खेर बस्नु पनि उचित होइन । हर समय समाजको हरेक तह र तप्काबाट संरचनात्मक लैङ्गिक हिंसा र विभेदलाई बढावा दिइरहेको पूर्वाग्राही सामाजिक सोच तथा हानिकारक परम्परा विरुद्ध आवाज उठ्नु पर्छ र उठाइरहनु पर्छ । यसका लागि नेपाल सरकारका लागि हाम्रा सुझावहरु निम्न रहेका छन् :

## सुझावहरु

१. प्रभावित तथा पीडित केन्द्रित र महिलामैत्री कानून निर्माण र कार्यान्वयनको वातावरण केन्द्रदेखि स्थानिय स्तरसम्म व्यवस्था गर्नु आवश्यक छ । भइरहेका कानूनलाई लैङ्गिक अनुकूल बनाउँदै महिला हिंसा सम्बन्धी देवानी तथा फौजदारी कानूनको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक छ ।

२. नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धि सम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानूनहरूमा सोही अनुरूपको परिमार्जन गर्नु पर्ने र कानून कार्यान्वयनमा जोड दिन आवश्यक छ जस्तै, यौन दुर्व्यवहार सम्बन्धि कानून, घरेलु हिंसा सम्बन्धी कानून, बालविवाह सम्बनीध कानूनहरु तुरुन्त परिमार्जन गरियोस् ।

३. लैङ्गिक हिंसाको घटनामा कानूनमा रहेको मेलमिलापमा जोड दिने कानूनहरूको संसोधन गरी सो व्यवस्था हटाइयोस् । महिला विरुद्धका हिंसा, फौजदारी अपराध जस्तै, बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहारलाई गाउँस्तरमा मिलाउने सरकारका राष्ट्रसेवक लगायत अन्यलाई कानूनी कारबाहीको प्रावधान राखी कानून तर्जुमा गर्नु पर्छ ।

४. लैङ्गिक हिंसाको बदलिँदो हिंसाका स्वरूपहरुको बारेमा वृहत छलफलका गरी व्यापक रूपमा सञ्चालन गरी नयाँ कानूनहरु जस्तै सँगै बसेका जोडीको कानूनी हैसियत, साइबर कानून तर्जुमा गर्न आवश्यक छ ।

५. हानिकारक परम्परागत अभ्यास (जस्तै, बोक्सी प्रथा, दाइजो प्रथा, बालविवाह, छुवाछुत) आदि उन्मूलनका लागि कानूनी साथै दीर्घकालीन रोकथामका लागि अन्य रणनीति बनाउन आवश्यक छ । जस्तै, परम्परागत सोचलाई सुधार्नका लागि धार्मिक अगुवाहरू, सामुदायिक नेताहरू र शिक्षकहरूको सहयोगमा विशेष अभियान चलाउन आवश्यक छ ।

६. न्यायिक तथा सेवा प्रदायक संस्थाहरु जस्तै : सरकारी निकाय, प्रहरी कार्यालय, विभिन्न तहका अदालत, मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र अन्य सेवाप्रदायकलाई लैङ्गिक संवेदनशीलता, लैङ्गिकमैत्री व्यवहार, अधिकारमुखी अवधारणा,

प्रभावित केन्द्रित अवधारणा र स्वः हेरचाह सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्छ ।

७. लैङ्गिक समानता, महिला मानव अधिकार, महिला विरुद्धको हिंसा र यसका नकरात्मक असर बारेका शिक्षा विद्यालय स्तरको पाठ्यक्रममा अनिवार्य विषयको रुपमा समावेश गर्नुपर्छ ।

८. सरकारी निकाय जस्तै नेपाल प्रहरीले नागरिकसँग समन्वय जस्तै समुदायस्तरमा रहेका महिला समूहहरु, स्थानिय युवाहरु, नागरिक समाज, हिंसा रोक्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरियोस् ।

९. स्थानीय न्यायिक समितिले कानूनी सचेतना अभिवृद्धि गर्ने र पीडितको न्यायका लागि पहल कदमी लिनु आवश्यक छ । स्थानीय निकायलाई दिइएको घरेलु हिंसामा मेलमिलाप गराउने सक्ने अधिकारलाई खारेज गर्नु पर्ने र स्थानीय तहका पदाधिकारीहरूको आचारसंहिता २०७४ को परिच्छेद ३ अनुसार स्थानीय पदाधिकारीलाई सो बारे जानकारी गराउनु पर्छ ।

१०. महिला हिंसा सम्बन्धि सूचना तथा जानकारी  विभिन्न सञ्चारका माध्यमहरु जस्तै, रेडियो, टेलिभिजन, र सामाजिक सञ्जाल मार्फत हिंसा विरुद्धको सन्देश तथा प्रभावितलाई प्राप्त हुने सेवा सम्बन्धी जानकारी निरन्तर प्रवाह गरिनुपर्छ ।

११. सञ्चार माध्यमले महिलालाई निकृष्ट भाषामा सम्बोधन गर्ने समाचार सम्प्रेषण गर्न नहुने र गरेमा तिनलाई सजाय हुने व्यवस्था गरिनु पर्छ ।

१२. कानूनमा लेखिएको भएपनि घरेलु हिंसा तथा अन्य लैङ्गिक हिंसाका घटनाहरूलाई अनिवार्य मेलमिलापमा पठाउने प्रवृत्तिको अन्त्य गरिनुपर्छ ।

१३. महिला हिंसाको प्रभावितको लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन प्रणालीलाई स्थानीय स्तरसम्म पीडित प्रभावितको पहुँचमा लगिनुपर्छा । साथै, यस्तै व्यवस्था अन्य निकायहरुबाट समुदाय स्तरमा सहायत केन्द्रको रुपम स्थापना गरिनुपर्छ जसले गर्दा पीडित प्रभावित महिला कुनै सेवा प्रदायकसँग सेवा लिन जाँदा एकिकृत सेवा जस्तै, निःशुल्क मनोपरामर्श, स्वास्थ्य सेवा, कानूनी सहायता तथा प्रतिनिधित्व, आर्थिक सहयोग, निजमा निर्भर बालबालिकाको लागि सहयोग एकै ठाउँबाट लिन सकुन् ।

१४. महिला हिंसा विरुद्ध आधुनिक प्रविधिको प्रभावकारी प्रयोग हुन सक्ने सम्भावना छ । आपत्कालीन अवस्थामा महिलाहरूलाई मद्दत पुऱ्याउन र प्रहरी तथा अन्य सहायता सेवासम्म पुग्न सहज बनाउन मोबाइल एपहरू, हेल्पलाइनहरू र डिजिटल प्लेटफर्महरू

तुरुन्त सञ्चालन गर्न आवश्यक छ ।

१५. महिला हिंसा उजुरीको लागि हटलाइन सेवा २४ घण्टा सञ्चालन तथा सोबाट हिंसा सम्बन्धी प्रतिकार्य तुरुन्त हुने व्यवस्था गरिनु पर्छ ।

१६. महिला हिंसाका मुद्दाहरूलाई अदालतमा प्राथमिकताका साथ द्रुत न्याय दिलाउने व्यवस्था गरियोस् ।

१७. महिला हिंसा विरुद्ध उजुरी दिने महिला पीडीत/ प्रभावित तथा साक्षीहरुका गोपनीयता सुनिश्चित गरियोस् र त्यस्ता गोपनियता भङ्ग गर्ने व्यक्तिहरुलाई कडा सजायको व्यवस्था गरियोस् ।

१८. वडा, स्थानीय निकाय, प्रदेश तथा राष्ट्रिय स्तरमा रहेका सरकारी तथा गैह्रसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्वय गरी पीडितलाई आवश्यक सेवामा पहुँच सुनिश्चित गरियोस् ।

१९. हिंसाबाट प्रभावित महिला तथा निजमा आश्रित बालबालिकाका लागि दीर्घकालीन तथा अल्पकालीन सुरक्षित आवासका स्थापना स्थानीय निकाय अन्तर्गतको वडा स्तरमा गरियोस् ।

२०. महिला प्रहरीहरूको संख्या वृद्धि गर्दै महिला हिंसाका घटनाहरू प्रभावकारी रूपमा अनुसन्धान गर्ने वातावरण सिर्जना गरियोस् ।

२१. हिंसाको जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई तत्काल उद्दार, राहत तथा सुरक्षा प्रदान गर्न सुसासन प्रणालीको विकास गरियोस् ।

२२. महिला मानव अधिकारका बारेमा काम गर्ने सबै अधिकारकर्मी तथा सेवा प्रदायकको सुरक्षाको सुनिश्चित गर्न राष्ट्रिय रूपमा नीति बनाई प्रदेश तथा स्थानीय तहसम्म उत्तरदायी र जिम्मेवार संयन्त्र निर्माण गरियोस् ।

२३. समुदाय स्तरमा लैङ्गिक हिंसा रोक्न समुदायको महिलाहरुको अगुवाई तथा पुरुष र युवाहरुको संलग्नतामा सामुदायिक निगरानी समुहहरुको स्थापनामा जोड दिइयोस् ।



२४. हिंसा प्रभावित महिलाको पुनर्स्थापना सुनिश्चित गर्न निजको आवश्यकता अनुसार शिक्षा, तालिम, सिप विकास, आर्थिक सहयोग प्रदान गरियोस् ।

२५. महिलामाथि हुने हिंसाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना नेपाल सरकारबाट यथाशिघ्र गरियोस् ।

२६. महिलाविरूद्ध हुने भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीय तहदेखि केन्द्रिय स्तरसम्मका सबै संरचनाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।

# लैगिंक विभेदमा आधारित हिंसा घटना सङ्कलन फाराम
# ओरेक

| घटना संकलनकर्ताको नाम | आवद्ध संस्था | फोन नं | घटना संकलन गरेको मिति | घटना संकलन गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

**प्रभावित /पीडितको विवरण**

| कोड नम्बर : | जन्म मिति :<br>उमेर : | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक (खुलाउनुहोस्)<br>.................................. | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................... | **जातीयता**<br>ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम<br>अन्य (खुलाउनुहोस्)<br>......................... |
|---|---|---|---|---|

| **वैवाहिक स्थिति** | **यदि विवाहित हो भने** | **शैक्षिक अवस्था** | **यदि साक्षर हो भने** |
|---|---|---|---|
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेक ☐<br>पारपाचुके गरेको ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | विवाह हुदाँको उमेर<br>................... | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>........................................ |

| प्रभावित /पीडितको पेशा | | परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्) | |
|---|---|---|---|
| सरकारी सेवा………………<br>गैरसरकारी सेवा……………………<br>कृषि तथा पशुपालन……………….<br>दैनिक ज्यालादारी………… | घरायसी काम……………………<br>व्यापार र व्यवसाय…………….<br>विद्यार्थी…………………………<br>रोजगार खोज्दै …………………<br>अन्य……………………………… | सरकारी सेवा……………………..<br>गैरसरकारी सेवा…………………<br>कृषि तथा पशुपालन…………….<br>दैनिक ज्यालादारी………………………… | घरायसी काम……………………<br>व्यापार र व्यवसाय……………………<br>निवृत्ति भरण ……………………<br>अन्य…………………………………… |

| घटनाको विवरण | | | |
|---|---|---|---|
| घटना घटेको मिति : | घटनाको जानकारी दिएको मिति : | समय : | |
| **घटनाको किसिम** | | | |
| **घरेलु हिंसा**<br>शारीरिक हिंसा ☐<br>गालिगलौज ☐<br>चारित्रिक आरोप ☐<br>स्रोत सुविधानबाट बञ्चितिकरण ☐ | **यौनिक हिंसा**<br>बलात्कार ☐<br>सामुहिक बलात्कार ☐<br>बलात्कारको प्रयास ☐<br>यौन दुर्व्यवहार ☐ | मानव बेचबिखन ☐<br>मानव बेचबिखनको प्रयास ☐ | हत्या ☐<br>हत्याको प्रयास ☐ |
| **सामाजिक हिंसा**<br>कुटपीट ☐<br>गालिगलौज ☐<br>चारित्रिक आरोप ☐<br>स्रोत सुविधानबाट बञ्चितिकरण ☐<br>बालविवाह ☐ | आत्महत्या ☐ | अन्य खुलाउनुहोस् ………. | |

| **स्रोत सुविधानबाट बञ्चितिकरण*किसिममा (√) चिन्ह लगाउनुहोस्*** | | ***हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस्*** | |
|---|---|---|---|
| १) भौतिक (गास, वास, कपा ☐ | ६) सहभागिता ☐ | १) दाइजो प्रथा ☐ | ६) महिनावारीको समयमा अलग्याउनु वा छुट्टै राख्नु ☐ |
| २) संवेगात्मक (माया तथा हेरचाह) ☐ | ७) जन्मदर्ता ☐ | २) वालविवाह ☐ | ७) बहुविवाह ☐ |
| ३) शैक्षिक ☐ | ८) विवाह दर्ता ☐ | ३) योनी छेदन ☐ | ८) घुम्टो प्रथा ☐ |
| ४) जन्मदर्ता ☐ | ९) नागरिकता ☐ | ४) वोक्सीको आरोप ☐ | ९) भ्रुण पहिचान गरि गरिने गर्भपतन ☐ |
| ५) स्वास्थ्य सेवा ☐ | १०) अन्य ( खुलाउनुहोस्)...................... .. | ५) जबरजस्ती विवाह ☐ | १०) अन्य ( खुलाउनुहोस्)......................... .. |

घटनाका कारणहरु खुलाएर लेख्नुहोस् ..........................................................................................

| **घटना घटेको स्थान** | | |
|---|---|---|
| प्रदेश : | जिल्ला : | गाउँपालिका/नपा |

| **घटनास्थलको किसिम** | |
|---|---|
| १) घर ☐ | ६) जंगल ☐ |
| २) विद्यालय ☐ | ७) खेत ☐ |
| ३) कार्यस्थल ☐ | ८) सार्वजनिक सौचालय ☐ |
| ४) समुदायमा ☐ | ९) शिवीर वा सेल्टरमा ☐ |
| ५) बाटो ☐ | १०) सेवा केन्द्र ☐ |
| | ११) अन्य............................................... |

| आरोपित व्यक्तिको जानकारी | | | |
|---|---|---|---|
| **आरापित व्यक्तिको संख्या** | **प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?** | **प्रभावित /पीडितको आरोपित व्यक्तिसँगको सम्बन्ध** | |
| महिला ☐<br>पुरुष ☐<br>अन्य(खुलाउनुहोस्)<br>................ | १. छ ☐<br>२. छैन ☐<br>३. देखेपछि चिन्ने ☐ | श्रीमान् श्रीमति ☐<br>शारिरीक सम्बन्ध राखिरहेको/ राखिसकेको व्यक्ति ☐<br>छिमेकी ☐<br>मुख्य हेरचाहकर्ता ☐<br>गुरु चेला ☐<br>सेवाप्रदायक ☐<br>साथी<br>नजिकको साथी ☐ | सहायताकर्ता ☐<br>समुदायका सदस्य ☐<br>थाहा नभएको ☐<br>परिवारका सदस्य ☐<br>अन्य (खुलाउनुहोस्)<br>.......................... |

| आरोपित व्यक्तिको विवरण | | | | |
|---|---|---|---|---|
| **नाम :** | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक<br>............................ | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................................ | | जन्म मिति/ उमेर<br>: |
| **जातीयता** | **ठेगाना** | **शैक्षिक अवस्था** | **यदि साक्षर भए** | |

| | | | |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्) ...................... | प्रदेश :<br><br>जिल्ला :<br><br>गाउँपालिका/नपा : | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>...................................... |
| **वैवाहिक स्थिति** | **पेशा** | | |
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) ................. | सरकारी सेवा.............................<br>गैरसरकारी सेवा......................<br>कृषि तथा पशुपालन........................<br>दैनिक ज्यालादारी.................................<br>घरायसी काम......................... | | व्यापार र व्यवसाय....................<br>विद्यार्थी...................................<br>रोजगार खोज्दै ...........................<br>अन्य.......................................... |
| **आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)** | | | |
| | | | |

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)

| **घटनाको कानुनी पक्ष** | |
|---|---|
| **घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?** | **छ भने कसलाई ?** |

| | | | |
|---|---|---|---|
| छ ☐<br>छैन ☐ | प्रहरी/प्रशासन/अदालत ☐<br>साथी/इष्टमित्र ☐<br>गाँउले/छिमेकी ☐<br>गाउँपालिका/नगरपालिका ☐<br>परिवार ☐ | आफू काम गर्ने स्थान ☐<br>आरोपित को परिवार ☐<br>आरोपित का नातेदार साथी ☐<br>गैरसरकारी संस्था ☐ | महिला मानव अधिकार रक्षकहरु ☐<br>निगरानी समुह ☐<br>अन्य भए (खुलाउनुहोस्)<br>................................ |

| | | |
|---|---|---|
| **घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?** | **छ भने कसले (खुलाउनुहोस्)?** | **घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?** |
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | | छ ☐<br>छैन ☐<br>थहा छैन ☐ |
| **घटनासँग सम्बन्धित फोटो खिचेको छ ?** | **पीडितलाई परेको असर** | **पीडितको परिवारलाई परेको असर** |
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर ......................... | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर ......................... |

| |
|---|
| **अन्य दसी प्रमाण भए सो को विवरण ( घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्)** |
| |
| **घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् ।** |
| |

| **प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु** | | **संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा** | |
|---|---|---|---|
| १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ | १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ |
| २) कानुनी परामर्श ☐ | ६) अन्य केही भए उल्लेख गर्नुहोस् | २) कानुनी परामर्श ☐ | ६) जीविकोपार्जनमा सहयोग ☐ |
| ३) कानुनी सहयोग ☐ | | ३) कानुनी सहयोग ☐ | ७) अन्य केही भए उल्लेख गर्नुहोस् |
| ४) मनोपरामर्श ☐ | | ४) मनोपरामर्श ☐ | |

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

घटनाको पुर्ण विवरण कृपया सादा पाना थप गरी लेख्नुहोला ।

WOREC

**ओरेक**

पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय)

फ्याक्स : (९७७) -०१-५००६२७१,

इमेल : ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६०-०१-७८९१०

WOREC

About WOREC

अन्वेषी २०८१ पढ्नुहोस्

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

978-9937-9645-1-7